Citizens Bank

१८ औं

वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७९/७७

सञ्चालक समिति



राजन सिंह भण्डारी
अध्यक्ष



प्रकाश चन्द्र मैनाली
सञ्चालक
(सर्वसाधारण तर्फ)



विजय ध्वज कार्की
सञ्चालक
(सर्वसाधारण तर्फ)



सीता कार्की (के.सी)
सञ्चालक
(सर्वसाधारण तर्फ)



प्रबल जंग पाण्डे
सञ्चालक



सजन शर्मा
सञ्चालक



सुदेश खालिङ्ग राई
सञ्चालक

लेखापरीक्षक
के. के. बुढाथोकी एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्ट्स

राजेन्द्र लाल श्रेष्ठ
सहायक-प्रमुख कार्यकारी अधिकृत
कम्पनी सचिव

विषय-सूची

क्र.सं.	विषय	पृष्ठ संख्या
१.	चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना	१
२.	साधारण सभा सम्बन्धी अन्य जानकारी	२
३.	प्रोक्सी फाराम	५
४.	चौधौं वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन	७
५.	कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण	२१
६.	धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धी विवरण	२७
७.	लेखापरीक्षकको प्रतिवेदन	३०
८.	एकीकृत वित्तीय अवस्थाको विवरण (वासलात)	३५
९.	एकीकृत नाफा नोक्सान विवरण	३६
१०.	एकीकृत अन्य विस्तृत आम्दानीको विवरण	३७
११.	एकीकृत नगद प्रवाह विवरण	३८
१२.	एकीकृत इक्विटीमा भएको परिवर्तनको विवरण	४०
१३.	प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू	४४
१४.	बैंकको वित्तीय विवरणहरूका अनुसूचीहरू	६५
१५.	नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिका २०७६ को निर्देशन नं २० बुदा नं ९ सँग सम्बन्धी विवरण	१४६
१६.	नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिका २०७६ को निर्देशन नं ६ को बुदा नं १६ (च) सँग सम्बन्धी विस्तृत विवरण	१४६
१७.	ऋणपत्र जारी गर्दाको प्रक्षेपित विवरण र लेखापरिक्षण भएको विवरण बीचको तुलना	१४७
१८.	नेपाल राष्ट्र बैंकबाट प्राप्त लाभांश घोषणा र वितरण तथा वित्तीय विवरण प्रकाशन स्वीकृति पत्र	१५०
१९.	नेपाल राष्ट्र बैंकबाट प्राप्त स्वीकृति पत्रमा उल्लेखित निर्देशनहरू सम्बन्धमा बैंकको प्रतिक्रिया	१५१
२०.	बैंकको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको प्रस्तावित संशोधनको तीन महले	१५२

Citizens Bank



बचत सँगै जिन्दगीको नाता...

सिटिजन्स
संरक्षित बचत खाता

बिशेषताहरु:

- न्यूनतम मौज्दात रू. १,०००/-
- निःशुल्क चेक बुक
- निःशुल्क भिसा डेबिट कार्ड
- निःशुल्क मोबाईल तथा इन्टरनेट बैंकिङ्ग
- बैंकका विभिन्न सेवाहरूमा ५०% छुट
- नेपाल भरीका जुनसुकै ATM बाट पैसा निकाल्दा शुल्क नलाग्ने

थप जानकारीका लागि बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पूर्ण बैंकिङ्ग सुविधाका लागि TOLL FREE 1660-01-66667

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

नारायणहिटी पथ, काठमाण्डौं

को

चौधौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी

सूचना

मिति २०७७/०७/२८ गते बसेको सञ्चालक समितिको ३४७ औं बैठकले निर्णय गरे अनुसार यस बैंकको चौधौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं Webinar मार्फत उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सभा हुने मिति, स्थान र समय

सभा हुने मिति	:-	२०७७ साल मंसिर महिना २० गते (तदनुसार ५ डिसेम्बर, २०२०), शनिबार
स्थान	:-	बैंकको प्रधान कार्यालय रहेको भवन, नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौ (Webinar मार्फत सञ्चालन गरिने।)
सभा सुरु हुने समय	:-	बिहान ११:०० बजे

२. छलफलका विषयहरु :

क. साधारण प्रस्तावहरु

१. आ.व. २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने।

३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ३ प्रतिशतका दरले हुन आउने रु.२७,२६,९४,५१८.६९ बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७७/७८ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री के.के. बुढाथोकी एण्ड एसोसिएटस् चार्टर्ड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ।)

ख. विशेष प्रस्तावहरु

१. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ८ प्रतिशतका दरले हुन आउने रु. ७२,७१,८५,३८३.१८ बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

३. (क) बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने।
(क-१) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा।
(ख) बैंकको नियमावलीमा थप गर्ने।

(ख-१) नेपाल धितोपत्र बोर्डको मिति २०७७/०४/२२ को कोरोना बिमा सम्बन्धि निर्देशनको आधारमा पछि बैंकको साधारण सभाद्वारा अनुमोदन गर्ने गरी समितिका अध्यक्ष तथा सदस्यहरुको कोरोना बिमा लगायत रु.३,००,०००/- बराबरको पारिवारिक औषधी बिमा गर्ने सञ्चालक समितिको मिति २०७७/०५/२४ गते सम्पन्न ३४२ औं बैठकको निर्णयलाई अनुमोदन गर्ने ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध

साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७७/०८/११ गते १ दिन बैंकको शेयरधनी दर्ता किताव बन्द रहने छ । नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा २०७७/०८/१० गतेसम्म कारोवार भई म्याद भित्र यस बैंकको शेयर रजिष्ट्रार सि बि आई एल. क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीवजार, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन र बोनस शेयर तथा नगद लाभांश पाउने छन् ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले Webinar मार्फत उपस्थिति जनाउनु हुन अनुरोध छ । साधारण सभाको हाजिरी पुस्तिका विहान ९.०० बजेदेखि खुल्ला रहनेछ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् मिति २०७७/०८/१८ गते बिहान ९:०० बजेभित्र बैंकको मुख्य कार्यालय नारायणहिटी पथ, दरवामार्गमा दर्ता गराई सक्नु पर्नेछ । बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमवाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरवदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम बैंकको मुख्य कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. १ नं. मा उल्लेख गरे बमोजिम शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र सो सभाबाट पारित बोनस शेयर र लाभांश रकमको हकदार हुनेछन् ।

७. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतवाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।

८. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फवाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

९. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, काठमाण्डौमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

१०. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउंदा झोला जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

११. कोभिड-१९ को कारणले श्रृजना हुन सक्ने सम्भावित असर तथा जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गरी साधारण सभा सञ्चालन गर्ने प्रबन्ध मिलाईएको छ । साथै शेयरधनी महानुभावहरुले बैंकको यस साधारण सभामा Webinar मार्फत भाग लिन साधारणसभा हुने समयभन्दा २४ घण्टा अगाडी मोवाईल नं.९८५१०३२२५४ वा ९८५१०१२३४५ मा सम्पर्क गरी सहभागीता जनाउनु हुन अनुरोध गरिन्छ ।

पुनश्चः कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको मुख्य कार्यालय नारायणहिटी पथ, काठमाण्डौ तथा यस बैंकको शेयर रजिष्ट्रार सि बि आई एल. क्यापिटल लिमिटेड, डिल्लिबजार, काठमाण्डौमा उपस्थित भई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागी सूचित गरिन्छ । संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website:www.ctznbank.com मा पनि हेर्न सक्नुहुनेछ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

प्रोक्सी फारम

श्री सञ्चालक समिति
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
नारायणहिटी पथ, दरवारमार्ग, काठमाडौं ।

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..... जिल्ला ..... न.पा./गा.पा. वडा नं. ..... बस्ने म/हामी .....ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७७ साल मंसिर २० गते शनिबारका दिन हुने चौधौं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ..... जिल्ला ..... न.पा./गा.पा. वडा नं..... बस्ने त्यस कम्पनीका शेयरधनी श्री .... शेयर प्रमाणप्रत्र नं. ..... परिचय नं. ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु /छौं ।

प्रोक्सी लिनेको दस्तखत :

निवेदक

दस्तखत :
नामः
शेयर प्रमाणप्रत्र नं.:
शेयरधनी परिचय नंः.
कित्ता नं..... देखि ..... सम्म
मितिः

प्रवेश-पत्र

शेयरधनीको नाम ..... शेयर प्रमाण-पत्र नं. ..... शेयरधनी परिचय नं. .....
शेयरधनीको सही ..... शेयर संख्या .....

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको मिति २०७७ साल मंसिर २० गते शनिबारका दिन हुने चौधौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

.....
शेयरधनीको हस्ताक्षर

.....
कम्पनी सचिव

द्रष्टव्य : शेयरधनी आफैले खाली कोष्ठहरू भर्नुहोला । (सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्नु अनिवार्य छ ।)

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

सञ्चालक समितिको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७६/७७

आदरणीय शेयरधनी महानुभावहरू,

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको चौधौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिको तर्फबाट म हार्दिक स्वागत गर्दछु। यस अवसरमा म २०७७ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरू समेतको एकीकृत वासलात, आर्थिक वर्ष २०७६/७७ को एकीकृत नाफा-नोक्सान हिसाब, एकीकृत अन्य विस्तृत आम्दानीको विवरण, एकीकृत नगद प्रवाह विवरण तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरू सभाको स्वीकृतिका लागि प्रस्तुत गर्दछु। यस सम्मानित सभामा म सञ्चालक समितिको तर्फबाट आर्थिक तथा बैंकिङ्ग क्षेत्रको परिसूचक प्रस्तुत गर्दै बैंकको गत आर्थिक वर्षको कार्यको समीक्षा तथा भावी कार्यक्रमहरू प्रस्तुत गर्दछु।

१. आर्थिक तथा बैंकिङ्ग क्षेत्रका परिसूचकहरू

कुल गार्हस्थ्य उत्पादन

आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर २.२८ प्रतिशत रहेको केन्द्रीय तथ्याङ्क विभागको अनुमान रहेकोमा अघिल्लो आर्थिक वर्ष यस्तो वृद्धिदर ६.९९ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा कृषि क्षेत्रको उत्पादन २.५९ प्रतिशत, उद्योग क्षेत्रको ३.२३ प्रतिशत तथा सेवा क्षेत्रको १.९९ प्रतिशत वृद्धि भएको छ। अघिल्लो वर्ष कृषि, उद्योग तथा सेवा क्षेत्रको उत्पादन क्रमशः ५.०६ प्रतिशत, ७.७२ प्रतिशत र ७.२७ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा औद्योगिक क्षेत्रको उत्पादन १४.२७ प्रतिशत रहेको छ। अघिल्लो वर्षमा औद्योगिक क्षेत्रको उत्पादन १५.०८ प्रतिशत रहेको थियो। सेवा क्षेत्रको उत्पादन समीक्षा वर्षमा ५८.०८ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यो क्षेत्रको उत्पादन ५७.४१ प्रतिशत रहेको थियो।

वैदेशिक व्यापार

आर्थिक वर्ष २०७६/७७ मा कुल वस्तु निर्यात ०.६ प्रतिशतले बढेर रु. ९७ अर्ब ७१ करोडमा सीमित भएको छ। अघिल्लो वर्ष यस्तो निर्यात १९.४ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा भारततर्फ ११.८ प्रतिशत र अन्य मुलुकतर्फ १८.२ प्रतिशतले निर्यात घटेको छ भने चीनतर्फ ४३.५ प्रतिशतले निर्यातमा कमी आएको छ। वस्तुगत आधारमा समीक्षा वर्षमा मुख्यतया पाम तेल, आयुर्वेदिक औषधि, जडिबुटी, प्लाष्टिकका भाँडा, फलफुल लगायतका वस्तुको निर्यात बढेको छ भने जस्ता पाता, तार, पोलिस्टर यार्न तथा धागो, तयारी पोशाक, उनी गलैंचा लगायतका वस्तुहरूको निर्यात घटेको छ।

समीक्षा वर्ष २०७६/७७ मा कुल वस्तु आयात १५.६ प्रतिशतले घटेर रु. ११ खर्ब ९६ अर्ब ८० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात १३.९ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा भारतबाट भएको आयात १९.९ प्रतिशत, चीनबाट भएको आयात ११.५ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ५.३ प्रतिशतले घटेको छ। समीक्षा वर्षमा वस्तुगत आधारमा मुख्यतया कच्चा पाम तेल, कच्चा सोयाविन तेल, रासायनिक मल, खाने तेल, कम्प्युटर तथा पार्टपुर्जा लगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपुर्जा, एम.एस. बिलेट, सुन, अन्य मेशिनरी तथा पार्टपुर्जा लगायतका वस्तुहरूको आयात घटेको छ।

समीक्षा वर्ष २०७६/७७ मा कुल वस्तु व्यापार घाटा १६.८ प्रतिशतले संकुचन भई रु. १० खर्ब ९९ अर्ब ९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो व्यापार घाटा १३.५ प्रतिशतले बढेको थियो। समीक्षा वर्ष २०७६/७७ मा निर्यात-आयात अनुपात ८.२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ६.८ प्रतिशत रहेको थियो।

चालु खाता, शोधनान्तर तथा विप्रेषणको स्थिति

अघिल्लो वर्ष रु. २६५ अर्ब ३६ करोडले घाटामा रहेको चालु खाता समीक्षा वर्षमा ८७.९ प्रतिशतले घटी रु. ३२ अर्ब ६ करोडले घाटामा गएको छ। त्यसैगरी, अघिल्लो वर्ष रु. ६७ अर्ब ४० करोडले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा रु. २८२ अर्ब ४१ करोडले

बचतमा रहेको छ। समीक्षा वर्षमा पूँजीगत ट्रान्सफर रु. १४ अर्ब २१ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु. १९ अर्ब ४८ करोड रहेको छ। अघिल्लो वर्ष पूँजीगत ट्रान्सफर रु. १५ अर्ब ४६ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु. १३ अर्ब ६ करोड रहेको थियो।

समीक्षा वर्षमा विप्रेषण आप्रवाह ०.५ प्रतिशतले कमी भई रु. ८७५ अर्ब ३ करोड पुगेको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा खुद ट्रान्सफर आय १.३ प्रतिशतले कमी भई रु. ९८२ अर्ब २२ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आय १५ प्रतिशतले बढेको थियो। अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७६/७७ मा गत वर्षको तुलनामा २०.५ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ३२.६ प्रतिशतले घटेको थियो।

ब्याजदर

अघिल्लो आर्थिक वर्ष २०७६ आषाढको तुलनामा २०७७ आषाढमा ९१ दिने ट्रेजरी विलको भारित औसत ब्याजदर र अन्तरबैंक कारोवारको भारित औसत ब्याजदर घटेको छ। २०७६ आषाढमा ९१ दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ४.९७ प्रतिशत रहेकोमा २०७७ आषाढमा १.२७ प्रतिशत कायम रहेको छ। त्यसैगरी वाणिज्य बैंकहरूबीचको अन्तरबैंक कारोवारको भारित औसत ब्याजदर २०७६ आषाढमा ४.५२ प्रतिशत रहेकोमा २०७७ आषाढमा ०.३५ प्रतिशत पुगेको छ।

निक्षेप परिचालन

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १८.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप १८ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः १० प्रतिशत, ३१.९ प्रतिशत र ४८.६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः ९.७ प्रतिशत, ३२.८ प्रतिशत र ४६.३ प्रतिशत रहेको थियो।

कर्जा तथा सापट

आर्थिक वर्ष २०७६/७७ मा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १२ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा १९.४ प्रतिशतले बढेको थियो। निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह १६ प्रतिशतले, वित्त कम्पनीहरूको कर्जा प्रवाह ८ प्रतिशतले बढेको छ र विकास बैंकहरूको कर्जा प्रवाह १६.२ प्रतिशतले घटेको छ।

समीक्षा वर्ष २०७६/७७ मा कृषि क्षेत्रतर्फको कर्जा १६.७ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ११.५ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा १२.३ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १८.६ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ७.७ प्रतिशतले र सेवा क्षेत्रका उद्योगतर्फको कर्जा २२.१ प्रतिशतले बढेको छ।

आर्थिक वर्ष २०७६/७७ मा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६५.७ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १३ प्रतिशत कर्जा चालु सम्पत्तिको धितोमा प्रवाह भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६४.४ प्रतिशत र १३.५ प्रतिशत रहेको थियो।

समीक्षा वर्षमा बैंकहरूबाट प्रवाहित आवधिक कर्जा २७.७ प्रतिशतले, ओभरड्राफ्ट कर्जा ७.२ प्रतिशतले, ट्रष्ट रिसिट (आयात कर्जा) ८.७ प्रतिशतले, डिमान्ड तथा चालु पूँजी कर्जा १४ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ८.१ प्रतिशतले, मार्जिन प्रकृति कर्जा ११ प्रतिशतले बढेको छ तथा हायर पर्चेज कर्जा ३.८ प्रतिशतले घटेको छ।

कोभिड – १९ को प्रभावका सन्दर्भमा

कोभिड-१९ महामारीका कारण विश्वभर मानवीय संकटका साथै आर्थिक संकट उत्पन्न भएको छ। कोभिड-१९ का कारण विश्वभर नै श्रम बजार र विप्रेषण आप्रवाह प्रभावित भएको छ। प्रमुख वैदेशीक रोजगारीमूलक मुलुकहरुबाट श्रमिक फर्किने क्रमसंगै विप्रेषण आप्रवाहमा सामान्य कमीका कारण, सो को असर बैंकिङ्ग क्षेत्रको साधन परिचालन र बाह्य क्षेत्र सन्तुलनमा पर्ने देखिएको छ। कोभिड-१९ महामारीको असर देशको राजस्व परिचालन तथा पुँजिगत खर्च र बैंकिङ्ग क्षेत्रको कर्जा लगानीमा बढी परेको छ।

कोभिड-१९ ले अर्थतन्त्रमा पारेको असर व्यवस्थापन गर्न मौद्रिक नीतिले मूल्य र वाह्य क्षेत्र स्थायित्व कायम राख्न आर्थिक पुनरुत्थानमा जोड दिनका निम्ती तथा आर्थिक गतिविधिलाई चलायमान बनाउन कोभिड-१९ बाट अति प्रभावित क्षेत्रको कर्जा व्यवस्थापन र पहुँचमा

सहजिकरण गर्न र वित्तीय साधनलाई उद्यमशीलता अभिवृद्धि र रोजगारी सिर्जना गर्ने गरि मौद्रिक नीति जारी गरिएको छ।


२. विगत वर्षको बैंकको कारोवारको सिंहावलोकन

आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण Nepal Financial Reporting Standard (NFRS) बमोजिमको सर्वमान्य लेखाको सिद्धान्तका आधारमा तयार गरिएको छ। समीक्षा अवधि र अघिल्लो आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण अनुसार यस बैंकको वित्तीय स्थितिको तुलनात्मक अवस्था देहाय बमोजिम रहेको छ :

रु. हजारमा

अनुपातहरू	आर्थिक वर्ष २०७६/७७	आर्थिक वर्ष २०७५/७६	वृद्धि/(ह्रास)
पूँजी कोषको पर्याप्तता	१५.१४%	१४.३७%	०.७७%
वासलात	**आर्थिक वर्ष २०७६/७७**	**आर्थिक वर्ष २०७५/७६**	**वृद्धि/(ह्रास)**
कुल सम्पत्ति	११०,५५०,६८२	९०,१२१,३६४	२२.६७%
निक्षेप	९२,१८५,१३२	७४,१३५,७४७	२४.३५%
कर्जा सापटीहरू	८१,२८३,३९४	६५,०७२,४२२	२४.९१%
लगानीहरू - धितोपत्र तथा शेयरहरू	१२,१०४,९७४	११,०७०,८२८	९.३४%
जगेडा तथा कोषहरू	४,३२३,७७९	४,०७६,७४६	६.०६%
नाफा – नोक्सान हिसाब	**आर्थिक वर्ष २०७६/७७**	**आर्थिक वर्ष २०७५/७६**	**वृद्धि/(ह्रास)**
खुद ब्याज आम्दानी	२,८८४,७५४	२,६८८,४६२	७.३०%
गैह्र ब्याज आम्दानी	१,१३३,३६८	९५४,१४७	१८.७८%
सञ्चालन खर्च	१,७०९,२५१	१,६०२,७९३	६.६४%
सञ्चालन मुनाफा	१,४९९,०२४	२,१००,४०३	-२८.६३%
खुद मुनाफा	१,१९८,५०५	१,४६३,२१९	-१८.०९%


पूँजी संरचना : आ.व २०७५/७६ को अन्त्यमा बैंकको चुक्ता पूँजी रु. ८ अर्ब ३७ करोड १० लाख ६४ हजार ७ सय ७३ कायम रहेकोमा बोनस शेयर निष्काशन रु. २५ करोड ११ लाख ३१ हजार ९ सय ४३ र बैंकले "ख" वर्गको वित्तीय संस्था, सहयोगी विकास बैंक लिमिटेडलाई १:०.९१७५ को शेयर मूल्य अनुपात (Share Swap Ratio) मा प्राप्ति गरि प्राप्ति पश्चात् रु. ४६ करोड ७६ लाख २० हजार ५ सय ७४ थप गरि यस आ.व २०७६/७७ को अन्त्यमा बैंकको चुक्ता पूँजी रु. ९ अर्ब ८ करोड ९८ लाख १७ हजार २ सय ९० कायम रहेको छ।




पूँजी कोष पर्याप्तता : आर्थिक वर्ष २०७५/७६ को अन्त्यमा पूँजी कोष अनुपात १४.३७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७६/७७ को अन्त्यमा उक्त अनुपात १५.१४ प्रतिशत रहेको छ।


कुल सम्पत्ति : आर्थिक वर्ष २०७५/७६ को अन्त्यमा कुल सम्पत्ति रु ९० अर्ब १२ करोड १३ लाख ६४ हजार रहेकोमा आ.व. २०७६/७७ को अन्त्यमा २२.६७ प्रतिशतले वृद्धि भई रु. ११० अर्ब ५५ करोड ६ लाख ८२ हजार पुगेको छ।

निक्षेप संकलन : आ.व.२०७५/७६ मा बैंकले कुल रु.७४ अर्ब १३ करोड ५७ लाख ४७ हजार निक्षेप परिचालन गरेकोमा आ.व.२०७६/७७ मा २४.३५ प्रतिशतले वृद्धि भई रु. ९२ अर्ब १८ करोड ५१ लाख ३२ हजार पुगेको छ, जसमध्ये ग्राहकहरूको निक्षेप रु. ८८ अर्ब ४९ करोड ६२ लाख २८ हजार रहेको छ भने बैंक तथा वित्तिय संस्थाको निक्षेप रु. ३ अर्ब ६८ करोड ८९ लाख ३ हजार रहेको छ । बैंकले जनकपुर स्थित "ख" वर्गको सहयोगी विकास बैंक लिमिटेडलाई २०७७/०३/२० गतेबाट प्राप्ति गरी संयुक्त कारोवार शुरु गरिसके पश्चात बैंकको निक्षेप रु ७ अर्ब ५१ करोडले वृद्धि भएको छ। बैंकको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ४.९४ प्रतिशत, बचत निक्षेपको अंश २५.६२ प्रतिशत, मुद्दती निक्षेपको अंश ५९.६१ प्रतिशत, मागेको बखत तिर्नुपर्ने निक्षेपको अंश ९.३० प्रतिशत र बाँकी अन्य निक्षेप रहेको छ।




कर्जा र सापटीहरू : कर्जा र सापटीहरूतर्फ बैंकले आ.व.२०७५/७६ मा रु. ६५ अर्ब ७ करोड २४ लाख २२ हजार प्रवाह गरेकोमा आ.व. २०७६/७७ मा २४.९१ प्रतिशतले वृद्धि भई रु. ८१ अर्ब २८ करोड ३३ लाख ९४ हजार पुगेको छ ,जसमध्ये रु. ७९ अर्ब ७३ करोड ३७ लाख ९४ हजार ग्राहकहरूलाई र रु. १ अर्ब ५४ करोड ९५ लाख ९९ हजार बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा प्रवाह गरेको छ। बैंकले जनकपुर स्थित "ख" वर्गको सहयोगी विकास बैंक लिमिटेडलाई २०७७/०३/२० गतेबाट प्राप्ति गरी संयुक्त कारोवार शुरु गरिसके पश्चात बैंकको कर्जा तथा सापटी रु. ४ अर्ब ३ करोडले वृद्धि भएको छ। आर्थिक वर्ष २०७६/७७ मा गरिएको कुल कर्जा सापटी मध्ये रियल स्टेट क्षेत्रमा ६.४० प्रतिशत, हाउजिंग क्षेत्रमा ७.३२ प्रतिशत, मार्जिन लेन्डिङ्गमा ३.७४ प्रतिशत, अधिविकर्ष कर्जामा १७.११ प्रतिशत तथा अन्य कर्जामा ६५.४४ प्रतिशत लगानी रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा गरिएको कुल कर्जा लगानी मध्ये बैंकले प्राथमिकता प्राप्त क्षेत्रमा ३५.७४ प्रतिशत लगानी गरेको छ, जसमध्ये कृषि क्षेत्रमा १०.३० प्रतिशत (प्रतिबद्धता समेत) लगानी रहेको छ। बैंकले आर्थिक वर्ष २०७६/७७ को आषाढ मसान्त सम्ममा हाइड्रोपावर प्रोजेक्टका लागि स्वीकृत कुल सीमा रु. १२ अर्ब ३७ करोड ४१ लाख मध्ये रु. ५ अर्ब ५६ करोड १० लाख कर्जा प्रवाह गरी जल विद्युत क्षेत्रको विकासमा योगदान पुऱ्याएको छ। यस बैंकले करीव ३८५.०२ मेगावाट क्षमताका विभिन्न जलविद्युत आयोजनाहरूमा कर्जा लगानी गरेको छ। त्यसैगरी बैंकले आर्थिक वर्ष २०७६/७७ को आषाढ मसान्तसम्ममा २,४३८ वटा साना तथा मझौला कर्जा शीर्षक अन्तर्गत कुल रु. ८ अर्ब ५ करोड १९ लाख लगानी गरेको छ भने कृषि तथा साना व्यवसायलाई लक्षित ४,३६८ वटा फास्ट ट्र्याक लोन कर्जा शीर्षक अन्तर्गत कुल कर्जा रु. २ अर्ब ५० करोड ७० लाख लगानी गरेको छ।






साथै बैंकले कृषि व्यवसायलाई थप योगदान पुऱ्याउने उद्देश्यले One Zone One Product को नीति अवलम्बन गरे अनुसार १२३ वटा परियोजनामा रु. १८ करोड ६५ लाखसहित बैंकले कृषि क्षेत्रमा कुल रु ५ अर्ब ३७ करोड ९५ लाख कर्जा लगानी गरेको छ। त्यसै गरी बैंकले आ.व. २०७६/७७ मा नेपाल राष्ट्र बैंकद्वारा जारी भएको "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७६" अन्तर्गतका विभिन्न क्षेत्रमा कुल ४११ वटा ग्राहकहरुमा रु. १ अर्ब १० करोड ६१ लाख कर्जा लगानी गरेको छ।

कुल लगानी : आर्थिक वर्ष २०७६/७७ को आषाढ मसान्तसम्ममा बैंकले रु. १२ अर्ब १० करोड ४९ लाख ७४ हजार लगानी गरेको छ। उक्त लगानीमध्ये नेपाल सरकारको ट्रेजरी बिल्स र विकास बण्डमा कुल रु. ११ अर्ब ३२ करोड १० लाख ५३ हजार अर्थात् कुल लगानीको ९३.५२ प्रतिशत लगानी रहेको छ भने संगठित संस्थाहरूको शेयरमा रु. ५९ करोड ७७ लाख ६५ हजार अर्थात् कुल लगानीको ४.९४ प्रतिशत रहेको छ। बैंकको सहायक कम्पनीमा कुल रु. १६ करोड ७२ लाख ४ हजार लगानी रहेको छ भने सम्बद्ध कम्पनीमा रु. १ करोड ८९ लाख ५१ हजार लगानी रहेको छ।






खुद ब्याज आम्दानी : आ.व. २०७५/७६ मा बैंकको खुद ब्याज आम्दानी रु. २ अर्ब ६८ करोड ८४ लाख ६२ हजार रहेकोमा आ.व. २०७६/७७ मा ७.३० प्रतिशतले वृद्धि भई रु. २ अर्ब ८८ करोड ४७ लाख ५४ हजार पुगेको छ।

गैह्र ब्याज आम्दानी : आ.व. २०७५/७६ मा बैंकको गैह्र ब्याज आम्दानी रु. ९५ करोड ४१ लाख ४७ हजार रहेकोमा आ.व.२०७६/७७ मा १८.७८ प्रतिशतले वृद्धि भई रु. १ अर्ब १३ करोड ३३ लाख ६८ हजार पुगेको छ।

सञ्चालन खर्च : आ.व.२०७५/७६ मा बैंकको कुल सञ्चालन खर्च २२.४६ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ६० करोड २७ लाख ९३ हजार रहेकोमा आ.व. २०७६/७७ मा शाखा संजाल वृद्धिसंग सम्बन्धित नियमित खर्चहरु जस्तै घर भाडा, सुरक्षा खर्च, इन्टरनेट जडान जस्ता खर्चहरुले कुल सञ्चालन खर्च ६.६४ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ७० करोड ९२ लाख ५१ हजार पुगेको छ।



सञ्चालन मुनाफा : आ.व. २०७५/७६ मा बैंकको सञ्चालन मुनाफा २४.६१ प्रतिशतले वृद्धि भई रु. २ अर्ब १० करोड ४ लाख ३ हजार रहेकोमा आ.व.२०७६/७७ मा २८.६३ प्रतिशतले घटेर रु. १ अर्ब ४९ करोड ९० लाख २४ हजार पुगेको छ।

खुद मुनाफा : आ.व. २०७५/७६ मा बैंकको खुद मुनाफा १८.५७ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ४६ करोड ३२ लाख १९ हजार रहेकोमा आ.व. २०७६/७७ मा १८.०९ प्रतिशतले घटेर रु. १ अर्ब १९ करोड ८५ लाख ५ हजार पुगेको छ। आ.व. २०७६/७७ मा कोभिड-१९ को कारण विश्व अर्थतन्त्र लगायत देशको अर्थतन्त्रमा परेको प्रतिकुल असर तथा बैंक सञ्चालनमा ल्याएको चुनौति तथा बन्दा बन्दीको प्रभाव

बैंकको खुद मुनाफामा परेको देखिन्छ। त्यसै गरि कोभिड-१९ ले विभिन्न क्षेत्रमा पारेको आर्थिक प्रभाव न्यूनिकरण गर्न राहत स्वरुप नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन बमोजिम चैत्र मसान्त २०७६ मा तिर्नुपर्ने ब्याजमा १० प्रतिशत छुट र चैत्र मसान्त २०७६ मा कायम रहेको ब्याजदरमा उल्लेखित ऋणीहरुलाई २ प्रतिशत ब्याज छुट प्रदान गरिएको र त्यसै गरि निष्कृय कर्जा बढेर बैंकको खुद मुनाफामा गत वर्षको तुलनामा ह्रास आएको देखिन्छ।

३. सहायक कम्पनी सि बि आइ एल क्यापिटल लिमिटेडको कारोवारको सिंहावलोकन

बैंकको सहायक कम्पनी सि बि आई एल क्यापिटल लिमिटेडमा यस बैंकको ५८.६० प्रतिशत लगानी अर्थात कुल रु. २० करोड पूँजीमा बैंकको रु. ११ करोड ७२ लाख ४ हजार लगानी रहेको छ। उक्त कम्पनीको मुख्य उद्देश्य - निष्काशन तथा बिक्री प्रबन्धकको सेवा प्रदान गर्ने, लगानी व्यवस्थापन सेवा प्रदान गर्ने, सामूहिक लगानी कोष सेवा सञ्चालन गर्ने, शेयर रजिष्ट्रेशन आदि रहेका छन्। आ.व. २०७६/७७ मा सि बि आई एल क्यापिटल लिमिटेडको खुद मुनाफा रु. २ करोड २० लाख ८७ हजार रहेको छ।

त्यसैगरी सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडद्वारा प्रवर्दन गरिएको सि बि आई एल क्यापिटल लिमिटेडद्वारा व्यवस्थापन गरिएको सिटिजन्स म्युचुअल फण्ड १ तथा सिटिजन्स म्युचुअल फण्ड २ मा बैंकको रु. १५/१५ करोड गरि कुल रु. ३० करोड लगानी रहेको छ। यस आ.व. २०७६/७७ मा सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत संचालित सिटिजन्स म्युचुअल फण्ड १ ले इकाईधनीहरुलाई १५ प्रतिशत तथा सिटिजन्स म्युचुअल फण्ड २ ले इकाईधनीहरुलाई १० प्रतिशत नगद लाभांश वितरण गरेको छ।

४. सहायक कम्पनी सि बि आई एल सेक्यूरिटिज लिमिटेडको कारोवारको सिंहावलोकन

बैंकको सहायक कम्पनी सि बि आई एल सेक्यूरिटिज लिमिटेडमा यस बैंकको शत् प्रतिशत लगानी अर्थात कुल रु. ५ करोड लगानी रहेको छ। उक्त कम्पनीको मुख्य उद्देश्य - धितोपत्र खरीद तथा विक्रीको सेवा प्रदान गर्ने, निक्षेप सदस्यको सेवा प्रदान गर्ने आदि रहेका छन्। सि बि आई एल सेक्यूरिटिज लिमिटेड हाल नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट धितोपत्र कारोवार सञ्चालनको स्वीकृति लिने प्रकृयामा रहेको छ। आ.व. २०७६/७७ मा सि बि आई एल सेक्यूरिटिज लिमिटेडको खुद मुनाफा रु. ३६ लाख ७० हजार रहेको छ।

५. शाखा सञ्जालमा विस्तार

नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको पालना गर्दै बैंकको व्यवसाय वृद्धि गर्ने नीति अनुरूप बैंकको उपस्थिती नभएको स्थानहरुमा व्यवसाय विस्तार गर्न आ.व.२०७६/७७ मा प्रदेश नं. १ को मोरङ्ग जिल्ला विराटनगर महानगरपालिकाको कञ्चनबारी तथा सुन्दर हरैंचा नगरपालिकाको सलकपुरमा, बागमती प्रदेशको काठमाडौं जिल्ला, तार्केश्वर नगरपालिकाको लामबगर तथा काठमाडौं महानगरपालिकाको सिनामंगल र कमलादीमा, नुवाकोट जिल्ला, विदुर नगरपालिकाको देवीघाटमा, चितवन जिल्ला रत्ननगर नगरपालिकाको टाँडीमा, गण्डकी प्रदेशको लम्जुङ्ग जिल्ला, सुन्दरबजार नगरपालिकाको भोटेओडारमा, कास्की जिल्ला, पोखरा महानगरपालिकाको हस्पिटल चोकमा, लुम्बिनी प्रदेशको बाँके जिल्ला, कोहलपुर नगरपालिकामा, कपिलवस्तु जिल्ला, बाणगङ्गा नगरपालिकाको जितपुरमा, कर्णाली प्रदेशको डोल्पा जिल्ला ठुली भेरी नगरपालिका जुफालमा, सुदूर पश्चिम प्रदेशको कैलाली जिल्ला घोडाघाडी नगरपालिकाको सुख्खड तथा गोदावरी नगरपालिकाको अत्तरियामा शाखा विस्तार गरी कुल शाखा संख्या ९५ पुगेकोमा सहयोगी विकास बैंकको प्राप्ति पश्चात् प्रदेश नं. २ को महोत्तरी जिल्ला, बर्दिबास नगरपालिका, गौशाला नगरपालिका, जलेश्वर नगरपालिका, लोहारपट्टी नगरपालिका, रामगोपालपुर नगरपालिका, पिपरा गाउँपालिका र सम्सी गाउँपालिकामा, धनुषा जिल्लाको धनुषाधाम नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिकाको महेन्द्रनगर, सबैला नगरपालिका, शहिदनगर नगरपालिकाको यदुकुहा तथा जनकपुरधाम उपमहानगरपालिको विद्यापति चोक र रामानन्द चोकमा तथा वागमति प्रदेशको सिन्धुली जिल्लाको कमलामाई नगरपालिकाको सिन्धुलीमा गरी १४ वटा शाखा थप भई बैंकको कुल शाखा संख्या १०९ पुगेको छ।

६. सूचना प्रविधि

ग्राहकवर्गको चाहना बमोजिमको बैंकिङ्ग सेवा प्राप्त गरुन् भन्ने उद्धेश्यले सूचना प्रविधिमा आधारित मोबाइल बैंकिङ्ग, Internet Banking/ ABBS जस्ता प्रविधिमूलक सेवाहरू बैंकले प्रदान गर्दै आएको छ। बैंकले सूचना प्रविधिमा समयानुकुल सुधार एवं विकास गर्दै लाने लक्ष्य अनुरुप FINACLE Core Banking System बाट ग्राहकलाई सेवा सुविधा प्रदान गर्दै आइरहेको छ। बैंकले कायम रहेको Disaster Recovery Site लाई थप सवल तथा सुदृढ गर्दै बैंकको व्यवसाय निरन्तरता सुनिश्चित गरेको छ। साथै ग्राहकहरुलाई बैंकको वेबसाइटबाट

अनलाइन प्रविधि मार्फत् खाता खोल्ने सुविधा प्रदान गरिएको छ। आगामी दिनमा सूचना प्रविधिको क्षेत्रमा विकसित नविनतम प्रयोगहरूलाई आवश्यकता अनुसार लागू गर्दै लग्ने नीति बैंकले लिएको छ।

७. कार्ड व्यवसाय

यस बैंकले आफ्ना ग्राहकहरूको सुविधालाई ध्यानमा राख्दै ATM तथा POS सेवाप्रदान गर्दै आइरहेको छ। यसै सन्दर्भमा बैंकले आर्थिक वर्ष २०७६/७७ मा थप १७ वटा ATM र २८४ वटा नयाँ POS जडान गरेको छ। सहयोगी विकास बैंकको प्राप्ति पश्चात् ४ वटा ATM थप भएका छन्। यस सँगै बैंकको कुल ATM संख्या ९९ र कुल POS संख्या ४६५ पुगेको छ।

बैंकले यसै वर्ष Paper base Pin लाई विस्थापित गरी ग्राहकवर्गलाई Mobile OTP को माध्यमबाट Green Pin सेवाको सुरुवात गरेको छ। यसबाट ग्राहकवर्गहरूलाई सहज रुपमा सेवा प्रदान गर्न सकिने विश्वास बैंकले लिएको छ।

८. विप्रेषण कारोवार

बैंकले कुल १ करोड ७८ लाख ७५ हजार ७ सय अमेरिकी डलर बराबरको विप्रेषण भित्र्याई रु. २ करोड २० लाख ४४ हजार बराबरको आम्दानी गरेको छ। विप्रेषण कारोवारलाई अझ प्रभावकारी बनाउँदै लैजाने क्रममा बैंकले स्वदेश तथा विदेशमा रहेका विभिन्न रेमिटेन्स कम्पनीहरूसँग सम्झौता गरी विप्रेषण कारोवार विस्तार गर्दै आइरहेको छ। यसै क्रममा बैंकले इपे ग्लोबल लिमिटेड- हङ्गकङ्ग, ए टि एल मनि ट्रान्सफर- यु के, लुम्बिनि ग्रुप- अष्ट्रेलिया, नेपाल मनि एक्सप्रेस- अष्ट्रेलिया, सुबिधा युके लिमिटेड- लण्डन, मिलेनिङ्गस प्रा लि-सिङ्गापुर र ललित मनि ट्रान्सफर- नेपालसंग विप्रेषण सम्बन्धी थप सम्झौताहरू सम्पन्न गरेको छ। यी सम्झौताहरू पश्चात अब विश्वका विभिन्न मुलुकहरूबाट पठाएको विप्रेषण रकम बैंकका सम्पूर्ण शाखाहरू र देशभित्र छरिएर रहेका १० हजारभन्दा बढी सहायक प्रतिनिधिहरूबाट सहज रुपमा भुक्तानी गर्न सकिने छ। आगामी दिनहरूमा पनि विप्रेषण व्यवसायलाई अधिकतम प्रतिफलमुखी बनाउँदै लैजानुका साथै विभिन्न सम्भाव्य मुलुकहरूका Exchange कम्पनीहरूसँग सम्झौता गर्दै विप्रेषण कारोवारको विस्तार एवं वृद्धि गरिने योजना रहेको छ।

९. अन्य बैकिङ्ग सुविधा विस्तार

यस बैंकले आ.व.२०७६/७७ मा नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका-०६ खाल्टे, भोजपुर जिल्लाको भोजपुर नगरपालिका-०२ हेलौंचा, रौतहट जिल्लाको फतुवा बिजयपुर नगरपालिका-०५ सन्तपुर दोस्तिया र दोलखा जिल्लाको शैलुङ गाँउपालिका-०३ मागा देउराली (बाघखोर) मा शाखारहित बैंकिङ्ग सेवा विस्तार गरेको छ। हालसम्म बैंकले १०४ वटा शाखारहित बैंकिङ्ग ईकाइहरूबाट शाखारहित बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ।

शाखारहित बैंकिङ्गबाट निक्षेप संकलन, रकम भुक्तानी, कोष स्थानान्तरण, मोबाइल फोनको बिल भुक्तानी जस्ता उपयोगी सेवा लगायत बैंकले प्रदान गर्ने अन्य सेवाहरू उपलब्ध गराउँदै आइरहेको छ।

यसैगरी बैंक र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण बीच भूकम्पबाट क्षति भएका निजि आवास पुनर्निर्माणका लागि अनुदान रकम वितरण गर्ने संझौता अनुसार यस बैंकले ७ जिल्ला (दोलखा, काभ्रे, मकवानपुर, भोजपुर, म्याग्दी, काठमाण्डौ र सिन्धुली)का ९ शाखाहरूबाट (मनहरि, चरिकोट, बेनी, हेटौंडा, भोजपुर, हरिहरपुरगढि, कीर्तिपुर, थापाथली र बनेपा) अनुदान रकम वितरण गर्न थालेको छ। नेपाल सरकारलाई अनुदान रकम वितरणमा सहयोग पुऱ्याउने उद्देश्य अनुरुप हाल सम्म ११,११३ सेवाग्राहीलाई विभिन्न किस्तामा रकम वितरण गरिएको छ।

१०. संस्थागत सामाजिक उत्तरदायित्व

नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन तथा नेपालको दिगो विकास लक्ष्यलाई आत्मसात् गर्दै बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत आफ्नो स्थापना काल देखि नै सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसैको निरन्तरता स्वरूप आ.व. २०७६/७७ मा बैंकले शिक्षामा करिब रू. ३८ लाख, स्वास्थ्यमा रू. १ करोड, संस्कृतिको जगेर्नाका निम्ति रू. १९ लाख, दैविक सामाजिक विकासका निम्ति रू. १५ लाख र वित्तीय साक्षरताका निम्ति रू. ६ लाख गरी विभिन्न संघ संस्थाहरूलाई बैंकले कुल रु. १ करोड ८८ लाखको आर्थिक सहयोग उपलब्ध गराएको छ।

कोभिड-१९ ले विश्व नै आक्रान्त बनेको बेला संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत बैंकले कोरोना भाइरसको रोकथामका लागि नेपाल सरकारले स्थापना गरेको 'कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोष', विभिन्न स्थानिय निकायमा खडा गरिएको कोषमा आर्थिक सहयोग प्रदान गरेको छ। बैंकले प्रत्येक प्रदेश सरकार अन्तर्गतको कोषमा रु ७ लाखका दरले रु ४९ लाख, विभिन्न स्थानिय निकायमा खडा गरिएको कोषमा करिव रु ६ लाख तथा विभिन्न संघ संस्थालाई रु ६ लाख तथा आषाढ मसान्त सम्म सामाजिक उतरदायित्व कोषमा बाँकी रहेको रु २० लाख १५ हजार ५ सय ४ रुपैयाँ गरि बैंकले कोरोना नियन्त्रणको लागि कुल रु ८१ लाख सहयोग गरेको छ। यसै गरि बैंकमा कार्यरत कर्मचारीको कोभिड-१९ जस्तो महामारीजन्य रोगबाट सुरक्षित राख्न बैंकले करिव रु ३५ लाख खर्च गरेको छ।

११. मानव संसाधन

जनशक्ति व्यवस्थापन गर्न नायब प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा प्रमुख कर्जा अधिकृत, प्रमुख सञ्चालन अधिकृत र जनशक्ति व्यवस्थापन विभागका विभागीय प्रमुख सदस्य सचिव रहेको पदपूर्ति समिति गठन गरिएको छ।

२०७७ आषाढ मसान्तसम्ममा बैंकमा कुल १,१३७ जना कर्मचारीहरु कार्यरत रहेका छन्। समीक्षा वर्षमा ३२३ जना नयाँ कर्मचारीको नियुक्ति तथा १५८ जना कर्मचारीहरु बैंकको सेवाबाट अलग भएका छन्। कुल कर्मचारीमध्ये ५०७ जना (४४.६० प्रतिशत) महिला कर्मचारीहरू रहेका छन्। ग्राहकवर्गलाई सर्वसुलभ तथा छिटोभन्दा छिटो समयमा सेवा उपलब्ध गराई व्यावसायिक उद्देश्य प्राप्ति गर्न बैंकको जनशक्तिको दक्षता वृद्धिका लागि प्रायः सबै कर्मचारी समावेश हुने गरी Basic & Advance Credit Course, Negotiable Instruments, Operation Risk Management, Integrated Risk Management, AML/CFT, Sales Strategies, Digital Marketing in Banking & Financial Services, Compliance Function in Banks आदि सम्बन्धी शीर्षकहरूमा स्वदेश तथा भारतमा तालिमहरू प्रदान गरिएको तथा ७ जना कर्मचारीहरुलाई Omega Certification Course का लागि enroll गरिएको छ। जनशक्तिको दक्षता अभिवृद्धिका लागि कुल रु. १ करोड १० लाख ३३ हजार खर्च गरिएको छ। साथै आगामी वर्षमा समेत आवश्यक तालिमहरू प्रदान गर्ने र हाल कोभिड-१९ परिस्थितीमा Online मार्फत अधिकतम तालिमहरू प्रदान गर्ने नीति बैंकले लिएको छ।

१२. सरकारी राजस्वमा योगदान

आ.व. २०७६/७७ मा बैंकले अग्रिम आयकर बापत रु. ५७ करोड ६ लाख ९९ हजार र विभिन्न भुक्तानीमा कर कट्टी गरे बापत रु. ७२ करोड ५१ लाख ६३ हजार गरी कुल रु. १ अर्ब २९ करोड ५८ लाख ६३ हजार ठूला करदाता कार्यालयमा दाखिला गरेको छ।

१३. आन्तरिक नियन्त्रण प्रणाली

बैंकिङ्ग व्यवसायमा निहित कर्जा, बजार तथा सञ्चालन लगायतका जोखिमहरूलाई दृष्टिगत गरी बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउने नीति लिएको छ। यस सम्बन्धमा बैंकिङ्ग कारोवारका सबै क्षेत्रमा आवश्यक नीति, नियमहरू बनाई कार्यान्वयनमा ल्याइएको छ। त्यसै गरी बैंकका कामकारवाहीहरू प्रचलित कानून बमोजिम भए गरेको छ/छैन त्यसको यकिन गर्ने उद्देश्यले बैंकमा एउटा स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग गठन गरी त्यस विभागलाई सञ्चालक समिति अन्तर्गतको लेखापरीक्षण समिति मातहत राखिएको छ। बैंकिङ्ग कारोवारहरूमा निहित जोखिमहरूलाई निरन्तर रुपमा अनुगमन गरी सञ्चालक समितिलाई उपयुक्त राय सुझाब दिनका लागि सञ्चालक समितिको जवाफदेहीतामा जोखिम व्यवस्थापन समिति गठन गरी उक्त समितिले त्यस सम्बन्धमा प्रभावकारी रुपमा कार्य गर्दै आइरहेको छ। साथै, कर्जामा निहित जोखिमलाई न्यूनीकरण गर्न छुट्टै कर्जा जोखिम विभाग गठन गरी सञ्चालनमा ल्याइएको छ। त्यस्तै बैंकको समग्र अनुपालनको अवस्थाको विश्लेषण गर्ने, बैंकमा रहेका सम्पूर्ण ग्राहकको जोखिम स्तर निर्धारण गर्ने तथा अन्य अनुपालनको क्रममा देखिने कमिकमजोरीको उपयुक्त तरिकाले अनुगमन तथा समाधान गर्न सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरिएको छ।

साथै विभिन्न विभागहरूसंग सम्बन्धित कार्य सञ्चालनलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरू जारी गरी लागू गरिएको छ। निर्णय प्रकृयालाई छिटो-छरितो तथा चुस्त बनाउन व्यवस्थापन तहमा व्यवस्थापन समिति (Executive Committee), जोखिम र आम्दानीको (Risk and Return) दृष्टिकोणबाट वासलात व्यवस्थापन गर्ने, ब्याजदर तथा तरलता जोखिमको रणनीतिक व्यवस्थापन गर्न व्यवस्थापन तहका पदाधिकारीहरू सम्मिलित सम्पत्ति दायित्व व्यवस्थापन समिति (ALCO), बैंकको दैनिक काम कारवाही, लगानी, सञ्चालन तथा रणनीतिक योजनाको कार्यान्वयनका लागि चाहिने सूचना तथा प्रविधि प्रणालीको विकास गर्ने, समयानुसार अद्यावधिक गर्ने र अग्रसर भई काम गर्न बैंकका पदाधिकारीहरू सम्मिलित IT Steering Committee, सञ्चालन जोखिम न्यूनिकरणका लागि बैंकको दैनिक

काम-कारबाहीमा अन्तर-विभागीय समन्वय स्थापित गर्ने तथा आवधिक अनुगमन गरी सुधारात्मक व्यवस्था गर्न प्रमुख जोखिम अधिकृतको संयोजकत्वमा विभागीय प्रमुखहरू सम्मिलित सञ्चालन जोखिम व्यवस्थापन समिति र बैंकको दैनिक काम-कारबाहीका लागि चाहिने Logistics को व्यवस्था गर्न बोलपत्रको आव्हान गर्न, Logistics खरिदका लागि प्रमुख कार्यकारी अधिकृतलाई सिफारिस गर्ने र बोलपत्र कबोल गर्ने जस्ता कामका लागि खरिद समिति लगायतका समितिहरू क्रियाशील रहेका छन् ।

१४. संस्थागत सुशासन तथा अनुपालन

संस्थागत सुशासन तथा अनुपालन (Corporate Governance and Compliance) को स्तरलाई उच्चतम राख्ने विषयमा बैंकले सदैव महत्व दिँदै आएको र आगामी दिनहरुमा समग्र बैंकको संस्थागत सुशासन तथा अनुपालनको अवस्थालाई थप सवल तथा सुदृढ बनाउँदै जाने तर्फ प्रतिबद्ध रहेको छ । संस्थागत सुशासनको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राख्दै बैंकको उद्देश्य, नीति, आन्तरिक संरचनाका साथै सम्पूर्ण कर्मचारी तथा सञ्चालकहरुले पालना गर्नु पर्ने आचरणको व्यवस्था गरिएको छ । सञ्चालक तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचार संहिताको व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको छ । सञ्चालक समिति तथा बैंकका सबै कार्यहरू पारदर्शी रूपमा सञ्चालन गरी संस्थागत सुशासनलाई सुदृढ गर्दै लैजान बैंक सदैव क्रियाशील रही आएको छ । नेपाल राष्ट्र बैंक एवं अन्य सम्बद्ध नियामक निकायहरूबाट समय-समयमा जारी भएका नीति एवं निर्देशनलाई बैंकले पूर्ण रूपमा कार्यान्वयन गर्दै आएको छ र आगामी दिनहरूमा पनि पूर्ण रुपमा कार्यान्वयन गरिने छ ।

१५. सञ्चालक समितिमा भएको हेरफेर र त्यसको कारण

समीक्षा वर्षमा सञ्चालक समितिका अध्यक्ष र सदस्यहरु श्री शंकर प्रसाद शर्मा, श्री बालकृष्ण श्रेष्ठ, श्री पवित्र कुमार कार्की, डा. चन्दा कार्कीको कार्यकाल समाप्त भएको हुनाले सञ्चालक समितिमा बैंकको नियमावली अनुसार ४ वर्षको कार्यकालको लागि समूह "क" को संस्थापक समूहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद तीन (३) को लागी श्री राजन सिंह भण्डारी, श्री प्रबल जंग पाण्डे र श्री सजन शर्मा तथा समूह "ख" सर्वसाधारण समूहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद एक (१) को लागी श्रीमती सीता कार्की (के.सी) समेत चार (४) जना १३ औं वार्षिक साधारण सभाबाट निर्विरोध निर्वाचित हुनु भएको छ । सञ्चालक समितिको ३१४औं बैठकबाट श्री राजन सिंह भण्डारी अध्यक्ष पदमा सर्वसम्मत रुपमा चयन हुनुभएको छ । साथै श्री अवनिन्द्र कुमार श्रेष्ठको पदावधि सकिएपछि रिक्त हुन गएको स्वतन्त्र सञ्चालकको पदमा श्री सुदेश खालिङ्ग राईलाई मिति २०७६ मसिंर ६ गते बसेको सञ्चालक समितिको ३२०औं बैठकबाट बैंकको स्वतन्त्र सञ्चालकमा नियुक्ति गरिएको छ ।

१६. व्यवस्थापनमा भएको हेरफेर र त्यसको कारण

समीक्षा वर्षमा व्यवस्थापनमा वरिष्ठ प्रबन्धक पदमा कार्यरत श्री सुमीत बाबु खत्री, श्री पारस कुमार काफ्ले, श्री राजेन्द्र लाल श्रेष्ठ, श्रीमती उमंग शर्मा लाई कायम मुकायम सहायक महाप्रबन्धक पदमा वढुवा गरी २०७६ कार्तिक १ गते देखि सहायक प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी दिईएको छ । उक्त बढुवा सँगै सहायक प्रमुख कार्यकारी अधिकृत श्री राजेन्द्र लाल श्रेष्ठलाई २०७६ कार्तिक १ देखि कम्पनी सचिव पदमा नियुक्त गरिएको छ । बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत श्री समिर प्रसाद दाहालले २०७६ कार्तिक २५ गते देखि लागु हुनेगरि स्वैच्छिक राजीनामा दिनुभएको छ ।

१७. अन्य समितिहरू

नेपाल राष्ट्र बैंकको निर्देशन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २६ र २७ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीतामा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरेको छ ।

त्यसैगरी बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २६ र नेपाल राष्ट्र बैंकको इ.प्रा. निर्देशन नं. ६/०७५ (७)(१)(ख) बमोजिम मर्जर तथा एक्विजिसन उप–समिति र डिजिटल रुपान्तरण उप-समिति गठन गरेको छ ।

लेखापरीक्षण समिति

लेखापरीक्षण समितिमा मिति २०७६/०६/१० सम्म सञ्चालक श्री अवनीन्द्र कुमार श्रेष्ठ संयोजक, सञ्चालक डा. चन्दा कार्की सदस्य र आन्तरिक लेखापरीक्षण विभागका प्रमुख सदस्य सचिवमा रहेको र तत्पश्चात सञ्चालक श्री सीता कार्की (के.सी) संयोजक, सञ्चालक सजन शर्मा सदस्य र आन्तरिक लेखापरीक्षण विभागका प्रमुख सदस्य सचिवमा रहेका छन् । सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण प्रणालीको समीक्षा, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी बैंकको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ ।

लेखापरीक्षण समितिको बैंठक आ.व. २०७६/७७ मा १४ पटक बसेको छ र बैठक भत्ता बापत रु. ३०८,०००/– भुक्तानी गरिएको छ । उक्त बैंठकहरूमा प्रचलित कानून बमोजिम बैंकको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणाली, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षक तथा बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका बुँदा/कैफियतहरू उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने, नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औँल्याइएका बुँदा/कैफियतहरूको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरूको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने, बैंकको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थपरक बनाउन व्यवस्थापनलाई सहयोग गर्ने, बैंकको कामकारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरू अवलम्बन भए/नभएको बारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने, बैंकको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने कार्यहरू समितिले सम्पन्न गरेको छ ।

जोखिम व्यवस्थापन समिति

जोखिम व्यवस्थापन समितिमा मिति २०७६/०६/१० सम्म सञ्चालक श्री प्रकाश चन्द्र मैनाली संयोजक, सञ्चालक श्री अवनीन्द्र कुमार श्रेष्ठ सदस्य, प्रमुख सञ्चालन अधिकृत सदस्य र सदस्य सचिवमा प्रमुख जोखिम अधिकृत सदस्य सचिव रहेका र तत्पश्चात सञ्चालक श्री प्रकाश चन्द्र मैनाली संयोजक, सञ्चालक श्री प्रबल जंग पाण्डे सदस्य, प्रमुख सञ्चालन अधिकृत सदस्य र प्रमुख जोखिम अधिकृत सदस्य सचिवमा रहेका छन् ।

लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहने र समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नुपर्ने व्यवस्था रहेको छ । यस समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकिएको छ ।

आ.व. २०७६/७७ मा जोखिम व्यवस्थापन समितिको बैंठक ७ पटक बसेको छ र बैठक भत्ता वापत रु. २२०,०००/– भुक्तानी गरिएको छ । बैंकलाई असर पार्न सक्ने जोखिमहरूलाई पत्ता लगाई त्यसको उचित व्यवस्थापन गर्न बैंकको जोखिम व्यवस्थापन समिति क्रियाशील रहेको छ । समितिले जोखिम व्यवस्थापनको सन्दर्भमा कर्जा जोखिम, बजार जोखिम, सञ्चालन जोखिम, तरलता जोखिम, अनुपालन जोखिम, IT जोखिम र अन्य जोखिमलाई न्यूनीकरण गर्नमा विशेष ध्यान दिने गरेको छ । कर्जा जोखिम व्यवस्थापनका निम्ति बैंकमा जोखिम व्यवस्थापन समिति अन्तर्गत रहने गरी कर्जा जोखिम इकाई रहने व्यवस्था गरिएको छ ।

जोखिम व्यवस्थापन समितिमा वार्षिक प्रतिवेदन उपर छलफल गर्ने गरिएको छ जसमा त्रैमासिक रुपमा पेश हुने विभिन्न प्रतिवेदनहरू जस्तै ICAAP सम्बन्धी त्रैमासिक प्रतिवेदन, ALCO Minutes को सूक्ष्म रूपमा अध्ययन तथा छलफल गर्ने गरिएको छ । बैंकको जोखिम बहन गर्ने क्षमताको समितिमा विस्तृत छलफल गर्ने गरिएको, अनुपालनको विद्यमान अवस्थाको विश्लेषण, विभिन्न नीति तथा कार्यविधिमा समयसापेक्ष रूपमा परिमार्जन तथा थपघट गर्ने गरिएको छ । समितिमा Value At Risk For Foreign Exchange/Equity Risk को जोखिम मूल्यांकन प्रतिवेदन, Level of Operation In-charge सम्बन्धी प्रतिवेदन, Monetary Policy को समिक्षा, Deposit Forecasting र HHI Model को प्रतिवेदन, AML/CFT को त्रैमासिक प्रतिवेदनको समिक्षा, Guidelines on KRI/KPI/KCEI, New Product Development Process-Risk Assessment Guideline का साथै IS Audit Report 2019 / Website Scan Report सम्बन्धी प्रतिवेदन समितिमा पेश गरि बिस्तृत रुपमा छलफल गरिएको छ ।

कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति

कर्मचारी व्यवस्थापन र सेवा सुविधा समितिमा सञ्चालक श्री विजय ध्वज कार्की संयोजक, सदस्यमा सञ्चालक श्री सुदेश खालिङ्ग राई,

प्रमुख कार्यकारी अधिकृत र वित्त विभागका विभागीय प्रमुख र जनशक्ति व्यवस्थापन विभागका विभागीय प्रमुख सदस्य सचिवमा रहेका छन् । यस समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रहेको छ ।

आ.व. २०७६/७७ मा कर्मचारी सेवा सुविधा समितिको बैठक १२ पटक बसेको र बैठक भत्ता वापत रु. १५४,०००/– भुक्तानी गरिएको छ । समितिले कर्मचारी सेवा सुविधाहरू समीक्षा गरी संशोधित Human Resource Management Policy पारित गरेको छ । त्यसैगरि समितिले कर्मचारीहरुको विभिन्न सुविधाहरुको समीक्षा गरि संशोधन गरेको छ । यसै गरि समितिले मिति २०७७ श्रावण १ देखि लागु हुने गरि नयाँ संगठनात्मक संरचना तथा आ.व. २०७७/७८ का लागि आवश्यक कर्मचारीहरूको दरबन्दी सिफारिस, तथा बैंकको अन्य नीतिहरू पुनरावलोकन गर्ने कार्य समेत सम्पन्न गरेको छ ।

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिमा मिति २०७६/०६/१० सम्म सञ्चालक श्री पवित्र कुमार कार्की संयोजक, सदस्यमा सञ्चालक श्री विजय ध्वज कार्की र सदस्य सचिवमा प्रमुख सम्पत्ति शुद्धिकरण निवारण विभाग रहेका र तत्पश्चात सञ्चालक श्री सजन शर्मा संयोजक, अन्य सदस्यमा सञ्चालक श्री सीता कार्की (के.सी), प्रमुख जोखिम अधिकृत र सदस्य सचिवमा प्रमुख सम्पत्ति शुद्धिकरण निवारण विभाग रहेका छन् । यस समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रहेको छ ।

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिको आ.व २०७६/७७ मा ५ पटक बैठक बसेको छ र बैठक भत्तावापत रु. ८८,०००/– भुक्तानी गरिएको छ ।

समितिले बैंकको AML/CFT सँग सम्बन्धित समग्र अनुपालनको अवस्थाको विश्लेषण गरेको, बैंकमा रहेका सम्पूर्ण ग्राहकको जोखिम स्तर निर्धारण गर्ने तथा अन्य अनुपालनको क्रममा देखिएको कमी कमजोरीको उपयुक्त तरिकाले अनुगमन तथा समाधान गर्न व्यवस्थापनलाई सहयोग गर्ने साथै त्रैमासिक AML/CFT अनुपालना प्रतिवेदनको नियमित तवरले छलफल गर्ने कार्यहरू गरेको छ ।

मर्जर तथा प्राप्ति (एक्विजिसन) उप-समिति

बैंकले नेपाल राष्ट्र बैंकबाट जारी गरिएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने मर्जर तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली २०७३ को दफा ५ (३ख) का प्रावधानहरूको अधीनमा रही कार्य गर्न गैह्र कार्यकारी सञ्चालकको संयोजकत्वमा मर्जर तथा प्राप्ति (एक्विजिसन) उप-समिति गठन गरेको छ । मर्जर तथा प्राप्ति (एक्विजिसन) उप-समितिमा मिति २०७६/०६/१० सम्म सञ्चालक श्री पवित्र कुमार कार्की संयोजक, सदस्यमा सञ्चालक श्री बालकृष्ण प्रसाई, सञ्चालक श्री प्रकाश चन्द्र मैनाली र सदस्य सचिवमा प्रमुख कार्यकारी अधिकृत रहेका र तत्पश्चात सञ्चालक श्री प्रबल जंग पाण्डे, सदस्यहरूमा सञ्चालक श्री प्रकाश चन्द्र मैनाली र सञ्चालक श्री विजय ध्वज कार्की रहेका छन् र बैंकका प्रमुख कार्यकारी अधिकृत श्री गणेश राज पोखरेल सदस्य सचिव रहेका छन् ।

आ.व. २०७६/७७ मा मर्जर तथा एक्विजिसन समिति बैठक २२ पटक बसेको र बैठक भत्ता बापत रु. ७१५,०००/– भुक्तानी गरिएको थियो । उपसमितिले मर्जर तथा एक्विजिसनको निमित्त उपयुक्त बैंक तथा वित्तीय संस्था पहिचान गर्ने लगायतका कार्य सम्पन्न गरेको थियो भने बैंकको मर्जर तथा एक्विजिसनको रणनीतिक योजना तय गरी Terms of Reference समेत तयार गरी लागू गरेको छ ।

मर्जर तथा प्राप्तिलाई रणनीतिक योजनाको रुपमा लिई शाखा संजाल वृद्धि, व्यक्तिगत निक्षेप वृद्धि गर्ने तथा समग्र व्यवसाय वृद्धि नीति बमोजिम नेपाल राष्ट्र बैंकको मिति २०७७/०३/१० र कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७७/०३/१४ को पत्रानुसार बैंकले जनकपुर स्थित "ख" वर्गको सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरी मिति २०७७/०३/२० देखि संयुक्त कारोवार शुरु गरिसकेको छ ।

डिजिटल रुपान्तरण उप-समिति (Digital Transformation Sub Committee)

बैंकले नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७६ को ई.प्रा. निर्देशन नं ६/०७६ संस्थागत सुशासन सम्बन्धी व्यवस्थाको निर्देशन नः७ (ख), आन्तरिक समिति/उप-समिति सम्बन्धी व्यवस्था अन्तर्गत यस बैंकले भविष्यमा सूचना प्रविधिमा आधारित व्यवसाय विस्तार गर्न उप-समितिको पहिलो बैठक बसेको मितिले ६ महिना (२०७६/१०/२७ देखि २०७७/०४/२७) समयावधि तोकि गैह्र कार्यकारी सञ्चालक श्री सजन शर्माको संयोजकत्वमा डिजिटल रुपान्तरण उप-समिति (Digital Transformation Sub Committee)

गठन गरेको छ । सो समितिको अन्य सदस्यहरूमा सञ्चालक श्री सुदेश खालिङ्ग राई र सदस्य सचिवमा प्रमुख सूचना प्रविधि अधिकृत श्री संजिवकुमार श्रेष्ठ रहेका छन् ।

आ.व २०७६/७७ मा डिजिटल रुपान्तरण उप-समितिको बैठक ४ पटक बसेको थियो र बैठक भत्ता वापत रु. ६६,०००/- भुक्तानी गरिएको थियो । उपसमितिले डिजिटल रुपान्तरणको निमित्त बैंकले अल्पकालीन तथा दीर्घकालीन लक्ष्य पहिचान गर्ने लगायतका कार्य सम्पन्न गरेको थियो भने बैंकको डिजिटल रुपान्तरणको रणनीतिक योजना तय गरी Terms of Reference समेत तयार गरी लागू गरेको छ । विद्युतीय कारोवारलाई थप प्रभावकारी बनाउन र बढी भन्दा बढी सेवाग्राहीको पहुँच बढाउनका लागि मुद्दती खाता नवीकरण, क्रेडिट खाताको विवरण, Green pin, Chat bot, Fast track account, जस्ता अनलाइन कारोवार गर्न आवश्यक पर्ने कार्यहरुको लागि जोखिम व्यवस्थापन गरी ग्राहकको मोबाइल, टेलिफोन तथा इमेल मार्फत प्राप्त भएका अनुरोधलाई अबिलम्ब स्वीकार गरी बिद्युतीय माध्यमबाट हुने कारोवार कार्यान्वयन गर्ने योजना बनाएको छ ।

१८. बैंकको कारोवारलाई असर पार्ने मुख्य कारकहरू

बैंकको कारोवारलाई असर पार्न सक्ने विभिन्न किसिमका जोखिमहरूलाई तल प्रस्तुत गरिएको छ :

१. विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ प्रकोपका कारण बैंकको नियमित सञ्चालन कारोवारमा कमी र बैंकको कर्मचारीको स्वास्थ र सुरक्षा सुनिश्चित गर्न सक्ने जोखिमहरू ।
२. देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरू ।
३. राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट हुन सक्ने संभावित जोखिमहरू ।
४. नेपाल सरकार र नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक सम्बन्धी नीतिमा परिवर्तन गर्दा सिर्जना हुनसक्ने संभावित जोखिमहरू ।
५. विदेशी विनिमय कारोवार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरू ।
६. तरलतामा हुने उतार चढावका कारणले निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तन तथा लगानी योग्य तरलताको अभाववाट व्यवसाय वृद्धिमा आउन सक्ने जोखिमहरू ।
७. निक्षेप संकलन, लगानी, तथा कर्जा सापटीको दायरा साँघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरू ।
८. यथा समयमा कर्जा असुली नभई उत्पन्न हुने जोखिमहरू ।
९. प्रतीतपत्र र जमानतपत्र जारी गर्ने जस्ता गैह्रकोषीय सेवाहरू प्रदान गर्दा हुन सक्ने संभावित जोखिमहरू ।
१०. अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरू ।
११. पूँजीबजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरू ।
१२. वैकल्पिक लगानी क्षेत्रको अभाव ।
१३. विप्रेषण आयमा आउन सक्ने उतार चढावबाट अर्थ व्यवस्थामा नकारात्मक प्रभाव परी सिर्जना हुनसक्ने जोखिमहरू ।
१४. देशको राजनीतिक अस्थिरताले पर्न सक्ने असरहरू ।
१५. तीब्र बैंकिङ्ग प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरू ।
१६. सम्पत्ति शुद्धीकरणलाई रोक्नका लागि देशमा केन्द्रीकृत तथ्यांकहरू तथा पर्याप्त प्रविधिहरूको अभावका कारण हुन सक्ने जोखिम ।
१७. आम्दानीको स्रोत साँघुरिएको बेला पूँजी सम्वन्धी मापदण्ड कायम गरी लगानीकर्तालाई निरन्तर उच्च प्रतिफल प्रदान गरिरहने सम्बन्धी चुनौती ।
१८. सूचना प्रविधिको विकास सँगै यससँग जोडिएका सञ्चालन जोखिम सम्बन्धी चुनौतीहरू ।

१९. कोभिड-१९ को प्रभावका सन्दर्भमा

विश्वव्यापि रुपमा फैलिएको कोरोना महामारीको संकटका कारण बैंकिङ्ग कारोवारमा कमी आउनु, प्रक्षेपित समयमा ऋण तथा ब्याज चुक्ता नहुनुका साथै देशको आर्थिक क्रियाकलापमा समेत गिरावट आएको छ र आउने दिनमा पनि यसको थप असर पर्ने आंकलन गरिएको छ । यस्तो अवस्थामा बैंकको सापटी र लगानी ब्याजदरमा असर पर्न गई बैंकको कुल आम्दानीमा असर पर्नु, निष्कृय कर्जा बढ्नु तथा ब्याजदर अन्तरलाई यथावत कायम राख्नु जस्ता जोखिमहरु र साथै कोरोना महामारीका कारण देशको अर्थतन्त्रमा प्रतिकुल असरबाट उत्पन्न हुनसक्ने जोखिमलाई व्यवस्थापन गर्नु चुनौतिपूर्ण रहेको छ ।

कोभिड-१९ का कारण लगानीकर्ताको मनोबलमा कमि हुनु, सरकारी विकास खर्च कम हुनु, लगायत प्रमुख बाह्य समस्या हुन्। यस्ता समस्या विद्यमान रहेको अवस्थामा बैंकको कारोवार दिगो रुपमा विस्तार गरि सम्पत्तिको गुणस्तर कायम राखि लगानीकर्तालाई उचित प्रतिफल दिने कार्य चुनौतिपूर्ण रहेको छ।

कोभिड-१९ ले विभिन्न क्षेत्रमा पारेको आर्थिक प्रभाव न्यूनिकरण गर्न राहत स्वरुप नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन बमोजिम चैत्र मसान्त २०७६ मा तिर्नुपर्ने ब्याजमा १० प्रतिशत छुट वापत २,०६९ ग्राहकहरुलाई कुल रु. ९५ लाख ४२ हजार छुट र चैत्र मसान्त २०७६ मा कायम रहेको ब्याजदरमा उल्लेखित ऋणीहरुलाई २ प्रतिशत ब्याज वापत २२,४७२ ग्राहकहरुलाई कुल रु. ३१ करोड छुट प्रदान गरेको छ।

२०. लेखापरीक्षकको नियुक्ति

बैंकको आर्थिक वर्ष २०७६/७७ का हरहिसाबहरू लेखापरीक्षण गर्न तेह्रौं वार्षिक साधारण सभाबाट नियुक्ति गरिएका श्री के.के. बुढाथोकी एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सबाट लेखापरीक्षण सम्पन्न भयो। आर्थिक वर्ष २०७७/७८ को हरहिसाबहरू लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस अनुसार लेखापरीक्षकको नियुक्त गरिने छ।

२१. भावी कार्यक्रम तथा योजनाहरू

यस बैंकको भावी कार्यक्रम तथा योजनाहरू निम्नानुसार रहेका छन् :

१. निक्षेपको औसत ब्याजदरमा कमी ल्याउने किसिमले निक्षेपका नयाँ योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने र व्यक्तिगत निक्षेपकर्ताहरूको आधार वृद्धि गर्दै संस्थागत निक्षेपतर्फको निर्भरता कम गर्दै लैजाने।
२. मर्जर तथा प्राप्तिलाई रणनीतिक योजनाको रुपमा लिई शाखा संजाल वृद्धि, व्यक्तिगत निक्षेप वृद्धि गर्ने तथा समग्र व्यवसाय वृद्धि गर्ने।
३. गैह्र कोषमा आधारित आम्दानी श्रृजना हुने कारोवारमा केन्द्रीत भई गैह्र कोषमा आधारित कारोवार वृद्धि गर्ने।
४. कर्जाको गुणस्तर कायम राख्ने र कर्जा विस्तार गर्दा कृषि, उर्जा, पर्यटन लगायत साना तथा घरेलु उद्योगतर्फ लगानी वृद्धि गर्ने।
५. बैंकको आन्तरिक नियन्त्रण प्रणाली तथा सुशासनलाई अझ बढी सुदृढ गर्ने।
प्रमुख वित्त अधिकृत

(गणेश राज पोखरेल)
प्रमुख कार्यकारी अधिकृत

(राजन सिंह भण्डारी)
अध्यक्ष

(प्रकाश चन्द्र मैनाली)
सञ्चालक

(विजय ध्वज कार्की)
सञ्चालक

(सीता कार्की के. सी)
सञ्चालक

(प्रबल जंग पाण्डे)
सञ्चालक

(सजन शर्मा)
सञ्चालक

(सुदेश खालिङ्ग राई)
सञ्चालक

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन आनुसार

मिति : २०७७/०७/०३
स्थान : नारायणहिटी पथ, काठमाडौं

सि. ए. केशव कुमार बुढाथोकी
प्रोप्राइटर
के के बुढाथोकी एण्ड एसोसिएट्स्
चार्टर्ड एकाउन्टेन्ट्स

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

एकीकृत नगद प्रवाह विवरण

श्रावण १, २०७६ देखि ३१ आषाढ २०७७ सम्म (१७ जुलाई २०१९ देखि १५ जुलाई २०२० सम्म)

रकम रु. मा

विवरण	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
कारोवार सञ्चालनबाट नगद प्रवाह				
ब्याज प्राप्ति	८,५०९,१८६,२२५	८,१९५,७७८,०६०	८,५१०,२८५,३४७	८,१९३,९९५,३७६
शुल्क तथा अन्य आम्दानी प्राप्ति	६३९,६८५,७२४	६२४,८७१,१५४	६०७,८२१,६२८	५९३,६४५,६९३
लाभांश प्राप्ति	५७,०००	३,५५६,४०६	५७,०००	२२०,४३४
अन्य सञ्चालन कारोवारबाट प्राप्ति	३४७,९६४,३६९	३४०,७७४,९४४	३५८,१८२,५४०	३९०,०७२,१४६
ब्याज भुक्तानी	(६,३९९,८०३,१३३)	(५,९३६,२८४,१९०)	(६,४२०,३९२,६९२)	(५,९५१,९१९,४८६)
कमिशन तथा शुल्क भुक्तानी	(५७,७३१,६६७)	(६७,३९३,४०५)	(५७,७३१,६६७)	(६७,३९३,४०५)
कर्मचारीहरुलाई गरिएको नगद भुक्तानी	(९१८,३७८,३०१)	(८३०,३३४,२९०)	(९०७,०८२,३१४)	(८२३,७५९,५२६)
अन्य खर्चको भुक्तानी	(४८७,३२७,९५५)	(२०१,६२८,९९३)	(४८४,५२७,७१२)	(१८९,८७६,५०२)
सञ्चालन सम्पत्ति र दायित्व परिवर्तन अघिको सञ्चालन नगद प्रवाह	**१,६३३,६५२,२६२**	**२,१२९,३३९,६८६**	**१,६०६,६१२,१३०**	**२,१४४,९८४,७२९**
सञ्चालन सम्वन्धि सम्पत्तिमा कमी / (वृद्धि)				
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा	१,५४५,६५३,७७६	१,०९३,२२५,४०४	१,५४५,६५३,७७६	१,०९३,२२५,४०४
बैंक तथा वित्तीय संस्थाहरुमा गरिएको लगानिमा (Placement)	९२,०८७,९६९	१,५९५,१०८,४६५	९२,०८७,९६९	१,५९५,१०८,४६५
अन्य व्यापारिक सम्पत्तिमा	५०५,८९७,५५४	(५७३,२५०,००५)	५०५,८९७,५५४	(५७३,२५०,००५)
बैंक तथा वित्तीय संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा	८४,८७५,६३१	(१६१,२५२,९९३)	८४,८७५,६३१	(१६१,२५२,९९३)
ग्राहकलाई दिइएको कर्जा तथा सापटीमा	(१२,२८१,३६३,११८)	(७,३८३,७८०,३४१)	(१२,२८१,३६३,११८)	(७,३८३,७८०,३४१)
अन्य सम्पत्तिमा	२९५,५४४,२२२	(१४९,२६३,४३७)	२९४,४७२,०९९	(१५२,९५१,६२०)
सञ्चालन सम्वन्धि दायित्वमा (कमी) / वृद्धि				
बैंक तथा वित्तीय संस्थाहरुलाई दिनु पर्ने वाँकी रकममा	(३११,३८३,९४६)	५९१,३७३,९३८	(३११,३८३,९४६)	५९१,३७३,९३८
नेपाल राष्ट्र बैंकलाई दिनु पर्ने वाँकी रकममा	(६४५,००९,३९०)	५१७,५४५,१०१	(६४५,००९,३९०)	५१७,५४५,१०१
ग्राहकको निक्षेपमा	१०,३७३,१८०,१९९	९,६५९,४५०,८०४	१०,५४२,७५१,३६५	९,८१३,०५७,६७७
ऋण सापटीमा	-	(२,७९९,४६६)	-	-
अन्य दायित्वमा	(१९४,७६४,७९०)	(१७,२९३,६४१)	(२९५,२१०,२१०)	१२२,३४४,५१०
आयकर अघिको कारोवार सञ्चालनबाट खुद नगद प्रवाह	**१,०९८,३७०,३६९**	**७,२९८,४०३,५१६**	**१,१३९,३८३,८६०**	**७,६०६,४०४,८६६**
आयकर भुक्तानी	(६०२,५३९,१०४)	(६७६,३२६,७०७)	(५९७,३१३,४०१)	(६७६,३१६,६३९)
कारोवार सञ्चालनबाट खुद नगद प्रवाह	**४९५,८३१,२६४**	**६,६२२,०७६,८०९**	**५४२,०७०,४५९**	**६,९३०,०८८,२२७**
लगानी कारोवारमा नगद प्रवाह				
धितोपत्र लगानी खरिद	(९२६,९४४,३८५)	(५,०५३,५९२,४९१)	(९२६,९३३,५१८)	(५,१८८,५९२,४९१)
धितोपत्र लगानी विक्रिबाट प्राप्ति	४४,९५९,०१८	४३,२१६,७१८	-	-
जायजेथा र उपकरणको खरिद	(३४९,६०४,४५५)	(३५६,४९४,९०८)	(३४८,१९५,४४६)	(३५५,९३३,०७१)
जायजेथा र उपकरणको विक्रिबाट प्राप्ति	२,७४६,५०२	३,४५१,५७९	२,७४६,५०२	३,४५१,५७९
अमूर्त सम्पत्तिको खरिद	(७,२६४,१७०)	(२२,८१९,३९७)	(६,३१९,४९०)	(२२,८१९,३९७)
अमूर्त सम्पत्तिको विक्रिबाट प्राप्ति	-	-	-	-
लगानी जायजेथाको खरिद	-	-	-	-
लगानी जायजेथाको विक्रीबाट प्राप्ति	३३,३२१,६६९	७०,५७२,४१२	३३,३२१,६६९	७०,५७२,४१२
ब्याज प्राप्ति	४९८,१४९,८६४	३२२,५५५,७७२	४९३,३६६,८५२	३२२,४००,११२
लाभांश प्राप्ति	१४,३६१,९९२	२,६६७,८५३	१२,३१६,१५९	२,६६७,८५३

लगानी कारोवारमा प्रयोग भएको खुद नगद प्रवाह	**(६९०,२७३,९६४)**	**(४,९९०,४४२,४६१)**	**(७३९,६९७,२७२)**	**(५,१६८,२५३,००३)**
वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह				
ऋणपत्र निष्काशनबाट प्राप्ति	२,४७४,२८३,८०७	-	२,४७४,२८३,८०७	-
ऋणपत्रको भुक्तानी	-	-	-	-
असुरक्षित दायित्वको निष्काशनबाट प्राप्ति (Subordinated liabilities)	-	-	-	-
असुरक्षित दायित्वमा भएको भुक्तानी (Subordinated liabilities)	-	-	-	-
शेयर निष्काशनबाट प्राप्ति	४३,९०५,६२४	९२,७६५,२००	४३,९०५,६२४	९२,७६५,२००
लाभांश भुक्तानी	(९४३,१९७,०६२)	(११७,६३५,६३२)	(९४३,१९७,०६२)	(११७,६३५,६३२)
ब्याज भुक्तानी	(१११,५५१,६२४)	(४२,५००,००८)	(१११,५५१,६२४)	(४२,५००,००८)
अन्य प्राप्ति/भुक्तानी	(९९९,६५४)	२९,९९३,६०२	(९९९,६५४)	-
नगद प्रवाहमा भएको खुद घट/बढ	**१,४६२,४४१,०९१**	**(३७,३७६,८३८)**	**१,४६२,४४१,०९१**	**(६७,३७०,४४०)**
नगद तथा नगद समानको खुद घट/बढ	**१,२६७,९९८,३९१**	**१,५९४,२५७,५०७**	**१,२६४,८१४,२७८**	**१,६९४,४६४,७८२**
प्राप्तिबाट (Acquisiton) प्राप्त भएको नगद तथा नगद समान	२,८३६,४५६,१९२	-	२,८३६,४५६,१९२	-
नगद तथा नगद समानको शुरुवाती मौज्दात	६,७४२,७२४,९१३	५,१४८,४६७,४०४	६,७४०,७०२,४६०	५,०४६,२३७,६७६
नगद तथा नगद समानको विनिमय दरमा भएको फरकबाट	-	-	-	-
नगद तथा नगद समानको आषाढ २०७७ को अन्तिम मौज्दात	**१०,८४७,१७९,४९६**	**६,७४२,७२४,९१३**	**१०,८४१,९७२,९३०**	**६,७४०,७०२,४६०**

(प्रमेश राज कायस्थ)
प्रमुख वित्त अधिकृत

(गणेश राज पोखरेल)
प्रमुख कार्यकारी अधिकृत

(राजन सिंह भण्डारी)
अध्यक्ष

(प्रकाश चन्द्र मैनाली)
सञ्चालक

(विजय ध्वज कार्की)
सञ्चालक

(सीता कार्की के. सी)
सञ्चालक

(प्रबल जंग पाण्डे)
सञ्चालक

(सजन शर्मा)
सञ्चालक

(सुदेश खालिङ्ग राई)
सञ्चालक

हाम्रो आजको मितिको संलग्न
प्रतिवेदन आनुसार

मिति : २०७७/०७/०३
स्थान : नारायणहिटी पथ, काठमाडौं

सि. ए. केशव कुमार बुढाथोकी
प्रोप्राइटर
के के बुढाथोकी एण्ड एसोसिएट्स्
चार्टर्ड एकाउन्टेन्ट्स

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

एकीकृत इक्विटीमा भएको परिवर्तनको विवरण

श्रावण १, २०७६ देखि ३१ आषाढ २०७७ सम्म (१७ जुलाई २०१९ देखि १५ जुलाई २०२० सम्म)

रकम रु. मा

विवरण	समूह											
	बैंकका साधारण शेयरधनीका निमित्त										गैह्र नियन्त्रित स्वार्थ	कुल इक्विटी
	शेयर पूँजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	सटही घटबढ कोष	नियामक जगेडा कोष	उचित मोल (Fair value) कोष	पुर्नमूल्याक्त्न कोष	संचित मुनाफा	अन्य जगेडा कोष	कुल रकम		
श्रावण १, २०७५ सालको मौज्दात	८,०३३,२३६,४००	४३३,५२६	१,१९२,३००,६६५	४९,७७५,५१९	७९५,४३०,३४९	(६,३००,०००)	३४३,८५४,०१२	११७,४२१,९०२	४७४,७६८,९१५	११,०००,९२१,२८८	४४,२८५,५९२	११,०४५,२०६,८८०
यस वर्षको विस्तृत आम्दानी												
यस वर्षको नाफा	-	-	-	-	-	-	-	१,४९१,७८०,९६५	-	१,४९१,७८०,९६५	१२,२२४,६६०	१,५०४,००५,६२५
आयकर पछिको अन्य विस्तृत आम्दानी	-	-	-	-	-	६७,१५६,९५८	-	-	(११,०४६,५८२)	५६,११०,३७६	१३,१६६	५६,१२३,५४२
उचित मोल (Fair value) मा मूल्याङ्कन गरिएको इक्विटी उपकरणका लगानी बाट भएको नाफा/नोक्सान	-	-	-	-	-	६७,१५६,९५८	-	-	-	६७,१५६,९५८	-	६७,१५६,९५८
पुनर्मूल्याङ्कनबाट भएको नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	-	-	-	-
परिभाषित लाभ योजनाको विमाङ्किक नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	(११,०४६,५८२)	(११,०४६,५८२)	१३,१६६	(११,०३३,४१६)
नगद प्रवाह हेजिंगबाट भएको नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	-	-	-	-
विदेशी सञ्चालनको वित्तीय सम्पत्तिको रुपान्तरणमा सिर्जित सटही नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	-	-	-	-
यस वर्षको कुल विस्तृत आम्दानी	-	-	-	-	-	६७,१५६,९५८	-	१,४९१,७८०,९६५	(११,०४६,५८२)	१,५४७,८९१,३४१	१२,२३७,८२६	१,५६०,१२९,१६७
जगेडा कोषमा सारिएको रकम	-	-	२९२,६४३,७५६	-	४७,३०२,८२७	-	-	(२९३,८०७,३४२)	(४६,१३९,२४१)	-	-	-
जगेडा कोषबाट निकालिएको रकम	-	-	-	(८,७६६,१८१)	(६४,९९९,९०७)	-	-	८०,९८३,२७७	(७,२१७,१८९)	-	-	-
इक्विटीमा देखाइएको शेयरधनीसँगको कारोबार												
शेयर निष्काशन	४६,३८२,६००	४६,३८२,६००	-	-	-	-	-	-	-	९२,७६५,२००	-	९२,७६५,२००
शेयरमा आधारित भुक्तानी	-	-	-	-	-	-	-	-	-	-	-	-
शेयरधनीलाई लाभांश वितरण												
बोनस शेयर निष्काशन	२९१,४४५,७७३	-	-	-	(२९१,४४५,७७३)	-	-	-	-	-	२९,९९५,८००	२९,९९५,८००
नगद लाभांश भुक्तानी	-	-	-	-	-	-	-	(१३१,३५६,१४३)	-	(१३१,३५६,१४३)	-	(१३१,३५६,१४३)
अन्य	-	-	-	-	-	-	-	२,६८३,०१७	१५९,४११	२,८४२,४२८	(२,८४८,८२६)	(६,३९८)
कुल योगदान तथा वितरण	३३७,८३८,३७३	४६,३८२,६००	-	-	(२९१,४४५,७७३)	-	-	(१२८,६७३,१२६)	१५९,४११	(३५,७४८,५१५)	२७,१४६,९७४	(८,६०१,५४१)
आषाढ २०७६ को अन्तिम मौज्दात	८,३७१,०६४,७७३	४६,८१६,१२६	१,४८४,९४४,४२१	४१,००९,३३८	४८६,२८७,४९६	६०,८५६,९५८	३४३,८५४,०१२	१,२६७,७०५,६७५	४१०,५२५,३१४	१२,५१३,०६४,११४	८३,६७०,३८७	१२,५९६,७३४,५०१

विवरण	समूह											
	बैंकका साधारण शेयरधनीका निमित्त										गैह नियन्त्रित स्वार्थ	कुल इक्विटी
	शेयर पूँजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	सटही घटबढ कोष	नियामक जगेडा कोष	उचित मोल (Fair value) कोष	पुर्नमूल्याक्त कोष	संचित मुनाफा	अन्य जगेडा कोष	कुल रकम		
श्रावण १, २०७६ सालको मौज्दात	**८,३७१,०६४,७७३**	**४६,८१६,१२६**	**१,४८४,९४४,४२१**	**४१,००९,३३८**	**४८६,२८७,४९६**	**६०,८५६,९५८**	**३४३,८५४,०१२**	**१,२६७,७०५,६७५**	**४१०,५२५,३१४**	**१२,५१३,०६४,११४**	**८३,६७०,३८७**	**१२,५९६,७३४,५०१**
गत वर्षको समायोजनहरु	-	-	-	-	-	-	-	**४७७,१२५**	-	-	-	**४७७,१२५**
यस वर्षको विस्तृत आम्दानी												
यस वर्षको नाफा	-	-	-	-	-	-	-	१,२१९,०८३,६५८	-	१,२१९,०८३,६५८	९,१४३,७३०	१,२२८,२२७,३८८
आयकर पछिको अन्य विस्तृत आम्दानी	**-**	**-**	**-**	**-**	**-**	**५४,४५६,८४५**	**-**	**-**	**(१७,४१२,७५९)**	**३७,०४४,०८६**	**-**	**३७,०४४,०८६**
उचित मोल (Fair value) मा मूल्याङ्कन गरिएको इक्विटी उपकरणका लगानी बाट भएका नाफा/नोक्सान	-	-	-	-	-	५४,४५६,८४५	-	-	-	५४,४५६,८४५	-	५४,४५६,८४५
पुर्नमूल्याङ्कनबाट भएका नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	-	-	-	-
परिभाषित लाभ योजनाको विमाङ्किक नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	(१७,४१२,७५९)	(१७,४१२,७५९)	-	(१७,४१२,७५९)
नगद प्रवाह हेजिंगबाट भएको नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	-	-	-	-
विदेशी सञ्चालनको वित्तीय सम्पत्तिका रुपान्तरणमा सिर्जित सटही नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	-	-	-	-
यस वर्षको कुल विस्तृत आम्दानी	**-**	**-**	**-**	**-**	**-**	**५४,४५६,८४५**	**-**	**१,२१९,०८३,६५८**	**(१७,४१२,७५९)**	**१,२५६,१२७,७४४**	**९,१४३,७३०**	**१,२६५,२७१,४७४**
जगेडा कोषमा सारिएको रकम	-	-	२४१,९०९,६७४	१७,८९७,९७८	२५,६०७,७८९	-	४३,९०५,६२४	(४३६,६८४,७९६)	१०७,३६३,७३१	-	-	-
जगेडा कोषबाट निकालिएको रकम	-	-	-	-	(११७,१३४,९८६)	-	-	१२४,००६,५७१	(६,८७१,५८५)	-	-	-
इक्विटीमा देखाइएको शेयरधनीसँगको कारोबार												
प्राप्त गरिएको संस्थाबाट सारिएको	**४६७,६२०,५७४**	**४,१२४,४०२**	**१५८,९४८,९७०**	**-**	**५७,२२२,२०९**	**-**	**-**	**-**	**३,६२०,१७७**	**६९१,५३६,३३१**	**-**	**६९१,५३६,३३१**
शेयर निष्काशन	४६,८१६,१२६	(४६,८१६,१२६)	-	-	-	-	-	-	-	-	-	-
शेयरमा आधारित भुक्तानी	-	-	-	-	-	-	-	-	-	-	-	-
शेयरधनीलाई लाभांश वितरण												
बोनस शेयर निष्काशन	२०४,३१५,८१७	-	-	-	-	-	-	(२०४,३१५,८१७)	-	-	-	-
नगद लाभांश भुक्तानी	-	-	-	-	-	-	-	(१,००४,५२७,७७३)	-	(१,००४,५२७,७७३)	-	(१,००४,५२७,७७३)
अन्य	-	-	-	-	-	-	-	(२,९३४,३१८)	९०२,५४२	(२,०३१,७७६)	२,३३६,९०५	३०५,१२९
कुल योगदान तथा वितरण	**७१८,७५२,५१७**	**(४२,६९१,७२४)**	**१५८,९४८,९७०**	**-**	**५७,२२२,२०९**	**-**	**-**	**(१,२११,७७७,९०७)**	**४,५२२,७१८**	**३१५,०२३,२१८**	**२,३३६,९०५**	**(३१२,६८६,३१३)**
आषाढ २०७७ को अन्तिम मौज्दात	**९,०८९,८१७,२९०**	**४,१२४,४०२**	**१,८८५,८०३,०६६**	**५८,९०७,३१६**	**४५१,९८२,५०८**	**११५,३१३,८०३**	**३८७,७५९,६३६**	**९६२,८१०,३४६**	**४९८,१२७,४२०**	**१३,४५४,६४५,७८५**	**९५,१५१,०१७**	**१३,५४९,७९६,८०३**

विवरण	बैंक											
	बैंकका साधारण शेयरधनीका निमित्त										गैह नियन्त्रित स्वार्थ	कुल इक्विटी
	शेयर पूँजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	सटही घटबढ कोष	नियामक जगेडा कोष	उचित मोल (Fair value) कोष	पुनर्मूल्यात्कन कोष	संचित मुनाफा	अन्य जगेडा कोष	कुल रकम		
श्रावण १, २०७५ सालको मौज्दात	**८,०३३,२३६,४००**	**४३३,५२६**	**१,१९२,३००,६६५**	**४९,७७५,५१९**	**७९५,४३०,३४९**	**(६,३००,०००)**	**३४३,८५४,०१२**	**१३२,२२८,७८०**	**४७२,९५२,१८७**	**११,०१३,९११,४३८**		
यस वर्षको विस्तृत आम्दानी												
यस वर्षको नाफा	-	-	-	-	-	-	-	**१,४६३,२१८,७८०**	-	**१,४६३,२१८,७८०**		
आयकर पछिको अन्य विस्तृत आम्दानी	-	-	-	-	-	**६७,१५६,९५८**	-	-	**(११,०६९,५७४)**	**५६,०८७,३८५**		
उचित मोल (Fair value) मा मूल्याङ्कन गरिएको इक्विटी उपकरणका लगानीबाट भएको नाफा/नोक्सान	-	-	-	-	-	६७,१५६,९५८	-	-	-	६७,१५६,९५८		
पुनर्मूल्याङ्कनबाट भएका नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	-	-		
परिभाषित लाभ योजनाको बिमाङ्किक नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	(११,०६९,५७४)	(११,०६९,५७४)		
नगद प्रवाह हेजिंगबाट भएको नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	-	-		
विदेशी सञ्चालनको वित्तीय सम्पत्तिको रुपान्तरणमा सिर्जित सटही नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	-	-		
यस वर्षको कुल विस्तृत आम्दानी	-	-	-	-	-	**६७,१५६,९५८**	-	**१,४६३,२१८,७८०**	**(११,०६९,५७४)**	**१,५१९,३०६,१६४**		
जगेडा कोषमा सारिएको रकम	-	-	२९२,६४३,७५६	-	४७,३०२,८२७	-	-	(२९३,८०७,३४२)	(४६,१३९,२४१)	-		
जगेडा कोषबाट निकालिएको रकम	-	-	-	(८,७६६,१८१)	(६४,९९९,९०७)	-	-	८०,९८३,२७७	(७,२१७,१८९)	-		
इक्विटीमा देखाइएको शेयरधनीसँगको कारोवार												
शेयर निष्काशन	४६,३८२,६००	४६,३८२,६००	-	-	-	-	-	-	-	९२,७६५,२००		
शेयरमा आधारित भुक्तानी	-	-	-	-	-	-	-	-	-	-		
शेयरधनीलाई लाभांश वितरण												
बोनस शेयर निष्काशन	२९१,४४५,७७३	-	-	-	(२९१,४४५,७७३)	-	-	-	-	-		
नगद लाभांश भुक्तानी	-	-	-	-	-	-	-	(१३१,३५६,१४३)	-	(१३१,३५६,१४३)		
अन्य	-	-	-	-	-	-	-	-	-	-		
कुल योगदान तथा वितरण	**३३७,८२८,३७३**	**४६,३८२,६००**	-	-	**(२९१,४४५,७७३)**	-	-	**(१३१,३५६,१४३)**	-	**(३८,५९०,९४३)**		
आषाढ २०७६ को अन्तिम मौज्दात	**८,३७१,०६४,७७३**	**४६,८१६,१२६**	**१,४८४,९४४,४२१**	**४१,००९,३३८**	**४८६,२८७,४९६**	**६०,८५६,९५८**	**३४३,८५४,०१२**	**१,२५१,२६७,३५१**	**४०८,५२६,१८४**	**१२,४९४,६२६,६६०**		
श्रावण १, २०७६ सालको मौज्दात	**८,३७१,०६४,७७३**	**४६,८१६,१२६**	**१,४८४,९४४,४२१**	**४१,००९,३३८**	**४८६,२८७,४९६**	**६०,८५६,९५८**	**३४३,८५४,०१२**	**१,२५१,२६७,३५१**	**४०८,५२६,१८४**	**१२,४९४,६२६,६६०**		
गत वर्षको समायोजनहरु	-	-	-	-	-	-	-	४७७,१२५	-	४७७,१२५		
यस वर्षको विस्तृत आम्दानी												
यस वर्षको नाफा	-	-	-	-	-	-	-	**१,१९८,५०४,६५९**	-	**१,१९८,५०४,६५९**		
आयकर पछिको अन्य विस्तृत आम्दानी	-	-	-	-	-	**५४,४५६,८४५**	-	-	**(१७,३५३,६३१)**	**३७,१०३,२१४**		
उचित मोल (Fair value) मा मूल्याङ्कन गरिएको इक्विटी उपकरणका लगानीबाट भएको नाफा/नोक्सान	-	-	-	-	-	५४,४५६,८४५	-	-	-	५४,४५६,८४५		
पुनर्मूल्याङ्कनबाट भएका नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	(१७,३५३,६३१)	(१७,३५३,६३१)		
परिभाषित लाभ योजनाको बिमाङ्किक नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	(१७,३५३,६३१)	(१७,३५३,६३१)		

विवरण	बैंक											
	बैंकका साधारण शेयरधनीका निमित्त										गैह नियन्त्रित स्वार्थ	कुल इक्विटी
	शेयर पुँजी	शेयर प्रिमियम	साधारण जगेडा कोष	सटही घटबढ कोष	नियामक जगेडा कोष	उचित मोल (Fair value) कोष	पुर्नमूल्याक्तन कोष	संचित मुनाफा	अन्य जगेडा कोष	कुल रकम		
नगद प्रवाह हेजिंगबाट भएको नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	-	-		
विदेशी सञ्चालनको वित्तीय सम्पत्तिको रुपान्तरणमा सिर्जित सटही नाफा/नोक्सान	-	-	-	-	-	-	-	-	-	-		
यस वर्षको कुल विस्तृत आम्दानी	**-**	**-**	**-**	**-**	**-**	**५४,४५६,८४५**	**-**	**१,१९८,५०४,६५९**	**(१७,३५३,६३१)**	**१,२३५,६०७,८७३**		
जगेडा कोषमा सारिएको रकम	-	-	२३९,७००,९३२	१७,८९७,९७८	२५,६०७,७८९	-	४३,९०५,६२४	(४३४,२५५,१७९)	१०७,१४२,८५७	-		
जगेडा कोषबाट निकालिएको रकम	-	-	-	-	(११७,१३४,९८६)	-	-	१२४,००६,५७१	(६,८७१,५८५)	-		
इक्विटीमा देखाइएको शेयरधनीसँगको कारोवार												
प्राप्त गरिएकोको संस्थाबाट सारिएको	**४६७,६२०,५७४**	**४,१२४,४०२**	**१५८,९४८,९७०**	**-**	**५७,२२२,२०९**	**-**	**-**	**-**	**३,६२०,१७७**	**६९१,५३६,३३१**		
शेयर निष्काशन	४६,८१६,१२६	(४६,८१६,१२६)	-	-	-	-	-	-	-	-		
शेयरमा आधारित भुक्तानी	-	-	-	-	-	-	-	-	-	-		
शेयरधनीलाई लाभांश वितरण	-	-	-	-	-	-	-	-	-	-		
बोनस शेयर निष्काशन	२०४,३१५,८१७	-	-	-	-	-	-	(२०४,३१५,८१७)	-	-		
नगद लाभांश भुक्तानी	-	-	-	-	-	-	-	(१,००४,५२७,७७३)	-	(१,००४,५२७,७७३)		
अन्य	-	-	-	-	-	-	-	-	-	-		
कुल योगदान तथा वितरण	**७१८,७५२,५१७**	**(४२,६९१,७२४)**	**१५८,९४८,९७०**	**-**	**५७,२२२,२०९**	**-**	**-**	**(१,२०८,८४३,५९०)**	**३,६२०,१७७**	**(३१२,९९१,४४२)**		
आषाढ २०७७ को अन्तिम मौज्दात	**९,०८९,८१७,२९०**	**४,१२४,४०२**	**१,८८३,५९४,३२३**	**५८,९०७,३१६**	**४५१,९८३,५०८**	**११५,३१३,८०३**	**३८७,७५९,६३६**	**९३१,१५६,९४६**	**४९५,०६४,००२**	**१३,४१७,७२०,२२५**		

(प्रमेश राज कायस्थ)
प्रमुख वित्त अधिकृत

(गणेश राज पोखरेल)
प्रमुख कार्यकारी अधिकृत

(राजन सिंह भण्डारी)
अध्यक्ष

(प्रकाश चन्द्र मैनाली)
सञ्चालक

(विजय ध्वज कार्की)
सञ्चालक

(सीता कार्की के. सी)
सञ्चालक

(प्रबल जंग पाण्डे)
सञ्चालक

(सजन शर्मा)
सञ्चालक

(सुदेश खालिङ्ग राई)
सञ्चालक

हाम्रो आजको मितिको संलग्न
प्रतिवेदन आनुसार

सि. ए. केशव कुमार बुढाथोकी
प्रोप्राइटर
के के बुढाथोकी एण्ड एसोसिएट्स्
चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०७७/०७/०३
स्थान : नारायणहिटी पथ, काठमाडौं

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू

(२०७७ आषाढ मसान्त)

१. रिपोर्टिङ संस्था

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (यस पश्चात् "बैंक" भनी उल्लेख गरिएको) कम्पनी ऐन २०६३ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंकको रूपमा बैंकिङ्ग कारोवार गर्न इजाजतपत्रप्राप्त "क" वर्गको वित्तीय संस्था हो । बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, काठमाडौंमा रहेको छ । बैंकले बैशाख ७, २०६४ देखि विधिवत् रुपमा बैंकिङ्ग व्यवसाय गर्दै आएको छ । यस बैंकका शेयरहरू नेपाल स्टक एक्सचेन्जमा सूचीकृत छन् र "CZBIL" कोड अन्तर्गत ट्रेडिंग भइरहेको छ । बैंकले नेपालमा व्यवसायिक बैंकिङ्ग कारोवार लगायत वाणिज्य बैंकहरुले प्रदान गर्ने सबै सेवाहरु बैंकको प्रधान कार्यालय, शाखाहरु, शाखा रहित बैंकिङ्ग सेवा इकाईहरु तथा एटीएमहरु मार्फत प्रदान गर्दै आएको छ ।

बैंकले आर्थिक वर्ष २०७१/७२ मा दुई वटा "ग" वर्गका वित्तीय संस्थाहरु, नेपाल हाउजिङ मर्चन्ट फाईनान्स लिमिटेड र पिपल्स फाईनान्स लिमिटेड प्राप्ति गरि बैशाख २५, २०७२ बाट संयुक्त कारोवार शुरू गरेको थियो । यसै गरी, बैंकले आर्थिक वर्ष २०७३/७४ मा प्रिमियर फाईनान्स लिमिटेडलाई प्राप्ति गरि श्रावण २, २०७३ बाट एकीकृत कारोवार शुरू गरेको थियो । यस आर्थिक वर्ष २०७६/७७ मा बैंकले "ख" वर्गको वित्तीय संस्था, सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरि आषाढ २०, २०७७ गतेबाट संयुक्त कारोवार शुरू गरेको छ ।

सहायक कम्पनीहरु

सि बि आई एल क्यापिटल लिमिटेडमा यस बैंकको ५८.६० प्रतिशत र सि बि आई एल सेक्यूरिटीज लिमिटेडमा यस बैंकको शत प्रतिशत लगानी रहेको सहायक कम्पनीहरू हुन् ।

सि बि आई एल क्यापिटल लिमिटेड माघ १७, २०६२ मा कम्पनी ऐन, २०६३ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । बैंकले फाल्गुण ३०, २०७२ मा सि बि आई एल क्यापिटल लिमिटेडमा इक्विटी लगानी गरि सहायक कम्पनी खडा गरेको थियो । सि बि आई एल क्यापिटल लिमिटेडको प्रमुख गतिविधिहरुमा मर्चेण्ट बैंकिङ्ग सेवा अन्तर्गतका धितोपत्रको सार्वजनिक निष्काशन व्यवस्थापन, लगानी व्यवस्थापन, धितोपत्रको प्रत्याभूति सेवा, शेयर रजिष्ट्रार, सामूहिक लगानी कोषको योजना व्यवस्थापन तथा निक्षेप सदस्यको रुपमा कार्य गर्ने, संस्थागत परामर्श सेवा उपलब्ध गराउने लगायतका कार्यहरु पर्दछन् ।

सि बि आई एल सेक्यूरिटीज लिमिटेड ज्येष्ठ २८, २०७६ मा कम्पनी ऐन, २०६३ अन्तर्गत सार्वजनिक कम्पनीको रूपमा दर्ता भएको थियो । बैंकले आषाढ २०,२०७६ मा सि बि आई एल सेक्यूरिटीज लिमिटेडमा इक्विटी लगानी गरि सहायक कम्पनी खडा गरेको थियो । सि बि आई एल सेक्यूरिटीज लिमिटेडको प्रमुख गतिविधिहरुमा धितोपत्र, मार्जिन ट्रेडिंग, धितोपत्रमा लगानी र ग्राहकहरुलाई परामर्श र अन्य सम्बन्धित दलाली सेवाहरु प्रदान गर्नु हो ।

सम्बद्ध कम्पनीहरु

नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेड (NEPS) र नेपाल क्लियरिंग हाउस लिमिटेड (NCHL) बैंकका सम्बद्ध कम्पनीहरु हुन् ।

नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेड सात राष्ट्रिय स्तरका वित्तीय संस्थाहरुको सहकार्यमा प्रवर्द्धित संस्था हो, जसको उद्देश्य यी बैंकहरूको स्रोतलाई एकसाथ ल्याउने र सुरक्षित, भरपर्दो र विद्युतीय भुक्तानीमा नयाँ प्रविधिको द्रुत वृद्धिलाई समेट्न सक्षम एउटा साझा प्लेटफर्म स्थापना गर्ने हो । बैंकको नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेडमा ८.५२ प्रतिशत स्वामित्व रहेको छ ।

नेपाल क्लियरिंग हाउस लिमिटेड ८ मंसिर २०६५ मा नेपाल राष्ट्र बैंकको नेतृत्व र निर्देशनमा स्थापना भएको सार्वजनिक कम्पनी हो । यसमा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक, विकास बैंक, फाईनान्स कम्पनी र स्मार्ट चोइस टेक्नोलोजीको इक्विटी सहभागिता छ । राष्ट्रिय भुक्तानी गेटवे स्थापना गर्न देशभित्रै विद्युतीय भुक्तानी र वित्तीय लेनदेनको सुविधा पुऱ्याउन नेपालमा दीर्घकालीन भुक्तानी, क्लियरिङ र सेटलमेन्ट सिस्टम स्थापना गर्ने

रणनीतिक उद्देश्य नेपाल क्लियरिंग हाउस लिमिटेडको रहेको छ। यस संस्थाले विद्युतीय चेक क्लियरिङ्ग र अन्तर बैंक भुक्तानी प्रणाली जस्ता राष्ट्रिय भुक्तानी प्रणाली सञ्चालन गर्दै आएको छ। बैंकको नेपाल क्लियरिङ हाउस लिमिटेडमा १.९७ प्रतिशत स्वामित्व रहेको छ।

बैंक, सहायक कम्पनीहरु र सम्बद्ध कम्पनीहरुलाई सामूहिक रूपमा "समूह" को रूपमा उल्लेख गरिएको छ।

२. वित्तीय विवरण तयार पार्दाका आधारहरु

समूहको वित्तीय विवरणहरू प्रोदभावी लेखामा (Accrual Basis) आधारित भई तयार गरिएको छ। समूहको नगद प्रवाह विवरण प्रत्यक्ष विधि (Direct Method) प्रयोग गरि नगद आधारमा तयार गरिएको छ।

समूहको वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण (एकीकृत वासलात), एकीकृत नाफा/नोक्सानको विवरण तथा एकीकृत अन्य विस्तृत आम्दानीको विवरण, एकीकृत इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण, एकीकृत नगद प्रवाहको विवरण र लेखांकनका टिप्पणीहरू सम्मिलित छन्। एकीकृत वित्तीय विवरण तयार गर्दा लागू गरिएका महत्वपूर्ण लेखा नीतिहरू बुँदा नम्बर ३ मा उल्लेख गरिएको छ। यी नीतिहरु अन्यथा उल्लेख नभएसम्म हरेक वर्ष निरन्तर लागु गरिएका छन्।

२.१ अनुपालनाको घोषणा

समूहको वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board -ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal – ICAN) द्वारा अनुपालनको लागि जारी गरिएको व्यवस्था अनुसार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ का व्यवस्थाहरु, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरुको अधिनमा तयार पारिएका छन्।

समूहको आ.व. २०७६/७७ को कारोवार समावेश गरिएको यस वित्तीय विवरण सञ्चालक समितिको मिति २०७७/०७/०३ गते बसेको बैठकले शेयरधनीबाट स्वीकृत गर्नको लागि आगामी वार्षिक साधारण सभा समक्ष सिफारिस गरिएको हो।

२.२ समीक्षा अवधि

समीक्षा अवधि भन्नाले नेपाली पात्रो (वि.सं.) अनुसार वर्षको श्रावण (मध्य जुलाई) को पहिलो दिनदेखि अर्को वर्षको आषाढ (मध्य जुलाई) को अन्तिम दिनसम्मको अवधि हो।

	वि.सं.	इ.सं.
यस वर्ष	२०७६/७७	२०१९/२०
गत वर्ष	२०७५/७६	२०१८/१९
यस वर्ष को अवधि	श्रावण १, २०७६ देखि	जुलाई १७, २०१९ देखि
	आषाढ ३१, २०७७ सम्म	जुलाई १५, २०२० सम्म
गत वर्ष को अवधि	श्रावण १, २०७५ देखि	जुलाई १७, २०१८ देखि
	आषाढ ३१, २०७६ सम्म	जुलाई १६, २०१९ सम्म

२.३ कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा (Functional and Presentation Currency)

समूह सञ्चालनमा भएको प्राथमिक आर्थिक वातावरणको मुद्रा - नेपाली रुपैयाँमा नै समूहको वित्तीय विवरणहरू प्रस्तुत तथा मापन गरिएको छ। वित्तीय जानकारीहरु पनि नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ। समीक्षा अवधिमा समूहको प्रस्तुतीकरण र कार्यात्मक मुद्रामा कुनै परिवर्तन आएको छैन। अन्यथा उल्लेख भएको बाहेक अंकहरुलाई निकटतम रुपैयाँमा उल्लेख गरिएको छ।

२.४ अनुमान, धारणा र स्वविवेकको प्रयोग (Use of Estimates, Assumptions and Judgment)

वित्तीय विवरण तयार गर्दा वित्तीय विवरणमा अभिलेख गरिएको सम्पत्ति र दायित्व (आकस्मिक सम्पत्ति र दायित्व सहित) तथा खर्च र आम्दानीको विवरण तयार गर्दा व्यवस्थापनले निश्चित अनुमान, धारणा र स्वविवेक अनुरुप निर्णय गरेको छ । व्यवस्थापनले वित्तीय विवरणको तयारीमा प्रयोग गरिएको अनुमान विवेकपूर्ण र उचित छ भन्ने विश्वास लिएको छ । यी अनुमानहरु वास्तविक नतिजा भन्दा फरक हुन सक्दछन् । अनुमान र धारणाहरूलाई निरन्तर रुपमा समीक्षा गरिन्छ । अनुमानहरुमा भएको परिवर्तन र संशोधनहरुलाई संशोधन भएको मितिबाट चालु तथा आउने अवधिमा लेखांकन गरिन्छ ।

आगामी वित्तीय वर्षहरूमा समायोजनको जोखिम उत्पन्न गराउन सक्ने अनुमान तथा धारणा निम्न लिखित छन् :

- नगद प्रवाह प्रक्षेपण गर्दा प्रयोग भएको मुख्य धारणाहरू
- परिभाषित लाभ दायित्वहरूको मापन
- प्रावधान, प्रतिबद्धता र आकस्मिकताहरू
- सम्पत्तिको खुद मूल्य निर्धारण
- जायजेथा र उपकरणहरूको उपयोगी जीवनको निर्धारण
- समूहको व्यवसाय निरन्तरताको आंकलन
- जायजेथा र उपकरणहरूको उचित मोल (Fair Value) निर्धारण
- वित्तीय र गैह्र वित्तीय सम्पत्तिको क्षय नोक्सानी
- चालु तथा स्थगन करको आकंलन

२.५ लेखांकन नीतिमा परिवर्तन

समूहले आफ्नो लेखा नीतिहरू सबै वर्षहरूमा समानान्तर रूपमा लागु गरेको छ भने केही रकमहरु अघिल्लो वर्षसँग तुलना गर्न पुनःवर्गीकरण गरिएको छ । त्रुटिहरूको सुधार र लेखा नीतिमा भएका कुनै परिवर्तनहरूलाई छुट्टै विवरण सहित उल्लेख गरिएको छ ।

२.६ जारी भई लागु नभएका रिपोर्टिङ्ग मानक

समूहको वित्तीय विवरण जारी गर्ने मितिसम्म जारी गरिएको तर कार्यान्वयनमा नल्याएका रिपोर्टिङ्ग मानक निम्नानुसार रहेका छन् :

वित्तीय उपकरणको रिपोर्टिङ्गको लागि, NAS ३२ वित्तीय उपकरण प्रस्तुतिकरण (Financial Instruments Presentation), NAS ३९ वित्तीय उपकरण पहिचान र मापन (Financial Instruments Recongnition and Measurements) र NFRS ७ वित्तीय उपकरण-खुलासा (Financial Instruments Disclosures) लागु गरिएको छ । वित्तीय उपकरणहरूको वर्गीकरणको लागि NFRS ९ अनुपालन गरिएको छ । समूहले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी वैकल्पिक व्यवस्था (Carve outs) लागु गरेको छ र यसको गुणात्मक तथा गणात्मक प्रभाव लेखा सम्बन्धि टिप्पणीहरुमा उल्लेख गरिएको छ ।

विभिन्न मितिमा International Accounting Standard Board (IASB) बाट जारी गरिएका र लागु हुने केही नयाँ मान र वर्तमान मानमा संशोधन र व्याख्या जारी भएका छन् । नेपाल लेखामान बोर्डबाट (Accounting Standard Board of Nepal) यसलाई NFRS मा समावेश गराएपछि यी मानहरु लागु हुनेछन् ।

२.७ डिस्काउन्टीङ्ग (Discounting)

समूहले वित्तीय सम्पत्ति वा दायित्वको परिशोधित लागत (Amortized cost) प्रभावकारी ब्याजदर (Effective Interest Rate) प्रयोग गरी गणना गर्दछ । परिशोधित ब्याजदर वित्तीय सम्पत्ति वा दायित्वको अवधि भित्र भविष्यमा हुने नगद भुक्तानी वा नगद प्रवाहहरूलाई डिस्काउन्टीङ्ग (Discounting) गर्दा त्यो वित्तीय सम्पत्ति वा दायित्वको किताबी मूल्य (carrying value) बराबर प्रतिविम्बित गर्ने दर हो । यदि अपेक्षित जीवन (Expected Life) भरपर्दो तरिकाले निर्धारण गर्न नसकिने भए अनुबन्धित जीवन (Contractual Life) प्रयोग गरिएको छ ।

समूहले वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको कारोवार रकमले उचित मोल (Fair Value) प्रतिनिधित्व गर्दैन भन्ने लागेमा, उक्त वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको प्रारम्भिक उचित मोल (Fair Value) निर्धारण गर्दा भविष्यमा हुने नगद प्रवाहलाई विद्यमान ब्याजदरबाट डिस्काउन्टीङ्ग (Discounting) गरिन्छ।

२.८ अघिल्लो अवधिका त्रुटिहरू

अघिल्लो अवधिका त्रुटिहरू वित्तीय विवरणमा चूक वा गलत जानकारीहरू हुन्। त्यस्ता त्रुटिहरू एक वा एक भन्दा बढी अघिल्लो अवधिसंग सम्बन्धित हुन सक्दछ। त्रुटिको सुधारगर्दा नयाँ विधि वा अनुमानको प्रयोग सबै पहिले प्रभावित भएका वर्षको वित्तीय विवरणहरूको संचयी प्रभाव (Cumulative Effect) गणना गरेर गरिएको छ। यस्ता परिवर्तनहरू व्यवहारिक नहुने खण्डमा हालको अवधिको शुरुवाती मौज्दातमा अनुकुल समायोजन गरेर नयाँ अवधिमा लागु गरिन्छ।

२.९ अघिल्लो वर्षको रकम

तुलना गर्न सजिलो गर्नका लागि आवश्यकता अनुसार आघिल्लो वर्षको रकमहरु पुनःवर्गीकरण गरिएको छ।

२.१० वस्तुगत महत्व र एकत्रीकरण (Materiality and Aggregation)

NFRS १ वित्तीय विवरणहरूको प्रस्तुतिकरण (Presentation of Financial Statements) बमोजिम हरेक समान प्रकृतिको उल्लेखनीय वस्तुहरू (Material Items) लाई वित्तीय विवरणमा छुट्टै प्रस्तुत गरिएको छ। भिन्न प्रकृतिका वस्तुहरू तथा कार्यहरुलाई भने उल्लेखनीय (Material) नभएता पनि अलग्गै प्रस्तुत गरिएको छ।

२.११ निरन्तरता (Going Concern)

समूहको सञ्चालक समिति भविष्यमा बैंकको व्यवसाय अनवरत रुपमा चलिरहनका लागि पर्याप्त स्रोत तथा साधनहरु छन् भनि विश्वस्त छ। यस सम्बन्धि मूल्याङ्कन गर्न सञ्चालक समितिले विभिन्न वर्तमान तथा भविष्यको संभावित अवस्था, वर्तमान तथा भविष्यको नाफा, नगद प्रवाह र स्रोतको प्रक्षेपण जस्ता विषयहरुमा गहन छलफल तथा विमर्श गरेको छ। तसर्थ वित्तीय विवरण निरन्तरता (Going Concern) को सिद्धान्तको आधारमा तयार गरिएको छ।

२.१२ अंगीकार नगरिएका नयाँ मानक र व्याख्या

चालु आर्थिक वर्षमा समूहले NFRS मा तोकिए बमोजिमको केही मापदण्डहरू बाध्यकारी नभएकोले लागू गरिएको छैन र वैकल्पिक व्यवस्था (Carve out) बमोजिम समायोजन गरिएको छ, जसले गर्दा खुद नाफा र सञ्चित आय प्रभावित भएको छ।

३. आधारभूत लेखा नीतिहरु

समूहको वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका आधारभूत लेखा नीतिहरु तल उल्लेख गरिएका छन्। अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ। वित्तीय विवरणहरूको तयारीका लागि निश्चित लेखा अनुमानहरूको प्रयोग आवश्यक पर्दछ। वित्तीय विवरणहरू तयार गर्नका लागि गरिएका महत्वपूर्ण निर्णय, अनुमानहरू र तिनका प्रभावहरू विस्तृतमा उल्लेख गरिएको छ।

३.१ मापनको आधार

वित्तीय विवरण निम्न वस्तुगत महत्वको आधारमा उल्लेख गरिए बाहेक ऐतिहासिक मूल्यको आधारमा तयार पारिएको छ :

- परिशोधित लागत (Amortized Cost) मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिलाई उचित मोल (Fair Value) मा मापन गरिएको छ।
- नाफा-नोक्सान हिसाबबाट उचित मोल (Fair Value) मा मापन गरिने गैह्र व्युत्पन्न वित्तीय साधनहरू उचित मोल (Fair Value) मा मापन गरिएको छ।
- व्युत्पन्न वित्तीय साधनहरू उचित मोल (Fair Value) मा मापन गरिएको छ।
- Inventory लाई लागत वा खुद मूल्य जुन कम हुन्छ त्यसमा मूल्यांकन गरिएको छ।

- परिभाषित लाभ दायित्वहरूको लागि परिभाषित लाभ दायित्वको वर्तमान मूल्यमा योजनागत सम्पत्तिहरूको उचित मोल (Fair Value) घटाई प्रस्तुत गरिएको छ।
- लगानी जायजेथालाई लागतमा मापन गरिएको छ।
- नगद भुक्तानी गरिएको दायित्व, शेयरमा आधारित भुक्तानी व्यवस्थालाई उचित मोल (Fair Value) मा मापन गरिएको छ।
- लगानी सुरक्षणपत्रहरुलाई उचित मोल (Fair Value) मा मापन गरिएको छ।
- व्यापारिक उद्देश्यका लागि राखिएको बण्ड, ट्रेजरी बिल, इक्विटी आदिहरूलाई उचित मोल (Fair Value) मा मापन गरिएको छ।
- सम्पत्तिको हानी नोक्सानीलाई उचित मोल (Fair Value) तथा निसर्ग मोल (Disposed Cost) मा मापन गरिएको छ।
- व्यवसाय संयोजनबाट प्राप्त सम्पत्ति र दायित्वहरू उचित मोल (Fair Value) मा मापन गरिएको छ र
- मानकहरूद्वारा प्रदान गरिएका अन्य आवश्यकताहरू वा विकल्पहरू लागु गरिएको छ।

३.२ एकीकरणको आधार

यदि कुनै कम्पनीसँग, अर्को संस्था वा व्यवसायको वित्तीय र सञ्चालन नीतिहरू नियन्त्रण गर्न सक्ने प्रत्यक्ष वा अप्रत्यक्ष शक्ति छ भने त्यस्ता संस्था वा व्यवसायलाई सहायक कम्पनीको रूपमा वर्गीकृत गरिन्छ। एकीकृत वित्तीय विवरणले बैंक र यसका सहायक कम्पनीहरूको नतिजालाई एउटै कम्पनीको रुपमा प्रस्तुत गर्दछ।

वित्तीय विवरणमा प्राप्ति गरिएको संस्थाको पहिचान योग्य सम्पत्ति, दायित्व र आकस्मिक दायित्वहरुलाई प्राप्त गर्ने मितिको उचित मोल अनुसार लेखांकन गरिएको छ। प्राप्ति गरिएको संस्थाको नतिजालाई प्राप्त गरिएको मितिबाट एकीकृत आय विवरणमा समावेश गरिएको छ। नियन्त्रण सकिएको मितिबाट त्यस्ता संस्थाहरुलाई भिन्न (deconsolidated) गरिएको छ।

NFRS १० एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) अनुसार समूहको वित्तीय विवरणहरुले बैंक र सहायक कम्पनिहरुको वित्तीय विवरण समेटेको छ।

३.२.१ सहायक कम्पनीहरु

सहायक कम्पनीहरु बैंकको नियन्त्रणमा रहेका कम्पनीहरु हुन् । कुनै संस्थासँगको संलग्नताको कारण परिवर्तनशील प्रतिफलको अधिकार भएमा र त्यस्तो संस्थाको नाफामा असर पार्ने शक्ति भएमा बैंकले सो संस्थालाई नियन्त्रण गर्छ। सहायक कम्पनीहरुको वित्तीय विवरणहरु नियन्त्रण शुरू भएको मितिदेखि नियन्त्रण सकिएको मितिसम्म एकीकृत वित्तीय विवरणमा समेटिएको छ। बैंकले आफ्नो नियन्त्रणमा एक वा एकभन्दा बढी तत्वहरु परिवर्तन भएका छन् कि भनेर पुर्नमूल्यांकन गर्दछ। एकै किसिमका कारोवार तथा घटनाहरूका लागि समान लेखा नीति प्रयोग गरेर वित्तीय विवरण तयार गरिएको छ।

एकीकृत वित्तीय विवरणहरू एकै आर्थिक वर्षान्तको लागि तयार गरिएको छ। सहायक कम्पनीलाई नगद लाभांश तथा कर्जा चुक्ता गर्नका लागि मुख्य कम्पनी (holding company) मा रकम पठाउन कुनै किसिमको प्रतिबन्ध छैन। बैंकको दुबै सहायक कम्पनीहरू नेपालमा संस्थापना भएका हुन्।

३.२.२ व्यवसायिक संयोजन (Business Combination)

व्यवसायिक संयोजन प्राप्ति विधि (Acquisition Method) प्रयोग गरी लेखांकन गरिन्छ। प्राप्ति मितिमा, गैह्र नियन्त्रण स्वार्थको रकम उचित मोल वा गैह्र नियन्त्रण स्वार्थको पहिचान योग्य खुद सम्पत्तिको अनुपातिक शेयरमा मापन गरीएको छ। प्राप्ति सँग सम्बन्धित खर्चहरुलाई खर्च गरिएको तथा सेवाहरू प्राप्त गरेको अवधिमा खर्च लेखिएको छ।

समूहले कारोवारको आधारमा गैह्र नियन्त्रण स्वार्थलाई उचित मोलमा मापन गर्ने वा प्राप्ति मितिमा पहिचान योग्य सम्पत्तिको अनुपातिक शेयरमा मापन गर्ने भनेर छनौट गर्दछ। व्यवसायिक संयोजनको क्रममा ऋण वा इक्विटी जारीसँग सम्बन्धित बाहेकका लागतलाई खर्च भए अनुसार खर्च लेखिएको छ ।

३.२.३ गैह्रनियन्त्रण स्वार्थहरूको प्राप्ति

गैह्रनियन्त्रण स्वार्थहरूको प्राप्तिलाई शेयरधनीसँगको कारोवारको रुपमा लेखांकन गरिन्छ। त्यस कारण, त्यस्ता कारोवारको परिणाम स्वरूप कुनै ख्याति (Goodwill) लेखांकन गरिएको छैन।

३.२.४ नियन्त्रण गुमाउनु (Loss of Control)

समूहले सहायक कम्पनीको नियन्त्रण गुमाएमा आफ्नो एकीकृत वित्तीय विवरणबाट सहायक कम्पनीको सम्पत्ति तथा दायित्व हटाँउछ, गैह्र नियन्त्रित स्वार्थको रकम तथा सहायक कम्पनीसँग सम्बन्धित इक्विटीमा सञ्चित रुपान्तरण नोक्सानलाई पनि हटाँउदछ। साथै, पहिल्यै अन्य विस्तृत आम्दानीमा लेखांकन गरिएको मुख्य कम्पनीको तत्वहरुलाई नाफा/नोक्सान वा सञ्चित नाफामा उपयुक्त ढंगबाट पुनर्वर्गीकरण गरिन्छ। नियन्त्रण गुमाउँदा हुने Surplus वा नोक्सानलाई नाफा/नोक्सान हिसाबमा लेखांकन गरिन्छ। पूर्व सहायक कम्पनीमा समूहको कुनै स्वार्थ रहँदा त्यस्ता स्वार्थहरु नियन्त्रण गुमाएको मितिको उचित मोलमा मापन गरिन्छ। यसपछि, यसलाई समूहले कायम गरेको स्वार्थको प्रभावको आधारमा इक्विटीमा लेखांकन गरिएको लगानी वा समूहको वित्तीय उपकरणको लेखांकन नीति अनुसार लेखांकन गरिन्छ।

३.२.५ एकीकरणमा हटाईएका कारोवार

अन्तर समूह कारोवारबाट हुने सबै अन्तर समूह मौज्दात, आम्दानी र खर्च (विदेशी मुद्रा सटहीबाट प्राप्त हुने आम्दानी र नोक्सान बाहेक) लाई एकीकृत वित्तीय विवरण तयार गर्दा हटाईएको छ। सहायक र मुख्य कम्पनीहरू बीचको लेनदेनको परिणामस्वरूप भएका प्राप्त भई नसकेको लाभ र नोक्सानलाई पनि समूहको स्वार्थ रहेको हदसम्म हटाइएको छ।

३.३. नगद र नगद समान

नगद र नगद समान भन्नाले आफूसँग भएको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, झिक्न मिल्ने नेपाल राष्ट्र बैंकमा रहेका मौज्दात, प्राप्तिको मितिबाट तीन वा तीन महिना भन्दा कम परिपक्वता अवधि भएको तरल वित्तीय सम्पत्ति तथा नगदमा सजिलै रूपान्तरण गर्न सकिने अति तरल वित्तीय सम्पत्ति बुझिन्छ। यस्ता सम्पत्तिहरुमा मूल्यमा हुने परिवर्तनको कारणले उल्लेखनिय जोखिम रहेको हुदैंन।

नगद र नगद समानलाई वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्तिको रूपमा वर्गीकृत गरी परिशोधित मूल्यमा (Amortised Cost) मापन गरिन्छ।

NAS ७ नगद प्रवाहको विवरण अनुसार 'प्रत्यक्ष विधि' प्रयोग गरेर तयार गरिएको छ।

३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्व

३.४.१ पहिचान

समूहले उपकरणको प्रावधानहरुसँग अनुबन्धित भएको मितिमा मात्रै प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई लेखांकन गर्दछ। समूहले कर्जा तथा सापटी, निक्षेप तथा ऋणपत्र र सहायक आवधिक दायित्वको प्रारम्भिक लेखांकन बैंक उपकरणको प्रावधानहरूसँग अनुबन्धित मितिमा गर्दछ। समूहले वित्तीय उपकरणहरु, जस्तै शेयर, ऋणपत्र, सुरक्षणपत्र, सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंकको ऋणपत्र र निक्षेप लिलामी, रिर्भस रिपो, आउट राइट परचेज मा गरेको लगानी खरिद गर्ने प्रतिवद्धता गरेको मितिबाट लगानीमा लेखांकन गर्दछ। नियमित रुपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त सम्पत्ति खरिद बिक्रि भएको मितिमा गरिन्छ।

३.४.२ वर्गीकरण

क) वित्तीय सम्पत्ति

समूहले वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि अपनाइएको व्यावसायिक मोडल (Business model) र वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाह विशेषताहरुको आधारमा परिशोधित लागत वा उचित मोलमा मापन गर्ने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्दछ। वित्तीय सम्पत्तिको दुई वर्गहरु निम्नानुसार रहेका छन्।

अ) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति

समूहले देहायको दुवै शर्त पूरा भएमा वित्तीय सम्पत्तिलाई परिशोधित लागतमा मापन गर्ने वर्गमा वर्गीकरण गर्दछ :

- अनुबन्धित नगद प्रवाहको संकलन गर्ने उद्देश्यले व्यवसायिक मोडेलमा धारण गरिएको सम्पत्ति र
- वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा ब्याज रकमको मात्र भुक्तानी हो।

आ) उचित मोलमा मापन गरिएको वित्तीय सम्पत्ति

परिशोधित लागत (Amortized cost) मा मापन नगरिएको वित्तीय सम्पत्तिलाई उचित मोलमा मापन गरिएका छन्। उचित मोलमा मापन गरिएको वित्तीय सम्पत्तिलाई देहायको वर्गमा पुनःवर्गीकरण गरिएको छ :

- **नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिने वित्तीय सम्पत्ति**
  व्यापारको लागि लिइएका वित्तीय सम्पत्तिलाई नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिन्छ । प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्ध खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ। त्यस पश्चात्त सो सम्पत्तिलाई उचित मोलमा मापन गरिएको छ र उचित मोलको फरकलाई नाफा-नोक्सानमा लेखांकन गरिन्छ।

- **अन्य विस्तृत आम्दानीको माध्यमबाट उचित मोलमा मापन गरिने वित्तीय सम्पत्ति**
  इक्वीटी उपकरणमा गरेको लगानी जुन व्यापारको लागि राखिएको हुँदैन र अन्य विस्तृत आम्दानीद्वारा उचित मोलमा मापन गर्ने मनसायमा व्यवस्थापनले अपिरवर्तनीय निर्णय गरेको हुन्छ, त्यस्ता सम्पत्तिलाई अन्य विस्तृत आम्दानीद्वारा उचित मोलमा गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण मापन गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गरिएको छ। त्यस पश्चात् सो सम्पत्तिलाई उचित मोलमा मापन गरिएको छ र उचित मोलको फरकलाई अन्य विस्तृत आम्दानीमा लेखांकन गरिन्छ।

ख) वित्तीय दायित्व

वित्तीय दायित्वहरुलाई समूहले देहाय बमोजिम वर्गीकरण गरेको छ :

अ) नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिने वित्तीय दायित्व

व्यापारको लागि लिइएका वित्तीय दायित्वलाई नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिन्छ। प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्ध खर्चलाई नाफा-नोक्सान हिसाबमा लेखांकन गरिएको छ। त्यस पश्चात् सो दायित्वलाई उचित मोलमा मापन गरिएको छ र उचित मोलको फरकलाई नाफा-नोक्सान हिसाबमा लेखांकन गरिन्छ।

आ) परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्व

नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापित वित्तीय दायित्व बाहेकका वित्तीय दायित्वलाई प्रभावकारी ब्याजदरको आधार प्रयोग गरी परिशोधित मूल्यमा लेखांकन गरिन्छ।

३.४.३ **मापन**

प्रारम्भिक मापन

नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा दायित्वलाई सुरुको उचित मोलमा प्रत्यक्ष संलग्न कारोवार रकम जोडी मापन गरिन्छ। नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिने वित्तीय सम्पत्ति र दायित्वसंग सम्बन्ध भएको कारोवार लागतलाई नाफा/नोक्सान विवरणमा लेखांकन गरिन्छ।

पछिको मापन (Subsequent Measurement)

वित्तीय सम्पत्ति र दायित्वलाई वर्गीकरणको आधारमा उचित मोलमा वा परिशोधित मूल्यमा मापन गरिन्छ। परिशोधित लागतमा मापन गरिने वर्गमा वर्गीकृत सम्पत्ति वा दायित्व प्रभावकारी ब्याजदर विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ।

वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत भनेको त्यो रकम हो जसमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखांकन गरिएको रकममा साँवाको पुनर्भुक्तानीलाई घटाई, प्रभावकारी ब्याज विधिद्वारा मापन गरिएको संचित परिशोधन (प्रारम्भिक रकम र परिसोधित रकमको भिन्नता) लाई घटाई अथवा जोडी र क्षति वा संकलन नहुने कारण हुने कमिलाई घटाई परिणाम स्वरुप आएको रकमलाई बुझिन्छ।

उचित मोलमा मापन गरिएको वित्तीय सम्पत्तिलाई प्रारम्भको मापन पश्चात् पुनः उचित मोलमा मापन गरिन्छ। नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिने वित्तीय सम्पत्तिको उचित मोलमा आएको फरकलाई नाफा-नोक्सान हिसाबमा लेखांकन गरिन्छ भने अन्य विस्तृत आम्दानीको माध्यमबाट उचित मोलमा मापन गरिने वित्तीय सम्पत्तिको उचित मोलमा आएको फरकलाई अन्य विस्तृत आम्दानी हिसाबमा लेखांकन गरिन्छ।

३.४.४ **पहिचानबाट हटाउनु (De-recognition)**

क) **वित्तीय सम्पत्ति पहिचानबाट हटाउनु (De-recognition)**

जब कुनै वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त हुन्छ, वा जब समूहले कारोवारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ जसमा वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ, अथवा समूहले न त प्रतिफल र जोखिम हस्तान्तरण गर्छ न त प्रतिफल र जोखिम प्राप्त गर्ने अधिकार राख्दछ र वित्तीय सम्पत्तिको नियन्त्रण राख्दैन त्यस बेला समूहले वित्तीय सम्पत्तिलाई पहिचानबाट (De-recognize) हटाउँदछ।

यदी हस्तान्तरण गरिएको वित्तीय सम्पत्तिमा समूहको कुनै स्वार्थ कायम रहेको छ भने त्यसलाई छुट्टै सम्पत्ति वा दायित्वका रूपमा लेखांकन गरिन्छ। वित्तीय सम्पत्ति पहिचानबाट हटाउँदा सम्पत्तिको किताबी मूल्य र प्राप्त प्रतिफल तथा पहिचान नगरिएको संचयी लाभ तथा नोक्सानको योगको भिन्नतालाई नाफा वा नोक्सान हिसाबमा लेखांकन गरिन्छ।

यदि समूहले कुनै लेनदेनमा वित्तीय विवरणमा देखाइएको सम्पत्तिलाई हस्तान्तरण गर्दछ, तर सो सम्पत्तिसंग सम्बन्धित सम्पूर्ण जोखिम तथा लाभ आफैसँग राख्दछ भने त्यस्तो सम्पत्ति पहिचानबाट हटाइदैन। जस्तै : Repurchase करार।

ख) **वित्तीय दायित्व पहिचानबाट हटाउनु (De-recognition)**

दायित्वको जिम्मेवारी पूर्ण रुपमा राफसाफ भएमा, रद्ध भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरुलाई पहिचानबाट हटाइन्छ (De-recognize गरिन्छ)। जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु बिभिन्न शर्तहरू, वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नयाँ दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्व पहिचानबाट हटाइन्छ (De-recognize गरिन्छ) र नयाँ दायित्वको लेखांकन गरिन्छ। मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफल बीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखांकन गरिन्छ।

३.४.५ उचित मोलको निर्धारण

"उचित मोल" त्यो मूल्य हो जुन मापन मितिमा क्रमिक लेनदेन गर्ने बजार वा त्यो नभएको अवस्थामा समूहको पहुँचमा भएको लाभदायक र नजिकको बजार सहभागीहरूबीच व्यवस्थित कारोवार भएको अवस्थामा सम्पत्ति बेच्दा लिइन्छ वा दायित्व हस्तान्तरण गर्दा तिरिन्छ। दायित्वको उचित मोलले यसको कार्यान्वयन जोखिम प्रतिविम्वित गर्दछ।

उपलब्ध भएसम्म समूहले उपकरणको मूल्याकंन सक्रिय बजारमा उक्त उपकरणका असमायोजित सूचीकृत मूल्यहरूबाट गर्दछ । सक्रिय बजार सम्पत्ति वा दायित्वको पर्याप्त कारोवार भई मूल्य निर्धारणको जानकारी निरन्तर रुपमा प्राप्त हुन्छ। यदि सक्रिय बजारमा सूचीकृत मूल्य उपलब्ध छैन भने समूहले सान्दर्भिक अवलोकन योग्य आधारहरुको अधिकतम् प्रयोग गरी मूल्य निर्धारणका विधिहरू प्रयोग गर्दछ। छनौट गरिएको मूल्यांकन विधिले बजार सहभागीहरूले लेनदेनको मूल्य निर्धारणमा ध्यान दिने सबै कारकहरू समाहित गर्दछ।

"उचित मोल" निम्न पदानुक्रम अनुसार निर्धारण गरिएको छ :

तह १ उचित मोल : मापन ती हुन् जुन समान प्रकृतिका सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचिकृत (Unadjusted quoted) मूल्यहरूबाट निकालिएको हुन्छ।

तह २ उचित मोल : मापन भन्नाले सक्रिय बजारमा समान प्रकृतिका (Similar) उपकरणका लागि सूचिकृत मूल्यहरू वा निष्कृय बजारमा समान प्रकृतिका (Identical or similar) उपकरणको लागि सूचिकृत मूल्यहरू जहाँ वित्तीय उपकरणहरू मूल्यांकन गर्दा सबै महत्वपूर्ण आधारहरु अवलोकन योग्य हुन्छ।

तह ३ उचित मोल : ती हुन् जहाँ एक वा एक भन्दा बढी अवलोकन गर्न नसकिने (unobservable) आधारहरु प्रयोग भई मापन हुन्छन्।

प्रारम्भिक मान्यतामा वित्तीय साधनको उचित मोलको उत्तम प्रमाण भनेको कारोवार मूल्य हो अर्थात् लेनदेनमा दिइएको वा प्राप्त गरिएको प्रतिफलको (Consideration) उचित मोल। यदि समूहले कुनै सम्पत्तिको प्रारम्भिक पहिचानमा उचित मोल, लेनदेन मोल भन्दा भिन्न पाउँछ, र त्यो उचित मोल न त सक्रिय बजारमा असमायोजित सूचिकृत (Unadjusted quoted) मूल्यहरूबाट निकालेको हुन्छ, न त सक्रिय बजारमा समान प्रकृतिका (Similar) उपकरणका लागि सूचिकृत मूल्यहरू वा निष्क्रिय बजारमा समानप्रकृतिका (Identical or similar) उपकरणको लागि सूचिकृत मूल्यहरूबाट निकालिएको हुन्छ, त्यस्तो वित्तीय उपकरणलाई, उचित मोल र लेनदेन मोलको भिन्नतालाई समायोजन गरि मापन गरिन्छ। त्यस्ता भिन्नतालाई उपकरणको अवधि भित्र पुनः उपयुक्त आधारमा वा उपकरणको लेनदेन कारोवार समाप्त हुनु अगावै नाफा-नोक्सान हिसाबमा लेखांकन गरिन्छ। तर वित्तीय सम्पत्ति तथा दायित्वको उचित मोल अवलोकन योग्य सक्रिय बजारबाट आंकलन गरिएको अवस्थामा लेनदेन मोल र उचित मोलको भिन्नतालाई नाफा-नोक्सान हिसाबमा तुरुन्तै लेखांकन गरिन्छ।

३.४.६ अफसेटिंग (Offsetting)

समूहसँग अफसेट (Offset) गर्ने कानुनी अधिकार प्राप्त हुँदा र उक्त सम्पत्ति तथा दायित्वलाई खुद आधार (Net Basis) मा राफसाफ गर्ने नियत राखेको अवस्थामा मात्र वित्तीय सम्पत्ति र वित्तीय दायित्वलाई अफसेट (Offset) गरी खुद रकम (Net Amount) लाई वित्तीय विवरणमा प्रस्तुत गरिएको छ। समूहको व्यापारिक गतिविधि जस्ता समान कारोवारको नाफा तथा नोक्सानलाई वा NFRS बमोजिम अफसेट गर्न मिल्ने आम्दानी तथा खर्चलाई अफसेट (Offset) गरि देखाइएको छ।

३.४.७ वित्तीय सम्पत्तिको क्षय नोक्सानी

समूहले हरेक आर्थिक वर्षको प्रतिवेदन मिति (Reporting Date) मा आफ्नो नाफा-नोक्सान हिसाबबाट उचित मोलमा लेखांकन नभएका वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा क्षय नोक्सानीको वस्तुगत प्रमाण (Objective Evidence) भए वा नभएको समीक्षा गर्दछ। यदि सम्पत्तिको प्रारम्भिक लेखांकन पछि हुने एक वा बढी घटनाहरूको परिणाम स्वरूप हानीको वस्तुगत प्रमाण

(Objective Evidence) छ र त्यो नोक्सानीको घटना (वा घटनाहरू) का कारण वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहको भविष्यमा हुने अपेक्षित नगद प्रवाहमा पर्ने प्रभाव विश्वसनीय तरिकाले अनुमान गर्न सकिन्छ भने, वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा क्षय नोक्सानी लेखांकन गरिन्छ।

वित्तीय सम्पत्तिमा क्षय नोक्सानी भएको वस्तुगत प्रमाणमा सकेंतको समीक्षा गर्न निम्न कुराहरु विचार गर्दछ :

- ऋणीलाई उल्लेखनीय वित्तीय कठिनाई भएमा
- ऋणी कर्जा तिर्न असक्षम भएमा
- समूहले विचार नगरेको शर्तमा कर्जा वा सापटीको पुनःसंरचना भएमा
- ऋणी टाट पल्टिने देखिएमा
- धितोको सक्रिय बजार नहुने भएमा
- सम्पत्तिहरूसँग सम्बन्धित अवलोकन योग्य तथ्यांकले ऋणीको भुक्तानी अवस्थाका साथै भएको प्रतिकुल परिवर्तनहरू, आर्थिक वातावरणले कर्जा भुक्तानीको असक्षमतामा मेल देखाएमा।

इक्विटी धितोपत्रमा गरिएको लगानीको लागि यसको उचित मोलमा उल्लेखनीय वा लामो समयसम्म गिरावट आई लागत भन्दा तल पुग्नु क्षय नोक्सानिको वस्तुगत प्रमाण (Objective Evidence) हो।

ऋणीलाई आर्थिक कठिनाइ भएको खण्डमा समूहले धितो जफत गर्नुको सट्टा कर्जाको पुनःसंरचना गर्ने गर्दछ। यसरी पुनःसंरचना गर्न भुक्तान अवधी विस्तार गरि नयाँ कर्जा सम्झौता गरिन्छ। एक पटक पुनः सम्झौता भएपछि, सर्त परिवर्तन हुनु अघिकै प्रभावकारी ब्याजदर अनुसार क्षय नोक्सानी मापन गरिन्छ। व्यवस्थापनले पुनःसंरचना गरिएका कर्जा भविष्यमा भुक्तानी हुन्छ या हुँदैन भनी निरन्तर समीक्षा गर्दछ। यसरी पुनःसंरचना गरिएको कर्जाहरु पहिलेकै प्रभावकारी ब्याजदर अनुसार एकल क्षय नोक्सानी र सामुहिक क्षय नोक्सानीको विधिअनुसार निरन्तर समिक्षा गरिन्छ ।

परिशोधित लगतमा मापन गरिएको सम्पत्तिमा क्षय नोक्सानी

समूहले कर्जा तथा सापटी र लगानी धितोपत्रमा क्षय नोक्सानीको संकेत भए वा नभएको समीक्षा एकल र सामूहिक स्तर दुबै तहमा गर्दछ। समूहले सर्वप्रथम एकल रूपमा महत्वपूर्ण सम्पत्तिमा क्षय नोक्सानीको संकेत भए वा नभएको समीक्षा गर्दछ र एकल रूपमा महत्वपूर्ण नभएका लाई सामूहिक रूपमा मूल्यांकन गर्दछ।

क्षय नोक्सान भएको संकेतको प्रमाणले क्षय नोक्सानी भएमा त्यस्तो क्षय नोक्सानी रकम, सम्पत्तिको किताबी मूल्य र भविष्यको अपेक्षित नगद प्रवाहको वर्तमान मूल्य बीचको भिन्नतामा मापन गरिन्छ। सम्पत्तिको किताबी मूल्यलाई क्षय नोक्सानी व्यवस्था खाताको प्रयोग मार्फत घटाइन्छ र उक्त कर्जाको क्षय नोक्सानी व्यवस्था रकमलाई नाफा/नोक्सान विवरणमा पहिचान गरिन्छ।

महत्वपूर्ण कर्जा तथा सापटी र लगानी धितोपत्रलाई एकल क्षय नोक्सानिका लागि मूल्यांकन गरिन्छ। एकल क्षय नोक्सानी नभएका महत्वपूर्ण कर्जा तथा सापटीलाई सामुहिक क्षय नोक्सानिका लागि मूल्यांकन गरिन्छ। व्यक्तिगत रूपमा महत्वपूर्ण नभएको कर्जा तथा सापटी र लगानी धितोपत्रहरुलाई समान जोखिमको आधारमा समूह बनाएर सामूहिक क्षय नोक्सानिका लागि मूल्यांकन गरिन्छ।

कर्जा तथा सापटी पोर्टफोलियोको क्षय नोक्सानी पोर्टफोलियोको विगतको व्यवहारको अनुभवको आधारमा गरिन्छ। सामुहिक नोक्सानीको आंकलन गर्दा समूहले ऋण नतिर्ने सम्भावना (Probability of default), असुलीको समय र नोक्सानी रकमको ऐतिहासिक प्रवृत्ति आदिको विश्लेषण गर्दछ र त्यसमा व्यवस्थापनले आर्थिक र कर्जाको वर्तमान अवस्था हेरेर वास्तविक नोक्सानी ऐतिहासिक प्रवृत्ति भन्दा बढी वा कम हुने समिक्षा गर्दछ। डीफल्ट दर, नोक्सानी दर र भविष्यमा पुनः प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूसँग तुलना गरि उपयुक्त भए नभएको सुनिश्चित गरिन्छ।

परिशोधित लागतमा मापन गरिएको सम्पत्तिको क्षय नोक्सान रकम, सम्पत्तिको किताबी मूल्य र भविष्यको अपेक्षित नगद प्रवाह लाई सम्पत्तिको पहिलेको प्रभावकारी ब्याजदरले डिस्काउन्ट गर्दा आउने वर्तमान मूल्य बीचको भिन्नतामा मापन गरिन्छ।

कर्जा तथा सापटीको क्षय नोक्सानी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको वैकल्पिक व्यवस्था (Carve out) अनुसार, नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड र नेपाल लेखामान मानक (NAS) ३९ को अनुच्छेद ६३ अनुसार निर्धारण गरिएको रकममा जुन बढी हुन्छ, त्यसै अनुसार गरिन्छ।

भविष्यमा असुली हुने वास्तविक सम्भावना नरहेमा र समूहलाई सम्पूर्ण धितोको प्राप्ति वा हस्तान्तरण भएको अवस्थामा कर्जा र कर्जासँग सम्बन्धित क्षय नोक्सानी व्यवस्थालाई पूर्ण रुपमा अपलेखन गरिन्छ। पछिल्ला वर्षका क्षय नोक्सानी पहिचान पश्चात् केही घटनाको कारणले क्षय नोक्सानी वृद्धि भएमा वा घटेमा, व्यवस्था खाता समायोजन गरी प्रारम्भिक रुपमा पहिचान गरिएको क्षय नोक्सानी वृद्धि गरिन्छ वा घटाइन्छ। भविष्यमा, अपलेखन पछि असुली भएमा असुलीलाई "गैह्र सञ्चालन आम्दानी" मा पहिचान गरिन्छ।

अन्य विस्तृत आम्दानी मार्फत उचित मोलमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिको क्षय नोक्सानी

इक्विटीमा गरिएको लगानीको उचित मोलमा उल्लेखनीय वा लामो समयसम्म गिरावट आई लागत भन्दा तल पुग्नु क्षय नोक्सानिको संकेत हो। क्षय नोक्सानीलाई इक्विटीको उचित मोल कोषमा संचित नोक्सानिलाई नाफा वा नोक्सानमा पुनर्वर्गीकरण गरिन्छ। इक्विटीबाट नाफा वा नोक्सानमा पुनःवर्गीकृत गरिएको संचयी घाटा (Cumulative loss) भनेको खरीद मूल्यमा हालको उचित मोलमा पहिले नाफा नोक्सान खातामा पहिचान गरिएको क्षय नोक्सानी घटाइ आउने रकमको भिन्नता हो।

३.५ व्यापारिक सम्पत्ति

व्यापारिक सम्पत्ति भनेका ती सम्पत्ति हुन् जुन सम्पत्ति समूहले सिद्धान्तत निकट अवधिमा विक्री गर्न वा छोटो अवधिमा नाफा कमाउने प्रयोजनका निम्ति राखिएको हुन्छ। व्यापारिक सम्पत्तिहरुमा व्यापारिक प्रयोजनको लागि राखिएको गैह्र व्युत्पन्न वित्तीय सम्पत्तिहरु (Non-derivative financial assets) जस्तै सरकारी ऋणपत्र, नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, स्वदेशी इजाजतपत्रप्राप्त संस्थाहरुले जारी गरेका ऋणपत्रहरु, ट्रेजरी विल्स, इक्विटी आदि पर्दछ। यदि व्यापारिक सम्पत्ति ऋण उपकरण हो भने, परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्तिको जस्तै लेखा नीति लागु हुन्छ, त्यसै गरी ब्यापारिक सम्पत्ति इक्विटी उपकरण भएमा, उचित मोलमा नाफा नोक्सान हिसाब मार्फत मापन गरिएको वित्तीय सम्पत्तिको जस्तै लेखा नीति लागु गरिन्छ।

३.६ व्युत्पन्न सम्पत्ति र व्युत्पन्न दायित्वहरु (Derivative assets and derivative liabilities)

व्युत्पन्न सम्पत्तिहरू र व्युत्पन्न दायित्वहरूले अधिकार र दायित्वहरू सिर्जना गर्दछ जसले अन्तर्निहित प्राथमिक वित्तीय उपकरणमा भएको एक वा बढी वित्तीय जोखिमहरु वित्तीय पार्टीहरूमा स्थानान्तरण गर्दछ। यद्यपि सामान्य रूपमा तिनीहरू करारको सुरुमा वा करारको अन्त्यमा अन्तर्निहित प्राथमिक वित्तीय साधनको स्थानान्तरण गराउँदैन।

व्युत्पन्न सम्पत्ति र व्युत्पन्न दायित्वहरु यसको अन्तर्निहित वित्तीय उपकरणको (Underlying) मूल्यमा भएको परिवर्तनको साथ परिवर्तन हुन्छ। Forward, Futures, Options or Swap करारहरू व्युत्पन्न उपकरणहरुको (Derivative) उदाहरणहरू हुन्। ब्याज दर, धितोपत्र मूल्य, वस्तु मूल्य, विनिमय दर, मूल्य सूचकांक, आदि लाई अन्तर्निहितको (Underlying) रुपमा लिन सकिन्छ।

व्युत्पन्न वित्तीय साधनहरू वित्तीय साधनको परिभाषामा पर्दछन् र नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिने व्युत्पन्न वित्तीय सम्पत्ति वा व्युत्पन्न वित्तीय दायित्व को रूपमा लेखांकन गरि उचित मोलको फरकलाई नाफा-नोक्सान हिसाब मार्फत लेखांकन गरिन्छ। NFRS ९ "Financial instruments" अनुसार समूहले व्युत्पन्न उपकरण लाई हेजिंग योग्य उपकरणको रूपमा तोकेको छैन र हेज लेखा लागु गरेको छैन।

३.७ विदेशी मुद्रा

विदेशी मुद्रा कारोवार

विदेशी मुद्रामा भएको कारोवारलाई कारोवार भएको मितिको स्पट (Spot) विनिमय दरमा व्यवहारिक (Functional) मुद्रामा रूपान्तरण गरिन्छ। प्रतिवेदन (Reporting) मितिमा विदेशी मुद्रामा भएका मौद्रिक सम्पत्ति र दायित्वहरू त्यस मितिको स्पट (Spot) विनिमय दरमा व्यवहारिक मुद्रामा रूपान्तरण गरिन्छ र त्यसरी उत्पन्न हुने सबै भिन्नताहरूलाई नाफा-नोक्सान विवरणको 'अन्य सञ्चालन आय' मा देखाइन्छ।

उचित मोलमा मापन गरिएका विदेशी मुद्रामा व्यक्त गरिएका गैह्र मौद्रिक सम्पत्ति र दायित्वहरू उचित मोलमा निर्धारण गर्ने दिनको स्पट विनिमय दरमा व्यवहारिक मुद्रामा रूपान्तरण गरिन्छ र त्यसरी उत्पन्न हुने सबै भिन्नताहरूलाई नाफा-नोक्सान विवरणमा मापन गरिन्छ्।

आर्थिक वर्षको अन्त्यमा, यदि पुनर्मूल्यांकन नोक्सान भएमा, नाफा-नोक्सान विवरणमा खर्च लेखिन्छ भने नाफा भएमा आम्दानी जनाइन्छ र यस्तो नाफाको २५ प्रतिशत रकम बैंक तथा वित्तीय संस्था ऐन २०७३ अनुसार इक्विटीमा भएको परिवर्तनको माध्यमबाट "सटही घटबढ कोष" मा विनियोजित गरिन्छ।

विदेशी मुद्रामा ऐतिहासिक लागतमा मापन गरिएको गैह्र मौद्रिक सम्पत्ति र दायित्वहरू प्रारम्भिक कारोवारको मितिको विनिमय दरमा रूपान्तरण गरिन्छ। फरवार्ड एक्सचेन्ज करार प्रतिवेदन मितिको फरवार्ड बजार मूल्यमा मापन गरिन्छ र परिणामस्वरूप आउने प्राप्त भई नसकेको नाफा वा नोक्सानलाई (Unrealised gain or loss) नाफा वा नोक्सान विवरणमा लेखांकन गरिन्छ।

३.८ सम्पत्ति र उपकरण

क) लेखांकन र मापन

यदि सम्पत्ति र उपकरणसँग सम्बन्धित भविष्यका आर्थिक लाभहरू समूहमा प्रवाहित हुने सम्भावना रहेको र लागत विश्वसनीय ढंगमा मापन गर्न सकिन्छ भने सम्पत्ति र उपकरणलाई पहिचान (Recognize) गरिन्छ। सम्पत्तिको खरिद गर्दा लाग्ने प्रत्यक्ष खर्चहरुलाई सम्पत्तिको कुल मूल्यमा देखाईएको छ।

स्वनिर्मित सम्पत्तिको लागतमा निम्न रकम समावेश हुन्छन्:

- निर्माण सामग्रीको लागत र प्रत्यक्ष श्रम खर्च
- कुनै पनि सम्पत्तिलाई काम गर्ने अवस्थामा ल्याउनको लागि प्रत्यक्ष रूपमा लागेको अन्य लागतहरू
- पूँजीकृत ऋण लागत

नियमित खरिद पछिको खर्चहरुबाट भविष्यका आर्थिक लाभहरू समूहमा प्रवाहित हुन्छ भने खर्चहरु पूँजीकरण गरिन्छ। सम्पत्तिलाई चलायमान राख्नको लागि गरिने खर्च भने मर्मत सम्भार खर्चको रुपमा लेखांकन गरिन्छ।

सम्पत्ति र उपकरणहरू लागत मूल्यमा संचित ह्रास कट्टी र संचित क्षय नोक्सानी घटाएपछि आउने रकममा मापन गरिएको छ।

प्रतिवेदन मितिमा कुनै पनि सम्पत्ति र उपकरण वर्गको पुनर्मुल्यांकन मोडलमा वा उचित मोलमा मापन गरिएको छैन।

सम्पत्तिको पुनर्मूल्यांकनमा, किताबी रकममा भएको कुनै वृद्धिलाई 'अन्य विस्तृत आम्दानी' मा हिसाब गरि, पूँजी कोष अन्तर्गत इक्विटीमा जम्मा गरिन्छ वा सोही सम्पत्तिको अघिल्लो पुनर्मूल्यांकनमा मूल्य घटेर नाफा नोक्सान खातामा खर्च लेखिए बराबरको रकमलाई उल्ट्याइन्छ। यस अवस्थाको पुनर्मूल्यांकनमा भएको वृद्धिलाई पहिले खर्च लेखेको हदसम्म आयको रूपमा लेखांकन गरिन्छ। पुनर्मूल्यांकनमा घटेको रकमलाई भने नाफा/नोक्सान हिसाबमा खर्चको रूपमा लेखांकन गरिन्छ वा पूँजी कोषमा रहेको जम्मा रकमसम्ममा अन्य विस्तृत आयमा खर्च गरिन्छ। अन्य विस्तृत आयमा लेखांकन गरिएको घटेको रकमले पूँजी कोष अन्तर्गत इक्विटीमा जम्मा भएको रकम घटाइन्छ। सम्पत्ति पुनर्मूल्यांकन कोषमा बाँकी रहेको रकम सम्पत्तिको निसर्ग पश्चात सञ्चित आयमा स्थानान्तरण गरिन्छ।

ख) पूँजीगत कार्य प्रगति (Capital work in Progress)

अन्य विस्तृत आम्दानी	**५९,३७५,७१२**	**३७,१०३,२१४**	**२२,२७२,४९८**	**३७.५१%**	**माथी उल्लेखित समायोजनको कारण**
जम्मा विस्तृत आम्दानी	**१,१७५,४१६,०४३**	**१,२३५,६०७,८७३**	**६०,१९१,८३०**	**५.१२%**	**माथी उल्लेखित समायोजनको कारण**
बाँड्न योग्य नाफा/(नोक्सान)					
नाफा/नोक्सान विवरण अनुसारको नाफा/(नोक्सान)	**१,११६,०४०,३३१**	**१,१९८,५०४,६५९**	**८२,४६४,३२८**	**७.३९%**	**खुद नाफा तथा नियमनकारी कोषमा रकमान्तर गरिएको रकममा परेको फरकको कारण**
नियामक समायोजन अघिको नाफा/(नोक्सान)	**(२९२,०४०,८१९)**	**(३१०,२४८,६०८)**	**१८,२०७,७९०**	**-६.२३%**	**खुद नाफा तथा नियमनकारी कोषमा रकमान्तर गरिएको रकममा परेको फरकको कारण**
नियामक समायोजन पछीको बाँड्न योग्य नाफा/(नोक्सान)	**८२३,९९९,५१२**	**८८८,२५६,०५१**	**६४,२५६,५३९**	**७.८०%**	**माथी उल्लेखित समायोजनको कारण**

५. खुलासा तथा थप टिप्पणीहरु

५.१ जोखिम व्यवस्थापन

यहाँ प्रस्तुत गरिएका जानकारीहरु नेपाल राष्ट्र बैंकले जारी गरेको न्यूनतम पूँजीकोष सम्बन्धी व्यवस्था वमोजिम खुलाउन पर्ने व्यवस्थामा आधारित रहेका छन् । खुलासाहरु बैंकको पूँजी पर्याप्तताको सम्बन्धमा हुन् ।

१. **जोखिमको रुपरेखा/अवलोकन** : जोखिम भन्नाले अन्तर्निहित तत्वहरुमा समय समयमा हुने अस्वाभाविक परिवर्तन (अनिश्चितता) बाट आर्थिक तथा व्यवसायिक प्रतिष्ठामा हुनसक्ने नोक्सानको सम्भावनालाई जनाउँछ । उत्कृष्ट व्यवसायिक रणनीतिहरू तयार गर्नका लागी समग्र पोर्टफोलियो र विभिन्न कारोवारबाट उत्पन्न हुने जोखिम तथा प्रतिफलको पहिचान र पुर्वानुमान गरि सम्भाव्य जोखिमहरुलाई न्यूनिकरण तथा नियन्त्रण गर्न जोखिम अवलोकनले सहयोग गर्दछ ।

२. बैंकमा जोखिम व्यवस्थापनको महत्व सर्वोपरी रहेकोले सोही अनुरूप बैंकले यसका लागि आवश्यक नविनतम प्रविधि, मानव संसाधन र व्यवस्थापकिय संरचनामा लगानी गरेको छ । बैंकको समग्र जोखिम व्यवस्थापनको कार्य जोखिम व्यवस्थापन समिति र आन्तरिक लेखा परीक्षण समितिले गर्दछ, जसको प्रतिनिधित्व सञ्चालक समितिका सदस्यहरूका साथै विभिन्न विभागका वरिष्ठ अधिकारीहरूले गर्छन् । जोखिम व्यवस्थापन समितिले समय समयमा विभिन्न क्षेत्रमा लगानी गरिएको सम्पत्तिको गुणस्तरको समीक्षा गर्दछ र आन्तरिक लेखा परीक्षण समितिले बैंकको आन्तरिक नियन्त्रण प्रणालीहरू पूर्व निर्धारित मापदण्ड अनुसार सञ्चालन रहेको छ भन्ने आश्वासन प्रदान गर्दछ । मानव संसाधनको व्यवस्थापन सञ्चालक समितिका सदस्यहरू तथा वरिष्ठ अधिकारीहरूको प्रतिनिधित्व भएको कर्मचारी सेवा सुविधा समिति समेतले गर्दछ । ब्याजदर जोखिम, तरलता जोखिम, विनिमय जोखिम, बजार जोखिम आदिको निगरानीको लागि बैंकका वरिष्ठ कार्यकारीहरूले प्रतिनिधित्व गरेको सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति (Assets and Liabilities Management Committee) रहेको छ । बैंकका कार्यकारीहरूलाई आवश्यकता अनुसारको अधिकार, जिम्मेवारी र उत्तरदायित्व प्रदान गरिएको छ । बैंकले कुनै पनि नयाँ प्रोडक्ट (Product) सुरू गर्न अघि प्रोडक्ट (Product) नीतिहरू र कार्यक्रमहरू समीक्षा गरि विधिवत रुपमा अनुमोदन गरिन्छ र उक्त नीतिहरु नियमित रुपमा समिक्षा गरिन्छ ।

३. कर्जा जोखिम व्यवस्थापन विभागले निश्चित प्रोडक्ट (Product) मा अन्तर्निहित जोखिम विश्लेषण गर्दछ । जसका लागि बैंकले कर्जा व्यवसाय इकाई (Credit Business Unit) र जोखिम व्यवस्थापन इकाई (Risk Management Unit) लाई फरक संचरनाको विकास गरेको छ । कर्जा प्रदान गर्ने क्रममा कर्जाको माग भइसकेपछि सर्वप्रथम जोखिम अनुगमन र नियन्त्रण गर्ने इकाइहरूबाट अनुमोदन गराइसके पछि मात्र अन्य प्रकृया अगाडी बढाइन्छ । बैंकको कर्जा नीति, जोखिम न्यूनीकरणका उपायहरूका साथै एकल ग्राहक सीमा बैंकको कर्जा नीति निर्देशिकामा (CPG) परिभाषित गरिएको छ ।

४. बैंकले कर्जा जोखिम न्यूनीकरण गर्न ऋणीको बैंकमा रहेको निक्षेप तथा २० प्रतिशत नियामक समायोजन (Supervisory Haircut) पश्चात् अन्य बैंक र वित्तीय संस्थामा रहेको निक्षेपलाई प्रयोग गर्दछ । त्यस्ता न्यूनिकरणहरुले बैंकको समग्र पूँजी पर्याप्ततामा न्यूनतम प्रभाव पार्छन् ।

५. **कर्जा जोखिम**

कर्जा जोखिम बैंकका ग्राहक तथा अन्य सरोकारवालाहरुको सहमतिमा पूर्व निर्धारित शर्तहरू अनुसार उनीहरुले आफ्नो दायित्व पूरा गर्न नसक्ने सम्भावना हो । कर्जा जोखिम प्रायः कर्जा प्रदान, acceptance, अन्तरबैंक कारोवार, ट्रेड फाइनान्सिङ्ग, विदेशी विनिमयको कारोवार, फाइनान्सियल फ्यूचर्स (Financial Futures), स्वाप, बण्ड, इक्विटी, प्रतिबद्धता (Options) तथा ग्यारेन्टीको विस्तारका साथै उक्त कारोवारको फछ्यौंटको समयमा श्रृजना हुन्छ । सरल शब्दहरूमा भन्नुपर्दा, यदि बैंकबाट ऋण लिएको कुनै व्यक्ति वा संस्थाले अपर्याप्त आम्दानी, व्यवसायमा घाटा, मृत्यु, अनिच्छा वा अन्य कुनै कारणले गर्दा ऋण फिर्ता गर्न सक्षम नभएमा बैंकले कर्जा जोखिमको सामना गर्दछ । त्यसकारण, बैंकको तर्फबाट कर्जा जोखिमलाई कम गर्न, उच्च कर्जा जोखिम भएका ग्राहकहरूको ब्याजदर बढि हुने गर्दछ । आयको अस्थिरता, न्यून कर्जा स्कोर, रोजगारीको प्रकार, धितो सम्पत्तिको अवस्था तथा अन्य तत्वहरूले ग्राहकहरूको कर्जा जोखिम निर्धारण गर्दछ । माथि उल्लेख गरिए अनुसार कर्जा जोखिम अन्तरबैंक कारोवार, वैदेशिक कारोवार र बैंक भन्दा बाहिर हुने अन्य कारोवारसँग पनि सम्बन्धित हुन सक्दछ । एक पक्षद्धारा कारोवार सम्पन्न

गर्ने तर अर्को पक्षद्धारा उक्त कारोवार पुरा नगरेमा नोक्सानी हुन सक्दछ । त्यसैगरी एकपक्षबाट कारोवार मिलान गर्ने तर अर्को पक्षद्धारा मिलानमा ढिला सुस्ती गरेमा पनि अन्य लगानीका अवसरहरू गुम्न गई नोक्सानीको सामना गर्नुपर्ने हुन सक्दछ ।

६. बजार जोखिम

बजार जोखिम सार्वजनिक बजारबाट निर्धारण हुने इक्विटी मूल्य, ब्याजदर, कर्जा ब्याजदर अन्तर, विदेशी विनिमय दर, वस्तुको मूल्य र अन्य सूचकहरुमा हुने परिवर्तनहरूका कारण बैंकको व्यवसायमा हुन सक्ने नोक्सानी जोखिम हो । यो बजारको मूल्यमा हुने उतार चढावका कारण वासलात भित्र तथा बाहिरको स्थितिमा हुन सक्ने नोक्सानको जोखिम हो ।

बजार जोखिमको सम्भावित कारणका आधारमा निम्नानुसार ४ प्रकारमा विभाजन गरिएको छ :

ब्याजदर जोखिम	:	ब्याजदरमा हुने उतार चढावको कारण हुन सक्ने सम्भावित घाटा
इक्विटी जोखिम	:	शेयरको मूल्यमा उतार चढावको कारण हुन सक्ने सम्भावित घाटा
मुद्रा जोखिम	:	अन्तर्राष्ट्रिय मुद्राको विनिमय दरमा आउने उतार चढावका कारण हुन सक्ने सम्भावित घाटा
वस्तु जोखिम	:	कृषि, औद्योगिक र उर्जा क्षेत्रका उत्पादनहरु जस्तैः गहुँ, तामा र प्राकृतिक ग्यास जस्ता वस्तुहरुको मूल्यमा हुने उतार चढावका कारण हुन सक्ने सम्भावित घाटा ।

७. सञ्चालन जोखिम

सञ्चालन जोखिम अपर्याप्त वा असफल आन्तरिक कार्य सम्पादन गर्ने प्रक्रिया, मानव संसाधन र पूर्व निर्धारित कार्य सम्पादन प्रणाली तथा बाह्य घटनाक्रमबाट सृजना हुने जोखिम हो । यसले कानुनी जोखिम समावेश गर्दछ, तर रणनीतिक र व्यावसायिक प्रतिष्ठामा हुने जोखिम समावेश गर्दैन । बैंकमा सञ्चालन जोखिम मानव त्रुटि वा गल्तिले व्यापक रूपमा हुन सक्छ ।

सञ्चालन जोखिम भनेको, कर्मचारीहरू काम छोड्दा, अपर्याप्त आन्तरिक प्रक्रियाहरू, जानकारी र अन्य प्रणालीहरूको अपर्याप्त व्यवस्थापन तथा अप्रत्याशित बाह्य घटनाहरूको कारण बैंकको वित्तीय नतिजा तथा पूँजीमा हुने नकारात्मक प्रभाव हो ।

जोखिम घटनाहरू बैंक भित्रका सम्बन्धित जनशक्ति, प्रक्रिया र प्रविधिमा आधारित हुन्छ, जुन निम्नानुसार पहिचान गर्न सकिन्छ :

अ) विगतका घटनाहरूको अनुभवबाट
आ) फैसलाहरुबाट
इ) संस्थासँग सम्बन्धित घटनाहरू जस्तै बजार र कर्जा जोखिमबाट भएको नोक्सान
ई) अन्तरज्ञान (Intuition)
उ) विशेष घटनामा नियामक निकायको मान्यताको आवश्यकता आधारमा
ऊ) प्रणाली र प्रक्रियाहरूको भंग, आदी ।

८. तरलता जोखिम

तरलता जोखिम भनेको बैंकको छोटो अवधिमा श्रृजना हुने वित्तीय आवश्यकताहरु पूरा गर्न असमर्थ हुन सक्ने सम्भावना हो । यो सामान्यतया धितो वा स्थिर सम्पत्तिलाई पूँजी वा आयको नोक्सानी बिना नगदमा रूपान्तरण गर्न असमर्थताको कारण उत्पन्न हुन्छ । बैंकले ठूलो नोक्सानी नभई आफ्नो ऋण दायित्व पुरा गर्न सक्छ कि सक्दैन भनि छानबिन गर्दछ । बैंकले कडा अनुपालना र तनाव परीक्षण (Stress Testing) को सामना गर्दछ जसले बैंकको वित्तीय स्थिरता दर्साउँछ ।

अर्को शब्दमा, तरलता बैंकको वर्तमान समयको वास्तविक अवस्था बुझ्न एकदमै महत्वपूर्ण छ। पूँजी स्थितिले विशेष गरी सकंटको अवस्थामा बैंकको तरलता प्राप्त गर्नसक्ने क्षमता दर्साउँछ। बैंकसँग तरलता जोखिम मापन, अनुगमन र नियन्त्रणको लागि उपयुक्त प्रणाली व्यवस्था गरिएको छ। बैंकहरूले आफ्नै तरलता संरचना र सञ्चालनमा बजारको समग्र तरलतालाई ध्यानमा राखेर पूँजीको पर्याप्तता मूल्यांकन गर्दछ। बैंकहरूले तरलता आवश्यकता र पूँजीको पर्याप्तता निर्धारण गर्न तनाव परीक्षण (Stress Testing) को प्रयोग गर्दछ।

५.२ पूँजी व्यवस्थापन

गुणात्मक खुलासा (Qualitative Disclosures)

केन्द्रीय बैंकले तोकेको न्यूनतम पूँजीको आवश्यकता अनुसार पूँजी आधार बढाउने तथा तोकिएको मापदण्ड परिपालनामा बैंक पूर्ण रुपमा सक्षम रहेको छ।

मात्रात्मक खुलासा (Quantitative Disclosures)

क. प्राथमिक पूँजी (Tier 1) र यसको बनोट:

प्राथमिक पूँजी (Tier 1) CET 1 + AT1	रकम रु.
साधारण पूँजी (Tier 1) (CET1)	**१२,१०१,२५४,७७३**
चुक्ता शेयर पूँजी	९,०८९,८१७,२९०
शेयर प्रिमियम	४,१२४,४०२
प्रस्तावित बोनस शेयर	–
साधारण जगेडा कोष	१,८८३,५९४,३२४
संचित मुनाफा	९३१,१५६,९४७
लेखापरिक्षण नभएको यस वर्षको संचित मुनाफा	–
पूँजी फिर्ता कोष	५००,०००,०००
पूँजी समायोजन कोष	–
लाभांश समिकरण कोष	–
मोलतोल खरीद लाभ (Bargain Purchase Gain)	–
अन्य स्वतन्त्र कोष	–
घटाउने : ख्याती	–
घटाउने : अमूर्त सम्पत्ति	(७५,३२२,६८९)
घटाउने : स्थगन कर सम्पत्ति	–
घटाउने : Fictitious Assets	–
घटाउने : इजाजत प्राप्त वित्तीय संस्थामा लगानी	–
घटाउने : वित्तीय स्वार्थ भएको संस्थाको पूँजीमा लगानी	(१६७,२०४,२००)
घटाउने : तोकिएको सीमा भन्दा कुनै पनि संस्थामा गरिएको लगानी	–
घटाउने : प्रतिबद्धताहरुबाट उत्पन्न भएको लगानी	–
घटाउने : पारस्परिक क्रस होल्डिङ्गहरू (Reciprocal Crossholding)	–
घटाउने : सीमा भन्दा बढी जग्गा र भवन खरिद र प्रयोगविहिन सम्पत्ति	(४०,४७०,६७१)
घटाउने : नगद प्रवाह हेज	–
घटाउने : परिभाषित पेन्शन लाभ सम्पत्ति	–

घटाउने : Unrecognized परिभाषित पेन्शन लाभ दायित्वहरू	–
घटाउने : कोष खाताको नकारात्मक रकम	(२४,४४०,६२८)
घटाउने : अन्य कटौतिहरु	–
पिलर २ (Pillar 2) अन्तर्गतको समायोजन	
घटाउने : अपर्याप्तता व्यवस्था ६.४ (क) (१)	–
घटाउने : सम्बन्धित पक्षलाई तथा निषेधित क्षेत्रमा प्रवाह भएको कर्जा सुविधा	–
थप : प्राथमिक पूँजी (Additional Tier 1)	–
निरन्तर रहने वा फिर्ता गर्न नमिल्ने अग्राधिकार शेयर	–
निरन्तर रहने ऋण उपकरण	–
शेयर प्रिमियम	–
प्राथमिक पूँजी (Tier 1 Capital) (CET1+AT1)	**१२,१०१,२५४,७७३**

ख. पुरक पूँजी (Tier 2)

पुरक पूँजी (Tier 2)	रकम रु.
क्यूम्युलेटिभ वा रिडिमेवल अग्राधिकार शेयर	–
सुरक्षण नराखिएको आवधिक ऋण	२,६००,०००,०००
हाइब्रिड पूँजी उपकरणहरु	–
शेयर प्रिमियम	–
सामान्य कर्जा नोक्सानी व्यवस्था	७०४,३८४,२४५
सटही समिकरण कोष	५८,९०७,३१५
लगानी समायोजन कोष	–
सम्पत्ति पुनर्मूल्याङ्कन कोष	–
अन्य जगेडाहरु	–
पुरक पूँजी (Tier 2)	**३,३६३,२९१,५६०**

ग. निष्काशन गरिएको ऋणपत्रको भुक्तान गर्न बाँकी रकम, परिपक्व हुने मिति, यस वर्षको अवधिमा उठाइएको थप रकम र पूँजी कोषको रुपमा गणना गर्न योग्य रकमको जानकारी निम्नानुसार छन् :

८.५% सिटिजन्स बैंक बण्ड, २०७७	रकम रु.
बाँकी रकम	५००,०००,०००
परिपक्व हुने मिति	पौष २०७७
यस वर्षको अवधिमा उठाइएको रकम	–
Tier २ पूँजी कोषमा गणना गर्न योग्य रकम	१००,०००,०००

१०.२५% सिटिजन्स बैंक बण्ड, २०८६	रकम रु.
बाँकी रकम	२,५००,०००,०००
परिपक्व हुने मिति	चैत्र २०८६

यस वर्षको अवधिमा उठाइएको रकम	२,५००,०००,०००
Tier २ पूँजी कोषमा गणना गर्न योग्य रकम	२,५००,०००,०००

घ. पूँजीबाट घटाइएको

बैंकले प्राथमिक पूँजी (Tier 1) को गणनामा निम्न तत्वहरू घटाएको छः

अमूर्त सम्पत्ति : रु. ७.५३ करोड

सहायक कम्पनीको इक्विटी पूँजीमा लगानी : रु. १६.७२ करोड

रु. १६.७२ करोड मध्ये रु. ११.७२ करोड सि बि आई एल क्यापिटल लिमिटेडमा र रु. ५ करोड सि बि आई एल सेक्यूरिटीज लिमिटेडमा लगानी गरेको छ।

प्राप्ति तथा खरिद मितिबाट २ वर्ष भन्दा बढी समयावधिसम्म प्रयोगमा नरहेको जग्गा र भवनमा लगानी : रु. ४.०४ करोड

जगेडा खातामा रहेको नकारात्मक रकम : रु. २.४४ करोड

ङ. कुल योग्य पूँजी

विवरण	रकम रु.
साधारण पूँजी (CET 1)	१२,१०१,२५४,७७३
प्राथमिक पूँजी	१२,१०१,२५४,७७३
पुरक पूँजी	३,३६३,२९१,५६०
कुल पूँजी कोष (Tier I & Tier II)	**१५,४६४,५४६,३३३**
कुल जोखिम भारित सम्पत्ति	**१०२,१२९,२३७,७२७**

च. पूँजी पर्याप्तता अनुपात

विवरण	रकम रु.
लिभरेज अनुपात (Leverage Ratio)	९.१९%
साधारण इक्विटी Tier 1 पूँजी र जोखिम भारित सम्पत्तिको अनुपात	११.८५%
प्राथमिक पूँजी र जोखिम भारित सम्पत्तिको अनुपात	११.८५%
कुल पूँजीकोष र जोखिम भारित सम्पत्तिको अनुपात	१५.१४%

जोखिम भारित विवरण

छ. कर्जा जोखिम, बजार जोखिम र सञ्चालन जोखिमको जोखिम भारित विवरण

जोखिम भार क्षेत्र	रकम रु.
कर्जा जोखिम बापतको जोखिम भारित सम्पत्ति	९४,०२६,४९२,६७३
सञ्चालन जोखिम बापतको जोखिम भारित सम्पत्ति	४,१४९,५३७,९१८
बजार जोखिम बापतको जोखिम भारित सम्पत्ति	७६२,१६८,०३८
जोड : जोखिम भारित सम्पत्तिको २ प्रतिशत नियामक समायोजन	१,९७८,७६३,९७३
जोड : सञ्चालन जोखिमको ४ प्रतिशत नियामक समायोजन	१,२१२,२७५,१२६
पिलर २ (Pillar II) अन्तरगतको समायोजन पछिको कुल जोखिम भारित रकम	**१०२,१२९,२३७,७२७**

ज. कर्जा जोखिम क्षेत्रका ११ वर्गिकरण

जोखिम भार क्षेत्र	रकम रु.
कर्जा जोखिम वर्गीकरण	
केन्द्रिय बैंक र सरकारससँग दाबी	–
अन्य वित्तीय संस्थासँगको दाबी	–
बैंकहरुसँगको दाबी	२,२९०,५३७,८९७
संगठित संस्थाहरु र धितोपत्र फर्महरूमा दाबी	४७,४६५,२७७,४५५
Regulatory Retail Portfolio (भाका ननाघेको) मा दाबी	१२,४५६,४५८,६०६
आवासीय सम्पत्तिबाट सुरक्षित सम्पत्तिमा दाबी	३,०९८,३२०,४७८
व्यापारिक घरजग्गाबाट सुरक्षित दाबी	१,८६१,२८७,१५६
भुक्तानी अवधि समाप्त भइसकेका दाबी	८३६,६७७,९०५
उच्च जोखिम सम्बन्धी दाबी	१०,४३२,२६५,१७५
अन्य सम्पत्तिहरु	६,८५२,२७९,६२७
वासलात बाहिरका सम्पत्ति	८,७३३,३८८,३७३
कुल कर्जा जोखिम भारित सम्पत्ति	**९४,०२६,४९२,६७३**

झ. कुल जोखिम भारित रकम गणना तालिका

जोखिम भार क्षेत्र	रकम रु.
कर्जा जोखिमका लागि जोखिम भारित रकम	९४,०२६,४९२,६७३
सञ्चालन जोखिमका लागि जोखिम भारित रकम	४,१४९,५३७,९१८
बजार जोखिमका जोखिम भारित रकम	७६२,१६८,०३८
Pillar II अन्तर्गतको समायोजन	
जोड : जोखिम भारित सम्पत्तिको २ प्रतिशत नियामक समायोजन	१,९७८,७६३,९७३
जोड : सञ्चालन जोखिमको ४ प्रतिशत नियामक समायोजन	१,२१२,२७५,१२६
कुल जोखिम भारित सम्पत्ति	**१०२,१२९,२३७,७२७**
प्राथमिक पूँजीकोष (CET 1 + AT1)	१२,१०१,२५४,७७३
कुल पूँजीकोष (Tier 1 and Tier 2)	**१५,४६४,५४६,३३३**
साधारण इक्विटी Tier 1 पूँजी/कुल जोखिम भारित सम्पत्ति (Pillar II अन्तरर्गतको समायोजन पछि)	**११.८५%**
साधारण इक्विटी Tier 1 पूँजी/कुल जोखिम भारित सम्पत्ति (Pillar II अन्तरगतको समायोजन पछि)	**११.८५%**
कुल पूँजीकोष/कुल जोखिम भारित सम्पत्ति (Pillar II अन्तरगतको समायोजन पछि)	**१५.१४%**

ञ. नियामक निकायको वर्गीकरण अनुसार निष्कृय कर्जाको विवरण

रकम रु.

विवरण	कुल रकम	व्यवस्था	खुद रकम
पुनरतालिकीकरण/पुनरसंरचना गरिएको कर्जा	–	–	–
कमसल कर्जा	६३,१३७,४८३	११,९४०,७५२	५१,१९६,७३१
शंकास्पद कर्जा	४८७,१३०,००८	२४०,७९२,१३८	२४६,३३७,८७०
खराब कर्जा	७१०,३९४,४०५	७१०,००१,२४७	३९३,१५८
जम्मा	**१,२६०,६६१,८९६**	**९६२,७३४,१३७**	**२९७,९२७,७५९**

ट. नियामक निकायको वर्गीकरण अनुसार निष्कृय कर्जा अनुपात

विवरण	प्रतिशत
निष्कृय कर्जा र कुल कर्जा तथा सापटी	१.५५%
खुद निष्कृय कर्जा र खुद कर्जा तथा सापटी	०.३८%

ठ. नियामक निकायको वर्गीकरण अनुसार निष्कृय सम्पत्तिमा उतार चढाव:

रकम रु.

विवरण	गत वर्ष	यस वष	परिवर्तन
पुनरतालिकीकरण/ पुनरसंरचना गरिएको कर्जा	–	–	–
कमसल कजा	८४,४९७,७०८	६३,१३७,४८३	-२५.२८%
शंकास्पद कजा	८७,४५६,०११	४८७,१३०,००८	४५७.००%
खराब कर्जा	५६१,११७,५५१	७१०,३९४,४०५	२६.६०%
जम्मा	**७३३,०७१,२७०**	**१,२६०,६६१,८९६**	**७१.९७%**

ड. कर्जा तथा असुल हुन बाँकी ब्याजको अपलेखन:

रकम रु.

विवरण	गत वर्ष	यस वष	परिवर्तन
कर्जा अपलेखन	–	–	–
असुल हुन बाँकी ब्याजको अपलेखन	१२४,५४४,४२९	१२६,४४४,०१४	१.५३%

ढ. असुल हुन बाँकी ब्याज र कर्जा नोक्सानीको व्यवस्थामा उतार चढाव:

रकम रु.

विवरण	गत वर्ष	यस वर्ष	परिवर्तन	
			रकम	%
कर्जा नोक्सानीको व्यवस्था	१,३०६,००४,४१९	२,०४८,८८३,९४९	७४२,८७९,५३०	५६.८८
असुल हुन बाँकी ब्याज	८८३,१७९,१८१	१,३८८,९८२,९६४	५०५,८०३,७८३	५७.२७

ण. नियामक निकायको वर्गीकरण अनुसार थप कर्जा हानी नोक्सानीको व्यवस्था :

रकम रु.

विवरण	गत वर्ष	यस वर्ष	थप कर्जा हानी नोक्सानी व्यवस्था	परिवर्तन
असल कर्जा	६१८,३४२,५६५	७०९,१५५,८००	९०,८१३,२३५	१४.६९%
सुक्ष्म निगरानी कर्जा	६४,५३८,१०९	३७६,९९४,०१२	३१२,४५५,९०३	४८४.१४%
पुनरसंरचना र पुनरतालिकीकरण गरिएको कर्जा	–	–	–	–
कमसल कर्जा	१९,५४०,६१८	११,९४०,७५२	(७,५९९,८६६)	-३८.८९%
शंकास्पद कर्जा	४३,२१५,५७६	२४०,७९२,१३८	१९७,५७६,५६२	४५७.१९%
खराब कर्जा	५६०,३६७,५५१	७१०,००१,२४७	१४९,६३३,६९६	२६.७०%
थप	–	–	–	–
जम्मा	**१,३०६,००४,४१९**	**२,०४८,८८३,९४९**	**७४२,८७९,५३०**	**५६.८८%**

त. लगानी पोर्टफोलियोको वर्गीकरण

विवरण	रकम रु.
परिशोधित लागतमा मापन गरिएको लगानी	११,३२१,०५३,५९७
अन्य विस्तृत आम्दानीको माध्यमबाट उचित मोलमा मापन गरिएको लगानी	५०७,२७८,९६५
व्यापारिक सम्पत्तिमा लगानी	९०,६२४,०२३
जम्मा	**११,९१८,९५६,५८५**

थ. हालको र भविष्यका गतिविधिहरू सञ्चालन गर्न पूँजीको पर्याप्तता जाँच्न बैंकको आन्तरिक अवधारणको सारांश

बैंकको हालको चुक्ता पूँजी रु. ९,०८९,८१७,२९० लगायत जगेडा तथा कोषहरु हाल र भविष्यको बैंकको १ वर्षको गतिविधीहरु सञ्चालन गर्न पर्याप्त रहेको छ।

द. सबै पूँजी, हाइब्रिड उपकरण तथा सहायक आवधिक दायित्वका सर्तहरू, अवस्था र मुख्य विशेषताहरुको सारांश:

बैंकको सबै पूँजी शर्त रहित रहेको छ। बैंकले जारी गरेको ५००,००० कित्ता ८.५ प्रतिशत सिटिजन्स बैंक बण्ड, २०७७ को विशेषताहरु निम्नानुसार रहेका छन् :

नाम	८.५ सिटिजन्स बैंक बण्ड, २०७७
रकम	रु. ५००,०००,०००
ब्याजदर	८.५ प्रतिशत प्रति वर्ष (कर अघि) त्रैमासिक भुक्तानी
प्रकृति	असुरक्षित, अपरिवर्तित तथा भुक्तानी मिति भन्दा पहिले आह्वान नगरिने
ऋणपत्रहरूको संख्या	५००,०००
अंकित मूल्य	रु. १,०००
भुक्तानी अवधि	७ वर्ष
ऋणपत्र धारकहरूलाई प्राथमिकता	लिक्विडेशन हुने समय निक्षेपकर्ता र सुरक्षित साहुहरुको रकम भुक्तानी भएपछि ऋणपत्र धारकहरूको रकम भुक्तानी गरिने
सूचिकरण	नेपाल स्टक एक्सचेन्जमा सूचिकृत

बैंकले पूँजी भुक्तानी कोष खडा गरि पौष २०७० देखि ऋणपत्रको कुल अवधिमा समानुपातिक रुपमा रकम विनियोजन गरेको छ।

बैंकले जारी गरेको २,५००,००० कित्ता रहेको, १०.२५ प्रतिशत सिटिजन्स बैंक बण्ड, २०८६ को विशेषताहरु निम्नानुसार रहेका छन् :

नाम	१०.२५ सिटिजन्स बैंक बण्ड, २०८६
रकम	रु. २,५००,०००,०००
ब्याजदर	१०.२५ प्रतिशत प्रति वर्ष (कर अघि) त्रैमासिक भुक्तानी
प्रकृति	असुरक्षित, अपरिवर्तित तथा भुक्तानी मिति भन्दा पहिले आह्वान नगरिने
ऋणपत्रहरूको संख्या	२,५००,०००
अंकित मूल्य	रु. १,०००
भुक्तानी अवधि	१० वर्ष
ऋणपत्र धारकतहरूलाई प्राथमिकता	लिक्विडेशन हुने समय निक्षेपकर्ता र सुरक्षित साहुहरुको रकम भुक्तानी भएपछि ऋणपत्र धारकहरूको रकम भुक्तानी गरिने
सूचिकरण	नेपाल स्टक एक्सचेन्जमा सूचिकृत

५.३ वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको वर्गीकरण

समूहको वित्तीय साधनहरुको उचित मान प्रचलित बजार मूल्य वा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा देखिने बजार तथ्याङ्कको आधारमा निम्नानुसार वर्गीकरण गरि मापन गरिन्छ :

तह १ उचित मोल मापन ती हुन् जुन समान प्रकृतिका सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचिकृत (unadjusted quoted) मूल्यहरूबाट निकालिएको हुन्छ।

तह २ उचित मोल मापन भन्नाले सक्रिय बजारमा समान प्रकृतिका (similar) उपकरणका लागि सूचिकृत मूल्यहरू वा निष्कृय बजारमा समान प्रकृतिका (identical or similar) उपकरणको लागि सूचिकृत मूल्यहरू र जहाँ वित्तीय उपकरणहरू मूल्यांकन गर्दा सबै महत्वपूर्ण आधारहरु अवलोकन योग्य हुन्छ।

तह ३ उचित मोल ती हुन् जहाँ एक वा एक भन्दा बढी अवलोकन गर्न नसकिने (unobservable) आधारहरु प्रयोग भई मापन हुन्छन्।

यी वित्तीय उपकरणहरुको परिपक्व हुने समय वा राफसाफ समयमा प्राप्त वास्तविक रकम वा भुक्तानी हुने रकम भन्दा उचित मोल (Fair Value) फरक हुन सक्दछ।

समूहका वित्तीय उपकरणहरूको उचित मोल अनुसारको मूल्यांकन श्रेणीक्रम निम्न बमोजिम रहेको छः

रकम रु.

वित्तीय सम्पत्ति	बैंक				समूह			
	स्तर १	स्तर २	स्तर ३	कुल	स्तर १	स्तर २	स्तर ३	कुल
व्युत्पन्न वित्तीय उपकरण								
अग्रिम विनिमय सम्झौता (Forward Exchange Contract)		१,०२९,४९७		१,०२९,४९७		१,०२९,४९७		१,०२९,४९७
अन्य व्यापारिक सम्पत्तिहरु	९०,४८६,६६८			९०,४८६,६६८	१३६,७२२,८१८			१३६,७२२,८१८
सूचिकृत शेयर								
सूचिकृत नगरिएका शेयर								
लगानी सुरक्षणपत्र								
परिशोधित लागतमा मूल्याङ्कन गरिएको लगानी सुरक्षणपत्र								

ट्रेजरी विल			१,१४४,८१५,२४९	१,१४४,८१५,२४९			१,१४४,८१५,२४९	१,१४४,८१५,२४९
सरकारी सुरक्षणपत्र			१०,१७६,२३८,३४८	१०,१७६,२३८,३४८			१०,१७६,२३८,३४८	१०,१७६,२३८,३४८
FVTOCI मार्फत मूल्याङ्कन गरिएको लगानी सुरक्षणपत्र								
सूचिकृत शेयर	३००,९००,०००	२०१,३२८,१०४		५०२,२२८,१०४	३००,९००,०००	२०१,३२८,१०४		५०२,२२८,१०४
सूचिकृत नगरिएका शेयर			५,०५०,८६१	५,०५०,८६१			५,०५०,८६१	५,०५०,८६१
कुल	**३९१,३८६,६६८**	**२०२,३५७,६०१**	**११,३२६,१०४,४५८**	**११,९१९,८४८,७२७**	**४३७,६२२,८१८**	**२०२,३५७,६०१**	**११,३२६,१०४,४५८**	**११,९६६,०८४,८७७**
वित्तीय दायित्व								
व्युत्पन्न वित्तीय उपकरण								
कुल	–	–	–	–	–	–	–	–

** प्रभु इन्स्योरेन्स लिमिटेड, मेरो माइक्रोफाइन्स लघुवित्त वित्तीय संस्था लिमिटेड र आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयरमा गरिएको लगानी साधारण शेयरको ५० प्रतिशत मूल्यमा गणना गरिएको छ।

उचित मोलमा मूल्याङ्कन नगरिएका वित्तीय सम्पत्ति र दायित्वहरू :

वित्तीय सम्पत्ति र दायित्वहरू अवलोकन योग्य मूल्य निर्धारण आधारहरु वा बाह्य बजार मूल्यको अभावका कारण उचित मोलमा मापन गरिएको छैन र उनीहरूको किताबी रकमले उचित मोल वा राफसाफ रकमको प्रतिनिधित्व तथा अनुमान गर्दछ।

उचित मोलमा मूल्याङ्कन नगरिएको समूहको वित्तीय सम्पत्ति र दायित्वहरू निम्न तालिकाले प्रष्ट पार्दछ :

रकम रु.

वित्तीय सम्पत्ति	बैंक	समूह
नगद तथा नगद समान	१०,८४१,९७२,९३०	१०,८४७,१७९,४९८
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२,४३०,००१,१२८	२,४३०,००१,१२८
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	३०२,६८१,९२४	३०२,६८१,९२४
बैंक तथा वित्तीय संस्थालाई कर्जा तथा सापट	१,५३४,१०३,५४८	१,५३४,१०३,५४८
ग्राहकलाई कर्जा तथा सापट	७८,९७६,३९५,२४५	७८,९७६,३९५,२४५
अन्य सम्पत्तिहरु	१,३९१,९९२,००८	१,४१४,६५०,८४६
जम्मा	**९५,४७७,१४६,७८३**	**९५,५०५,०१२,१८९**

दायित्व	बैंक	समूह
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	३,६८८,९०३,९५४	३,६८८,९०३,९५४
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	५६७,५७७,०८२	५६७,५७७,०८२
ग्राहकको निक्षेप दायित्व	८८,४९६,२२८,४६४	८८,१७३,८५४,८८७
अन्य दायित्वहरु	१,३८६,९५१,५२७	१,५५१,८२५,५६२
निष्काशन गरिएको ऋणपत्र	२,९७४,३८१,३०२	२,९७४,३८१,३०२
कुल दायित्व	**९७,११४,०४२,३२९**	**९६,९५६,५४२,७८७**

५.४ सञ्चालन सेग्मेन्ट सम्बन्धी जानकारी

१. सामान्य जानकारी

क. व्यवस्थापनले संस्थाको रिपोर्ट योग्य सेग्मेन्ट पहिचान गर्न प्रयोग गरेको कारक/तत्वहरु

बैंकले आम्दानी गर्ने र खर्च हुने व्यावसायिक गतिबिधिहरुलाई रिपोर्ट योग्य सेग्मेन्टको रुपमा पहिचान गरेको छ जसमा समूहको अन्य कारोवारहरुको आम्दानी र खर्चहरु समावेश छन् । व्यवस्थापनले समूहको यस्ता सेग्मेन्टहरु बिच हुने आम्दानी तथा खर्चको समिक्षा गरी ती सेग्मेन्टहरुमा संसाधन विनियोजनको निर्णय र उक्त सेग्मेन्टहरुको कार्यसम्पादन मूल्याङ्कन गर्छ ।

बैंकले प्रोडक्ट र सेवाहरूको प्रकृतिका आधारमा निम्न प्रमुख व्यवसाय सेग्मेन्टहरू समावेश गरेको छ ।

- बैंकिङ्ग,
- ट्रेजरी,
- कार्ड र
- विप्रेषण

रिपोर्ट गरिएका सेग्मेन्टहरूमा प्रत्यक्ष रुपमा सम्बन्धित बस्तुहरु तथा उचित आधारमा उक्त सेग्मेन्टमा विनियोजन गर्न सकिने अन्य वस्तुहरु समावेश छन् ।

ख. व्यवस्थापनले संस्थाको रिपोर्ट योग्य सेग्मेन्टहरू पहिचान गर्न प्रयोग गर्ने कारकहरु/तत्वहरु

अ. बैंकिङ्ग

यस सेग्मेन्टमा बैंकका शाखाहरू समावेश छन् । यस सेग्मेन्टको प्रमुख प्रोडक्ट तथा सेवामा कर्जा र निक्षेप पर्दछ । यस खण्डले कर्जाको ब्याजबाट आम्दानी गर्दछ भने प्रमुख खर्चको रुपमा निक्षेपको ब्याज रहेको छ ।

आ. ट्रेजरी

यस सेग्मेन्टमा मुख्यतया धितोपत्र, बण्ड, ट्रेजरी बिल, विदेशी मुद्रा र सुन, चाँदी आदिमा गरेको लगानी समावेश हुन्छ । यस सेग्मेन्टले बण्ड र ऋणपत्रबाट ब्याज आम्दानी, सुनको बिक्रीबाट हुने आम्दानी, विदेशी विनिमयमा हुने लाभ, लगानीको पुनर्मुल्याङ्कनमा हुने लाभ आदिबाट आम्दानी गर्दछ ।

इ. कार्ड

यस सेग्मेन्टले डिजिटल बैंकिङ्ग र कारोवार बैंकिङ्गको नवीनतम् सुरुवात गर्दछ । क्रेडिट कार्ड, डेबिट कार्ड, प्रिपेड कार्ड, आदि यस सेग्मेन्टको प्रमुख प्रोडक्टहरू हुने र यस खण्डले दर्ता शुल्क, आवेदन शुल्क, वार्षिक व्यवस्थापन शुल्क, एजेन्टहरूको कमिसन, आदिबाट आम्दानी श्रृजना गर्दछ ।

ई. विप्रेषण

यस सेग्मेन्टले विभिन्न एजेन्सीहरू मार्फत विदेशबाट विप्रेषण संकलन गर्दछ र शुल्क तथा कमिसन सङ्कलन गरेपछि ग्राहकहरूलाई हस्तान्तरण गर्दछ । ग्राहकहरुबाट विप्रेषण सङ्कलन र वितरण गर्नका लागि एजेन्टहरुबाट प्राप्त कमिशन यस सेग्मेन्टको प्रमुख आम्दानी हो ।

२. **नाफा वा नोक्सान, सम्पत्ति र दायित्व सम्बन्धी जानकारी**

रकम रु. हजारमा

विवरण	बैंकिङ्ग	ट्रेजरी	कार्ड	विप्रेषण	जम्मा
बाह्य ग्राहकहरुबाट आम्दानी	५३७,८३९	१७१	२८,९५०	१३,३५३	५८०,३१४
बाह्य ग्राहकहरुलाई खर्च	(३४,३७७)	(७,३३३)	(१७,२३१)	(२,७८२)	(६१,७२३)
अन्तर सेग्मेन्ट आम्दानी	-	-	-	-	-
खुद आम्दानी	**५०३,४६३**	**(७,१६२)**	**११,७१९**	**१०,५७२**	**५१८,५९२**
ब्याज आम्दानी	८,८६६,५३८	६१२,९२२	१०,०६५	-	९,४८९,५२५
ब्याज खर्च	(६,३६१,८७४)	(२४२,८८२)	-	-	(६,६०४,७५६)
खुद ब्याज आम्दानी	**२,५०४,६६४**	**३७०,०४१**	**१०,०६५**	**-**	**२,८८४,७६९**
अन्य आम्दानी	३३,०१८	३५०,५१४	१२३	६,३८६	३९०,०४०
ह्रासकट्टी र परिशोधन	(१००,२६२)	(७१४)	(१,०१२)	(५३)	(१०२,०४१)
अन्य खर्चहरू	(७५०,९६८)	५,४९५	(११,९८९)	(४,२१३)	(७६१,६७४)
सेग्मेन्टको नाफा/नोक्सान	**२,१८९,९१४**	**७१८,१७४**	**८,९०६**	**१२,६९२**	**२,९२९,६८६**
इक्विटी तरिकाबाट लेखांकन भएको सम्बद्ध कम्पनीको नाफा/नोक्सानमा बैंकको पूँजीगत स्वार्थ					-
अन्य नगद रहित भौतिक बस्तुहरु					-
सम्पत्तिमा क्षय हानी	(६४०,१३३)				(६४०,१३३)
सेग्मेन्टको सम्पत्ति	**९५,२९४,८१५**	**४,१३४,१५६**	**४१,६१९**	**२०,८२९**	**९९,४९१,४१९**
सेग्मेन्टको दायित्व	**९२,८२७,१४४**	**३,५६०,८५२**	**३२,७१३**	**८,१३७**	**९६,४२८,८४७**

माथिका बुँदाहरुको संक्षिप्त विवरण निम्नानुसार रहेका छन् :

क) **बाह्य ग्राहकहरुबाट आम्दानी** : बाह्य ग्राहकहरुबाट भएको आम्दानीलाई सेग्मेन्टको प्रकृति अनुसार वर्गिकरण गरिएको छ।

ख) **बाह्य ग्राहकहरुलाई खर्च** : बाह्य ग्राहकहरुलाई गरिएको खर्च सेग्मेन्टको प्रकृति अनुसार वर्गिकरण गरिएको छ।

ग) **अन्तर सेग्मेन्ट आम्दानी** : अन्तर सेग्मेन्ट आम्दानीलाई बैंकको पूर्व निर्धारित अन्तर शाखा लेनदेन दर अनुसार लेखांकन गरिएको छ।

घ) **खुद आम्दानी** : बाह्य ग्राहकहरुबाट भएको आम्दानीमा बाह्य ग्राहकहरुलाई गरिएको खर्च रकम घटाएर आउने रकम खुद आम्दानी हो।

ङ) **ब्याज आम्दानी** : कर्जा तथा सापटबाट हुने ब्याज आम्दानी तथा लगानीबाट हुने ब्याज आम्दानीलाई ब्याज आम्दानीको रुपमा प्रस्तुत गरिएको छ।

च) **ब्याज खर्च** : ब्याज खर्चलाई सेग्मेन्टद्वारा प्रयोग भएको कोषको आधारमा विभाजित गरिएको छ।

छ) **खुद ब्याज आम्दानी** : ब्याज आम्दानीमा ब्याज खर्च घटाउँदा आउने रकम खुद ब्याज आम्दानी हो।

ज) **अन्य आय** : नियमित सञ्चालनबाट आउने आय बाहेकका अन्य आय।

झ) **ह्रासकट्टी र परिशोधन** : सेग्मेन्टद्वारा सम्पत्तिको उपयोग गरेको आधारमा ह्रासकट्टी र परिशोधन खर्च वर्गिकरण गरिएको छ।

ञ) **अन्य खर्चहरू** : प्रत्यक्ष सञ्चालन खर्च बाहेकका अन्य खर्चहरू।

ट) **सेग्मेन्ट नाफा** : विशेष सेग्मेन्टमा निर्धारण गरिएका सेग्मेन्टहरुको नाफा ।

ठ) **इक्वीटी तरिकाबाट लेखांकन भएको सम्बद्ध कम्पनीको नाफा/नोक्सानमा बैंकको स्वार्थ** : नोटमा छुट्टै खुलासा गरिएको ।

ड) **अन्य नगद रहित उल्लेखनीय वस्तुहरु** : बैंकसँग कुनै पनि नगद रहित उल्लेखनीय वस्तु छैन ।

ढ) **सम्पत्तिको क्षय नोक्सानी** : सम्पत्तिको क्षय नोक्सानीलाई सेग्मेन्टहरूमा विनियोजन गरिएको छ ।

ण) **सेग्मेन्ट सम्पत्ति** : सम्पत्तिहरूको प्रयोग अनुसार विनियोजन गरिएको छ ।

त) **सेग्मेन्ट दायित्व** : सम्बन्धित क्षेत्रहरुको दायित्वको आधारमा विभाजित गरिएको छ ।

घ. सञ्चालन सेग्मेन्ट नाफा वा नोक्सान, सम्पत्ति र दायित्वहरूको मापन

क) **रिपोर्ट योग्य सेग्मेन्ट बीच हुने कारोवारको लेखांकन आधार**

अन्तर सेग्मेन्ट आम्दानी सेवा वा प्रडक्ट प्रदान गर्ने सेग्मेन्ट र स्रोत परिचालन गर्ने सेगमेन्टको बीचमा पूर्व निर्धारित साझेदारी अनुपातको आधारमा सेग्मेन्टमा वितरण गरिएको छ । त्यस्ता आम्दानी सेग्मेन्टको मुख्य आम्दानीको बाँडफाँडको रूपमा समावेश गरिन्छ, अन्तर सेग्मेन्ट आम्दानीमा समावेश गरिएको हुँदैन । अन्य काल्पनिक रुपमा हुने अन्तर सेग्मेन्ट मूल्य निर्धारण गरिएको छैन ।

ख) **बैंकको नाफा/नोक्सान तथा सेग्मेन्टको नाफा/नोक्सानको मापनमा कुनै फरक**: कुनै फरक नभएको ।

ग) **बैंकको सम्पत्ति तथा सेग्मेन्टको सम्पत्तिको मापनमा कुनै फरक**: कुनै फरक नभएको ।

घ) **रिपोर्टिङ्ग सेग्मेन्टहरु निर्धारण गर्न अपनाइएको मापन विधिहरूमा अघिल्लो अवधिको तुलनामा यदि कुनै परिवर्तन भएको भए त्यसको प्रभाव तथा नाफा/नोक्सान** : कुनै पनि परिवर्तन नभएको ।

ङ) **रिपोर्ट योग्य सेग्मेन्टमा असमान बाँडफाँड भएको भए त्यसको प्रकृति र प्रभाव**

रिपोर्टिङ्ग सेग्मेन्टमा कुनै असमान विनियोजन भएको छैन । सम्वन्धित रिपोर्ट योग्य सेग्मेन्टमा पहिचान गर्न नसकिने आय, खर्च, सम्पत्ति र दायित्वलाई विनियोजन गरिएको छैन । विनियोजन नगरिएका वस्तुहरूमा मुख्यतया संस्थागत सम्पत्तिहरू (मुख्य रूपमा बैंकको कर्पोरेट भवन), प्रधान कार्यालय खर्च, शेयर पूँजी, साधारण कोष, कर सम्पत्ति र दायित्वहरू र अग्रिम खर्च तथा खर्चको व्यवस्था समावेश हुन्छ ।

च) **रिपोर्ट योग्य सेग्मेन्टको आम्दानी, नाफा वा नोक्सान, सम्पत्ति र दायित्वहरूको मिलान**

क	आम्दानी	रकम रु. हजारमा
	रिपोर्ट योग्य सेग्मेन्टबाट कुल आम्दानी	३,४०३,३६१.०३
	अन्य आम्दानी	३९०,०४०.४८
	अन्तर सेग्मेन्टको आम्दानी घटाउने	-
	संस्थाको आम्दानी	**३,७९३,४०१.५१**

ख	नाफा/नोक्सान	रकम रु. हजारमा
	रिपोर्ट योग्य सेग्मेन्टबाट कुल नाफा/नोक्सान	२,९२९,६८५.९०
	अन्य नाफा/नोक्सान	(६४०,१३३.२६)
	अन्तर सेग्मेन्ट (Segment) आम्दानी घटाउने	-
	बाँडफाँड नभएको रकम	(६२०,७९९.७७)
	आयकर अघिको नाफा	**१,६६८,७५२.८७**

ग	सम्पत्ति	रकम रु. हजारमा
	रिपोर्ट योग्य सेग्मेन्टको कुल सम्पत्ति	९९,४९१,४१९.४९
	अन्य सम्पत्ति	-
	बाँडफाँड नभएको रकम	११,०५९,२६३.२३
	संस्थाको सम्पत्ति	**११०,५५०,६८२.७२**

घ	दायित्व	रकम रु. हजारमा
	रिपोर्ट योग्य सेग्मेन्टको कुल दायित्व	९६,४२८,८४६.९९
	अन्य दायित्व	-
	बाँडफाँड नभएको रकम	७०४,११५.५०
	संस्थाको दायित्व	**९७,१३२,९६२.५०**

छ. प्रोडक्ट (Product) र सेवाहरूको बारेमा जानकारी

माथिको बुँदा न. १ (क) मा वर्णन गरिएको प्रत्येक प्रोडक्ट तथा सेवाहरूको आम्दानी

	विवरण	रकम रु. हजारमा
(क)	बैंकिङ्ग	३,००८,१२६
(ख)	ट्रेजरी	३६२,८७९
(ग)	कार्ड	२१,७८४
(घ)	विप्रेषण	१०,५७२
कुल		**३,४०३,३६१**

ट. भौगोलिक क्षेत्रहरुका बारेमा जानकारी

प्रदेशगत रुपमा बैंकको उपस्थितिको आधारमा बैंकका सञ्चालन गतिविधिलाई वर्गिकरण गर्न सकिन्छ । तर प्रदेशगत प्रगतिले व्यवस्थापनको निर्णय प्रक्रियामा अहम् भूमिका खेल्दैन ।

ठ. प्रमुख ग्राहकहरूका बारेमा जानकारी

बैंकको कुल आम्दानीमा एउटै ग्राहकको १० प्रतिशत वा बढी योगदान रहेको छैन ।

५.५ शेयर अप्सन (Share Option) र शेयर आधारित भुक्तानी

बैंकले रिपोर्टिङ्ग अवधिमा शेयर अप्सन (Share Option) र शेयरका आधारमा कुनै भुक्तानी गरेको छैन ।

५.६ सम्भावित दायित्व र प्रतिबद्धता

सम्भावित दायित्वहरुको वित्तीय विवरणको अवस्थाको विवरण बुँदा ४.२८ मा दिइएको छ ।

५.७ सम्बन्धित पक्षको विवरण

५.७.१ बैंकका सम्बन्धित पक्षहरुको विवरण

नेपाल लेखामान मानक २४ सम्बन्धित पक्षहरुको खुलासा (NAS 24 Related Party Disclosures) ले सम्बन्धित पक्ष भनि गरेको परिभाषा अनुसार बैंकका सम्बन्धित पक्षहरु निम्नानुसार छन् ।

अ. मुख्य व्यवस्थापक

मुख्य व्यवस्थापक भनेका कुनै पनि संस्थाको व्यवसायिक कारोवारको योजना बनाउने, निर्देशन गर्ने तथा नियन्त्रण गर्न जिम्मेवार तथा अधिकार प्राप्त सञ्चालक सहितका व्यक्तिहरु हुन् । बैंकका मुख्य व्यवस्थापकको रुपमा सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत र बैंकका उच्च तहका अन्य कर्मचारीहरू समावेश छन् ।

नाम	पद
श्री राजन सिंह भण्डारी	अध्यक्ष
श्री प्रकाश चन्द्र मैनाली	सञ्चालक
श्री विजय ध्वज कार्की	सञ्चालक
श्रीमती सीता कार्की (के.सी)	सञ्चालक
श्री प्रबल जंग पाण्डे	सञ्चालक
श्री सजन शर्मा	सञ्चालक
श्री सुदेश खालिङ्ग राई	सञ्चालक
श्री गणेश राज पोखरेल	प्रमुख कार्यकारी अधिकृत
श्री बोधराज देवकोटा	नायव प्रमुख कार्यकारी अधिकृत
श्री सुमित बाबु खत्री	सहायक प्रमुख कार्यकारी अधिकृत
श्री रामधन श्रेष्ठ	सहायक प्रमुख कार्यकारी अधिकृत
श्री पारस कुमार काफ्ले	सहायक प्रमुख कार्यकारी अधिकृत
श्री राजेन्द्र लाल श्रेष्ठ	सहायक प्रमुख कार्यकारी अधिकृत
श्रीमती उमंग शर्मा	सहायक प्रमुख कार्यकारी अधिकृत
श्री संजीव कुमार श्रेष्ठ	प्रमुख सूचना प्रविधि अधिकृत
श्री प्रमेश राज कायस्थ	प्रमुख वित्त अधिकृत

आ. सहायक कम्पनीहरु

सहायक कम्पनीहरुको नाम र शेयर स्वामित्व प्रतिशत निम्नानुसार छन् :

क्र.स.	विवरण	शेयर होल्डिंग %
क	सि बि आई एल क्यापिटल लिमिटेड	५८.६० %
ख	सि बि आई एल सेक्यूरिटिज लिमिटेड	१०० %

इ. सम्बद्ध कम्पनीहरु

क्र.स.	विवरण	शेयर होल्डिंग %
क	नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेड	९.०९ %
ख	नेपाल क्लियरिङ हाउस लिमिटेड	१.९७ %

ई. कोष प्रायोजक

क्र.स.	विवरण
क	सिटिजन्स म्युचुअल फण्ड - १
ख	सिटिजन्स म्युचुअल फण्ड - २

i) मुख्य व्यवस्थापकलाई प्रदान गरिएको पारिश्रमिक

सञ्चालक समितिका सदस्यहरूलाई बैठक भत्ता तथा अन्य सुबिधाहरु बैंकको नियमावलीमा उल्लेख भए बमोजिम प्रदान गरिएको छ । प्रमुख कार्यकारी अधिकृत र अन्य कार्यकारी तहका कर्मचारीहरुलाई तलब तथा अन्य सुबिधाहरु प्रदान गरिएको छ । प्रमुख कार्यकारी अधिकृतसँग बैंकले गरेको करार बमोजिम तलब, भत्ता तथा अन्य सुबिधाहरु प्रदान गरिएको छ भने अन्य कार्यकारी तहका कर्मचारीहरुलाई कर्मचारी बिनियमावली र व्यवस्थापनले समय-समयमा गरेका निर्णय वमोजिम पारिश्रमिक प्रदान गरिएको छ । मुख्य व्यवस्थापकलाई तलब र भत्ताका साथै गैह्र नगदी सुविधाहरू जस्तै गाडी सुविधा, सहुलियत दरको कर्मचारी कर्जा, अवकास सुविधाहरू पनि प्रदान गरिएको छ ।

सञ्चालक समितिका सदस्यहरुलाई प्रदान गरिएको भत्ता तथा सुविधाको सम्बन्धित विवरणहरू निम्नानुसार रहेको छ ।

विवरण	चालु वर्ष रु.
बैठक भत्ता	३,५२८,०००
सन्चालकलाई प्रदान गरिएको अन्य सुविधा	८४१,०००
अन्य खर्चहरू	४७०,३५७
जम्मा	**३,६६७,३८९**

प्रमुख व्यवस्थापक मध्ये प्रमुख कार्यकारी अधिकृतलाई गरिएको भुक्तानी सम्बन्धी विवरणहरू निम्नानुसार छन्:

विवरण	चालु वर्ष रु.
अल्पकालीन कर्मचारी लाभ	१७,५९२,५८१
रोजगारी पछिको लाभ*	८४०,०००
अन्य दीर्घकालीन लाभ**	-
कुल	**१८,४३२,५८१**

सञ्चालक समितिका सदस्य तथा प्रमुख कार्यकारी अधिकृत वाहेक मुख्य व्यवस्थापकलाई भुक्तानी गरिएको विवरणहरू निम्नानुसार रहेका छन्:

विवरण	चालु वर्ष रु.
अल्पकालीन कर्मचारी लाभ	३६,१००,७७०
रोजगारी पछिको लाभ*	१,२०८,०१६
अन्य दीर्घकालीन लाभ**	-
कुल	**३७,३०८,७८६**

* रोजगारी पछिको लाभमा संचय कोष र उपदान समावेश गरिएको छ । संचय कोष स्वतन्त्र संस्थामा जम्मा गरिएको छ भने उपदान निर्धारण बिमांकिक मूल्याङ्कन अनुसार मापन गरि स्वतन्त्र योजना सम्पत्तिमा लगानी गरिएको छ ।

** अन्य दीर्घकालीन रोजगार लाभमा बैंकको कर्मचारी विनियमावली बमोजिम पाउने संचित घर बिदा र बिरामी बिदा वापत पाउने रकम समावेश छ ।

मुख्य व्यवस्थापकले बैंकको कर्मचारी बिनियमावली अनुसार दुर्घटना र मेडिकल बीमा, सवारी साधन, ईन्धन, खाजा र मोबाइल सुविधा पनि प्राप्त गर्छन ।

ii) सहायक कम्पनीसँगको कारोवार

सि बि आई एल क्यापिटल लिमिटेड

बैंकले आफ्नो रणनीतिक निर्णय अन्तर्गत सेवाको दायरा र आयको स्रोतलाई विस्तार गर्न सहायक कम्पनी सि बि आई एल क्यापिटल लिमिटेडको शेयर पूँजीमा लगानी गरेको छ। बैंकको सहायक कम्पनीमा ५८.६० प्रतिशत नियन्त्रण स्वामित्व रहेको छ। बैंकले आफ्नो उच्च पदस्त कर्मचारीहरुबाट ३ जनालाई सञ्चालकको रुपमा मनोनित गरेको छ जसमध्ये एकजना क्यापिटलको अध्यक्ष नियुक्त हुनु भएको छ।

सहायक कम्पनी मर्चेन्ट बैंकिङ्ग सेवामा (Merchant Banking Services) संलग्न रहेको छ।

१. बैंकले व्यवस्थापन सेवा प्रदान गर्नका लागि सहायक कम्पनीसँग व्यवस्थापन सेवा सम्झौता (Management Service Agreement) गरेको छ। व्यवस्थापन सेवा सम्झौतामा भएको प्रावधानहरु प्रतिस्पर्धात्मक बजार मूल्यको आधारमा रहेको छ।
२. बैंकले निम्न सुविधाहरु प्रदान गरे बापत मासिक रु.६ लाख लिने गरि बैंक र सहायक कम्पनी बिच सम्झौता गरेको छ।
   क) बैंकसँग सि बि आई एल क्यापिटल लिमिटेडको प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्ने अधिकार रहने।
   ख) बैंकले कम्प्युटर हार्डवेयर, सफ्टवेयर र नेटवर्क मर्मतका लागि आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने।
   ग) बैंकको आन्तरिक लेखापरीक्षण विभागले सहायक कम्पनीको सबै आन्तरिक लेखापरीक्षण गर्ने र लेखापरिक्षण प्रतिवेदन त्रैमासिक रुपमा लेखापरीक्षण समितिमा पेश गर्ने।
   घ) बैंकले सहायक कम्पनीलाई कानूनी परामर्श तथा गाडी सुविधा प्रदान गर्ने।
   ङ) बैंकले आफ्नो शाखा संजाल मार्फत लगानी व्यवस्थापन सेवाहरू पनि प्रदान गर्ने।
३. बैंकले काठमाडौंको डिल्लीबजारमा रहेको भवनलाई माघ २०७६ सम्म मासिक रु. ११०,००० र त्यस पश्चात् फागुन २०७६ बाट मासिक रु ९०,७५० तिर्ने सम्झौता गरि सहायक कम्पनीलाई भाडामा दिएको छ। उक्त सम्झौता अनुरुप भाडा रकम हरेक २ वर्षमा १०% ले वृद्धि हुनेछ।
४. बैंकले सहायक कम्पनीसँग गरेको कारोवारको क्रममा भएका सबै प्रकारका भुक्तानी रकममा नियमानुसार अग्रीम करकट्टी गरि सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा समयमै उक्त अग्रिमकर दाखिला गरेको छ।
५. सहायक कम्पनी सि बि आई एल क्यापिटल लिमिटेडको बैंकमा रहेका विभिन्न खाताहरुमा २०७७ आषाढ ३१ मा रु. २६९,०४६,६१९.९० मौज्दात रहेको छ।
६. बैंकको वित्तीय विवरणमा समावेश गरिएका सहायक कम्पनीसँगका सम्पूर्ण कारोवार निम्नानुसार रहेका छन्:

विवरण	रकम रु.
नाफा वा नोक्सानको विवरण	
घरभाडा आम्दानी	१,२८४,४१५
व्यवस्थापन शुल्कबाट प्राप्त आय	७,२००,०००
सर्भर र डाटाबेस वापतको भाडाबाट प्राप्त आय	२,२००,०००
शुल्क तथा कमिसन	१४७,०००
कुल आय	**१०,८३१,४१५**
सहायक कम्पनीलाई भुक्तानी गरिएको ब्याज खर्च	१५,८०६,५४७
सहायक कम्पनीलाई भुक्तानी गरिएको RTS शुल्क	८०४,४४४
कुल खर्च	**१६,६१०,९९१**
वित्तीय अवस्थाको जानकारी	
बैंकमा रहेको सहायक कम्पनीको निक्षेप	२६९,०४६,६१९
बैंकको तर्फबाट सहायक कम्पनीले बैंकका शेयर धनीहरुलाई भुक्तानी गर्न बाँकी लाभांश	१३२,१४३,४९४

सि बि आई एल क्यापिटल लिमिटेडको वित्तीय अवस्थाको जानकारीको बारेमा संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

विवरण	रकम रु.
गैह्र चालु सम्पत्ति	१०३,९५२,४५३
चालु सम्पत्ति	२९०,७३८,३६५
गैह्र चालु दायित्व	३६५,८६२
चालु दायित्व	१६४,४७९,९२२
शेयरधनीहरूको खुद सम्पत्ति	**२२९,८४५,०३४**
आय	६०,७१४,२४९
सामान्य सञ्चालनबाट प्राप्त आय	२२,०२८,२९६
अन्य विस्तृत आम्दानी	-
कुल विस्तृत आम्दानी	**२२,०२८,२९६**

सि बि आई एल सेक्यूरिटिज लिमिटेड

बैंकले रणनीतिक योजना अन्तर्गत आफ्नो सेवाको दायरा र आयको स्रोतलाई विस्तार गर्न सहायक कम्पनी सि बि आई एल सेक्यूरिटिज लिमिटेडको शेयर पूँजीमा लगानी गरेको छ। बैंकको सहायक कम्पनीमा सत प्रतिशत शेयर लगानी रहेको छ। बैंकले सि बि आई एल सेक्यूरिटिज लिमिटेडको अध्यक्षका रुपमा बैंकका सहायक प्रमुख कार्यकारी अधिकृतलाई नियुक्त गरेको छ र उच्च पदस्त कर्मचारीहरुबाट ३ जनालाई उक्त कम्पनीको सञ्चालकको रुपमा नियुक्त गरेको छ।

साथै बैंकका सहायक कम्पनी धितोपत्र दलाल सेवाहरूमा (Securities Brokerage Services) संलग्न रहेको छ।

१. बैंक र सहायक कम्पनी बीच बैंकले सहायक कम्पनीलाई निम्न सुविधा प्रदान गर्ने गरि सम्झौता भएको छ।
   क) बैंकले आफ्नो सहायक प्रमुख कार्यकारी अधिकृतलाई अध्यक्षको रूपमा र ३ वरिष्ठ स्तरका कर्मचारीहरूलाई सहायक कम्पनीको सञ्चालकका रूपमा मनोनित गरेको छ।
   ख) त्यस्तै बैंकले ललितपुरको कुपण्डोल स्थित आफ्नो भवनलाई सहायक कम्पनी सञ्चालनमा आए देखि लागु हुनेगरी मासिक रु. ६०,००० भाडा तिर्ने सम्झौतामा भाडामा दिएको छ। उक्त घर बहाल सम्झौता अनुरुप भाडा हरेक २ वर्षमा १०% का दरले वृद्धि हुनेछ।
   ग) बैंकले सहायक कम्पनीसँग गरेको कारोवारको क्रममा भएका सबै प्रकारका भुक्तानी रकममा नियमानुसार अग्रीम करकट्टी गरि सम्बन्धित आन्तरिक राजश्व कार्यलयमा समयमै उक्त अग्रिमकर दाखिला गरेको छ।
२. सि बि आई एल सेक्यूरिटिज लिमिटेडको बैंकमा रहेको खाताहरूको २०७७ आषाढ ३१ मा रु. ५३,३२६,९५८.४० मौज्दात रहेको छ।
३. बैंकको वित्तीय विवरणमा समावेश गरिएका सहायक कम्पनीसँगका सम्पूर्ण कारोवार निम्नानुसार रहेका छन्।

विवरण	रकम रु.
नाफा वा नोक्सानको विवरण	
कुल आय	
सहायक कम्पनीलाई तिरेको ब्याज	४,७८३,०११
कुल खर्च	**४,७८३,०११**
वित्तीय स्थितिको विवरण	
बैंकमा रहेको सहायक कम्पनीको निक्षेप	५३,३२६,९५८

सि बि आई एल सेक्यूरिटिज लिमिटेडको वित्तीय अवस्थाको जानकारीको बारेमा संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

विवरण	रकम रु.
गैह्र चालु सम्पत्ति	-
चालु सम्पत्ति	५३,७२२,२०८
गैह्र चालु दायित्व	-
चालु दायित्व	२८,२५०
शेयरधनीहरूको खुद सम्पत्ति	**५३,६९३,९५८**
आय	४,७८३,०१२
सामान्य सञ्चालनबाट प्राप्त आय	३,६७०,४६५
अन्य विस्तृत आम्दानी	-
कुल विस्तृत आम्दानी	**३,६७०,४६५**

iii) सम्बद्ध कम्पनीहरुको कारोवार

सम्बद्ध कम्पनीमा गरिएको लगानीलाई समूहको वित्तीय विवरणको अवस्थामा शुरूमा लागत विधि र त्यस पश्चात् इक्विटी विधि प्रयोग गरि लेखांकन गरिन्छ। त्यस्तै बैंकले सम्बन्द्ध कम्पनीहरूमा गरिएको लगानीलाई बैंकको वित्तिय विवरणमा लागत विधिमा लेखांकन गरिएको छ।

बैंकका प्रबन्धक उक्त कम्पनीमा बैंकको तर्फबाट प्रतिनिधि सञ्चालक भएकोले सम्बन्द्ध कम्पनीको वित्तीय तथा सञ्चालन नीति निर्माणमा समग्रमा प्रभाव भएता पनि नियन्त्रण भने छैन।

नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेड (NEPS)

राष्ट्रिय स्तरका ७ वाणिज्य बैंकहरूको संयूक्त प्रयासमा नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेडको स्थापना भएको हो, जसको उद्देश्य यी बैंकहरूको स्रोत संगठित गर्दै सुरक्षित, भरपर्दो र इलेक्ट्रोनिक भुक्तानीमा नविनतम प्रविधिमा भइरहेको तिव्र विकासलाई अनुसरण गर्न एउटा साझा मंच (platform) स्थापना गर्ने रहेको छ।

यस बैंकको व्यवस्थापन समूहका सदस्य श्री संजीव कुमार श्रेष्ठ यस सम्बद्ध कम्पनीको सञ्चालक समितिको सदस्य रहनु भएको छ। बैंकले NEPS को शेयर पूँजीमा रु. १६,०००,००० लगानी गरेको छ, जुन NEPS को कुल पूँजीको ९.०९ प्रतिशत हुन आउँछ।

डेबिट कार्ड र क्रेडिट कार्डसँग सम्बन्धित सेवाहरू लिनका लागि बैंकले NEPS सँग सम्झौता गरेको छ, जसका लागि बैंकले प्रतिस्पर्धात्मक बजार मूल्यमा सेवा शुल्क भुक्तानी गर्दछ।

यस आर्थिक वर्षमा यस सम्बद्ध कम्पनीसँग भएको कारोवारको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

विवरण	रकम रु.
कारोवार शुल्कको लागी गरिएको भुक्तानी	८,३५८,०९३

NEPS मा गरिएको लगानीलाई बैंकको वित्तीय विवरणमा लागतमा र एकीकृत वित्तीय विवरणमा इक्विटी विधि अनुसार लेखांकन गरिएको छ।

नेपाल क्लियरिङ्ग हाउस लिमिटेड (NCHL)

नेपाल क्लियरिङ्ग हाउस लिमिटेड (NCHL) नेपाल राष्ट्र बैंकको नेतृत्व र मार्गदर्शनमा मंसिर ९, २०६५ (डिसेम्बर २३, २००८) मा स्थापना भएको सार्वजनिक कम्पनी हो। यसको शेयरमा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक, विकास बैंक, फाईनान्स कम्पनी र स्मार्ट चोइस टेक्नोलोजि, निजी कार्ड स्विच अपरेटरको संयुक्त लगानी रहेको छ।

राष्ट्रिय भुक्तानी गेटवे स्थापना गर्न देशभित्रै विद्युतीय भुक्तानी र वित्तीय लेनदेनको सुविधा पुर्याउन नेपालमा दीर्घकालीन भुक्तानी, क्लियरिङ र सेटलमेन्ट प्रणालीको स्थापना गर्ने रणनीतिक उद्देश्य नेपाल क्लियरिङ हाउस लिमिटेडको रहेको छ। इलेक्ट्रोनिक चेक क्लियरिङ, इन्टर बैंक भुक्तानी प्रणाली, RTGS / Connect IPS हाल सञ्चालनमा रहेका राष्ट्रिय भुक्तानी प्रणाली हुन्।

यस बैंकको व्यवस्थापन समूहको सदस्य श्रीमती उमंग शर्मा NCHL को सञ्चालक समितिको सदस्य रहनुभएको छ। बैंकले NCHL को शेयर पूँजीमा रु ४,२५०,२०० लगानी गरेको छ, जुन NCHL को कुल पूँजी को १.९७ प्रतिशत हुन आउँछ।

इलेक्ट्रोनिक चेक क्लियरिङ्ग (ECC), अन्तर बैंक भुक्तानी प्रणाली (IPS), RTGS र Connect IPS सम्बन्धित सेवाहरू प्राप्त गर्नका लागी बैंकले नेपाल क्लियरिङ्ग हाउस लिमिटेडसँग सम्झौता गरेको छ, जसको लागि बैंकले प्रतिस्पर्धामक बजार मूल्यमा सेवा शुल्क भुक्तानी गर्दछ।

यस आर्थिक वर्षमा यस सम्बद्ध कम्पनीसँग भएको कारोवारको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

विवरण	रकम रु.
कारोवार शुल्कको लागी गरिएको भुक्तानी	८,३००,९२४

NCHL मा गरिएको लगानीलाई बैंकको वित्तीय विवरणमा लागतमा तथा एकीकृत वित्तीय विवरणमा इक्विटी विधि अनुसार लेखांकन गरिएको छ।

iv) सिटिजन्स म्युचुअल फण्ड - १ संगको कारोवार

सामूहिक लगानी कोष नियमावली २०६७, अनुसार धितोपत्र बोर्डमा दर्ता सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत संचालित बन्द इक्विटी उन्मुख कोष (close ended equity oriented fund) सिटिजन्स म्युचुअल फण्ड १ को बैंक प्रायोजक तथा प्रमुख स्वामित्व (substantial) रहेको शेयरधनीको रुपमा रहेको छ। यो योजनाको परिपक्वता अवधि ७ वर्ष रहेको छ र यसको सञ्चालन फाल्गुन २०, २०७४ देखि भएको हो। यो नेपाल स्टक एक्सचेन्जमा बैशाख ३, २०७५ मा सूचीकृत भएको थियो ।

बैंकले सिटिजन्स म्युचुअल फण्ड १ मा रु. १५०,०००,००० लगानी गरेको छ, जसलाई अन्य विस्तृत आम्दानीको माध्यमबाट उचित मोलमा मापन गरिने सम्पत्तिको रुपमा प्रस्तुत गरि प्रचलित बजार मूल्यमा मापन गरिएको छ।

आर्थिक वर्ष २०७६/७७ को अन्त्यमा यस योजनाको बैंकमा रु. ३४,८४४,२१५ मौज्दात रहेको छ।

v) सिटिजन्स म्युचुअल फण्ड - २ संग लेनदेन

यस बैंकले सामूहिक लगानी कोष नियमावली २०६७, अनुसार धितोपत्र बोर्डमा दर्ता भएको सिटिजन्स म्युचुअल फण्ड अन्तर्गत संचालित बन्द इक्विटी उन्मुख कोष (close ended equity oriented fund) सिटिजन्स म्युचुअल फण्ड २ को बैंक प्रायोजक तथा प्रमुख स्वामित्व (substantial) रहेको शेयरधनीको रुपमा रहेको छ।

यस योजनाको परिपक्वता अवधि ७ वर्ष रहेको छ र यसको सञ्चालन आषाढ २२, २०७६ देखि भएको हो।

बैंकले सिटिजन्स म्युचुअल फण्ड २ मा रु. १५०,०००,००० लगानी गरेको छ, जसलाई अन्य विस्तृत आम्दानीको माध्यमबाट उचित मोलमा मापन गरिने सम्पत्तिको रुपमा प्रस्तुत गरि प्रचलित बजार मूल्यमा मापन गरिएको छ।

आर्थिक वर्ष २०७६/७७ को अन्त्यमा यस योजनाको बैंकमा रु. १५,४५७,९५६ मौज्दात रहेको छ।

५.७.२ सहायक कम्पनीको सम्बन्धित पक्षको विवरण

मुख्य व्यवस्थापक

यस आर्थिक वर्षमा कार्यालयको विभिन्न पदहरुमा कार्यरत मुख्य व्यवस्थापकहरुको नाम निम्नानुसार छन् :

(क) सि बि आई एल क्यापिटल लिमिटेड

प्रमुख व्यवस्थापक	पद
श्री पारस कुमार काफ्ले	अध्यक्ष
श्री राजेन्द्र लाल श्रेष्ठ	सञ्चालक
श्री राजेन्द्र शाक्य	सञ्चालक
श्री प्रमेश राज कायस्थ	सञ्चालक
श्री प्रज्जवल जंग पाण्डे	स्वतन्त्र सञ्चालक
श्रीमती रीता सुवेदी	स्वतन्त्र सञ्चालक

मुख्य व्यवस्थापकहरु (सञ्चालकरू मात्र) लाई भुक्तानी गरिएको भत्ता तथा सुविधाको विवरणहरू निम्नानुसार छन् ।

विवरण	रकम रु.
बैठक भत्ता	५८५,०००
कुल	**५८५,०००**

सञ्चालकहरू बाहेक अन्य मुख्य व्यवस्थापक (प्रमुख कार्यकारी अधिकृत मात्र) लाई गरिएको भुक्तानीको विवरणहरू निम्नानुसार छन् ।

विवरण	चालु वर्ष रु.
अल्पकालीन कर्मचारी लाभ	३,१६८,६६१
रोजगारी पछिको लाभ	१९७,९६४
अन्य दीर्घकालीन लाभ	-
कुल	**३,३६६,६२५**

(ख) मुख्य कम्पनी

यस आय वर्षमा सि बि आई एल क्यापिटल लिमिटेडले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडबाट प्राप्त गरेको तथा बैंकलाई भुक्तानी गरेको रकम निम्नानुसार प्रस्तुत गरिएको छ :

विवरण	रकम रु.
कार्यालय भाडा खर्च	१,२८४,४१५
प्राविधिक सेवा शुल्क	७,२००,०००
सर्भर र डाटाबेस भाडा	२,२००,०००
डिम्याट शुल्क	१४७,०००
कुल खर्च	**१०,८३१,४१५**
निक्षेपमा प्राप्त भएको ब्याज	१५,८०६,५४७
शेयर रजिस्ट्रार शुल्क	८०४,४४४
कुल आय	**१६,६१०,९९१**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको तर्फबाट गरिएको कारोवारको बाँकी रकम :

विवरण	रकम रु.
शेयरधारकहरूलाई भुक्तान गर्न बाँकी लाभांश	१३२,१४३,४९४
कुल	**१३२,१४३,४९४**

यस आर्थिक वर्षमा सि बि आई एल सेक्यूरिटिज लिमिटेडले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडसँग प्राप्त गरेको तथा बैंकलाई भुक्तानी गरेको रकम निम्नानुसार रहेको छ :

विवरण	रकम रु.
निक्षेपमा प्राप्त गरिएको ब्याज	४,७८३,०११
कुल आय	**४,७८३,०११**

५.८ गाभ्ने तथा प्राप्ति (Merger and Acquisition)

यस आर्थिक वर्ष २०७६/७७ मा बैंकले "ख" वर्गको वित्तीय संस्था सहयोगी विकास बैंक लिमिटेडलाई नेपाल राष्ट्र बैंक तथा बैंकको विशेष साधारण सभाको स्वीकृति प्राप्ति गरी आषाढ २०, २०७७ देखि संयुक्त कारोवार सुरु गरेको छ। प्राप्ति गर्नका लागि बैंकले १००:९१.७५ शेयर आदान प्रदान अनुपात (अर्थात १०० कित्ता सहयोगी विकास बैंक लिमिटेडको शेयर वापत सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९१.७५ शेयर) अनुसार ४,६७६,२०५.७४ कित्ता शेयर जारी गरेको छ।

सहयोगी विकास बैंक लिमिटेडको नियामक कोषहरु बाहेकको खुद सम्पत्तिको उचित मोल रु. ५५८,४९९,९५७ रहेको छ। त्यसै को कारण सहयोगी विकास बैंक प्राप्तिबाट भएको मोलतोल खरिद नाफा (Bargain Purchase Gain) रु. ९०,८७९,३८४ लाई नाफा/नोक्सान विवरणमा लेखांकन गरिएको छ।

५.९ वित्तीय विवरणमा एकीकरण नगरिएका संस्थाहरुको थप जानकारी

प्रतिवेदन अवधिमा बैंकको वित्तीय विवरणमा एकीकरण नगरिएका कुनै पनि संस्था रहेको छैन।

५.१० सञ्चालन पट्टा (Operating Lease) खर्च

बैंकको वास्तविक पट्टा दायित्व र भविष्यको न्यूनतम पट्टा भुक्तानीको विवरण निम्न बमोजिम रहेको छ।

वास्तविक पट्टा दायित्व	२०७६/७७ (रु.)
एक वर्ष भन्दा कम	८०,१७२,७८३
एक देखि पाँच वर्ष सम्म	३१४,७७८,४६१
पाँच वर्ष भन्दा बढी	२१९,७८४,३२४
कुल	**६१४,७३५,५६९**

भविष्यमा हुने पट्टा खर्च	२०७६/७७ (रु.)
एक वर्ष भन्दा कम	८६,०६५,४०४
एक देखि पाँच वर्ष सम्म	३०७,७३२,७३८
पाँच वर्ष भन्दा बढी	१९१,७१६,५०७
कुल	**५८५,५१४,६४९**

५.११ कर्जा तथा सापटीसँग सम्बन्धित विवरणहरु

विवरण	ग्राहकहरुलाई	बैंक तथा वित्तीय संस्थालाई
कर्जा तथा सापटी	७९,७३३,७९४,७२०	१,५४९,५९९,५४३
कर्जा तथा सापटीमा असुल हुन बाँकी ब्याज	७१८,५४३,४५०	-
कर्मचारी कर्जा तथा सापटी	५५७,०१६,४७६	-
कर्मचारी कर्जामा असुल हुन बाँकी ब्याज	४२८,५५२	-

कुल कर्जा तथा सापट (क)	**८१,००९,७८३,१९८**	**१,५४९,५९९,५४३**
क्षय/नोक्सानी व्यवस्था		
i. NAS 39 अनुसारको क्षय/नोक्सानी व्यवस्था	**१,११८,३११,८९५**	**-**
व्यक्तिगत क्षय/नोक्सानी व्यवस्था	४९०,७८८,९८८	
सामूहिक क्षय नोक्सानी व्यवस्था	६२७,५२२,९०७	
ii. नेपाल राष्ट्र बैंकको मापदण्ड अनुसारको कुल क्षय/नोक्सानी व्यवस्था	**२,०३३,३८७,९५२**	**१५,४९५,९९५**
व्यक्तिगत क्षय/नोक्सानी व्यवस्था	६९३,६५९,८०४	१५,४९५,९९५
सामूहिक क्षय नोक्सानी व्यवस्था	१,३३९,७२८,१४८	
यस वर्षको लागि क्षय /नोक्सानी, i./ii. मध्य बढी रकम (ख)	**२,०३३,३८७,९५२**	**१५,४९५,९९५**
खुद कर्जा तथा सापट (क-ख)	**७८,९७६,३९५,२४५**	**१,५३४,१०३,५४८**

NAS 39 अनुसारको क्षय/नोक्सानी व्यवस्था

बैंकले कर्जा तथा सापटमा क्षय/नोक्सानी हुन सक्ने सम्भावना भए वा नभएको व्यक्तिगत र सामूहिक स्तर दुवै तहमा समीक्षा गर्दछ। बैंकले सर्वप्रथम महत्वपूर्ण वित्तीय सम्पत्तिको हानी/नोक्सानी सम्भावनाको व्यक्तिगत रूपमा समीक्षा गर्दछ भने व्यक्तिगत तवरबाट महत्वपूर्ण नभएका अन्य सम्पत्तिलाई सामूहिक रूपमा समिक्षा गर्दछ।

बैंकले ग्राहक र बैंक तथा वित्तीय संस्थालाई प्रदान गरिएको कुल कर्जा तथा सापट को ४०.९१ प्रतिशत कर्जाको क्षय/नोक्सानीको समिक्षा व्यक्तिगत तहमा गरेको छ। यस तवर सम्मको समिक्षाले बैंकको कर्जाको नोक्सानी निर्धारण प्रकृयाको विश्वसनीयताको सुनिश्चता प्रदान गर्दछ।

बैंकले सामूहिक मूल्यांकनको लागि भने जोखिम र चुनौतिका तत्वहरुको एकरुपताको आधारबाट कर्जा र सापटहरुलाई समूहगत रुपमा वर्गिकरण गरि समिक्षा गर्ने गरेको छ। समूहगत कर्जाहरुमा आवासिय कर्जा, छोटो अवधि कर्जा, आवद्यिक कर्जा, व्यक्तिगत कर्जा र सवारी कर्जा रहेका छन्।

बैंकले विगत चार वर्ष र चालु वर्षको भुक्तानीको लागि बाँकी रकमको प्रवृत्तिलाई विचार गरेको छ भने सामूहिक कमजोरीमा नोक्सानी दर (loss given default rate) निकाल्न बैंक स्थापना भएदेखिको आंकडा लिएको छ।

नेपाल राष्ट्र बैंकको मापदण्ड अनुसार कर्जा नोक्सानी व्यवस्था

बैंकले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन नं. २ अनुसार साँवा वा ब्याज भुक्तानी हुनुपर्ने भाखा नाघेको अवधिका आधारमा कर्जा नोक्सानी व्यवस्था गरेको छ। व्यक्तिगत ग्यारेन्टी, सुरक्षण अभाव, कर्जा लिनेहरू कालोसूचीमा, पुनरसंरचना वा पुनरतालिकीकरण आदि अवस्थामा थप मापदण्डहरु लागु गरिएका छन्।

५.१२ ग्राहकलाई कर्जा तथा सापटमा समावेश गरिएका कर्मचारी कर्जा तथा अन्य कर्मचारी लाभहरु

वित्तीय विवरणमा ग्राहकलाई कर्जा तथा सापटमा बैंकको कर्मचारी विनियमावली अनुसार प्रदान गरिएको कर्मचारी कर्जा समावेश गरिएको छ। कर्मचारी कर्जा लिनका लागि बैंकको कर्मचारी बिनियमावली अनुसार निश्चित सेवा अवधि पुरा गरेका स्थायी कर्मचारीहरु योग्य हुने व्यवस्था रहेको छ।

कर्मचारीहरुलाई प्रदान गरिएको कर्जा रकमको विवरण निम्नानुसार रहेको छ :

रकम रु. मा

विवरण	२०७६/७७	२०७५/७६
कर्मचारी सवारी कर्जा	५१,५५१,२५२	६०,९२३,२४२
कर्मचारी घर कर्जा	४३६,५९६,७८७	३४२,२३२,१६९

कर्मचारी सापटी	६५,३५१,११४	६३,५९६,८८७
Credit Card Receivable	३,५१७,३२४	३,९७३,६५७
कुल	**५५७,०१६,४७६**	**४७०,७२५,९५५**

५.१३ लगानी जायजेथा (Investment Property)

बैंकको लगानी जायजेथाहरु (Investment Property) को विवरण निम्नानुसार रहेको छः

रकम रु. मा

विवरण	२०७६/७७	२०७५/७६
लागतमा मापन लगानी जायजेथाहरु (Investment Property)		
श्रावण १, २०७६ को रकम	२२२,५४७,१५३	२८७,५४७,०६०
यस वर्ष थप	-	१७,८५४,८४२
यस वर्ष बिक्री	(२७,०१४,३६४)	(८२,८५४,७४९)
कुल	**१९५,५३२,७८९**	**२२२,५४७,१५३**

आषाढ मसान्त २०७७ मा लगानी जायजेथाको कुल उचित मोल रु. १९६,९६६,२८९ रहेको छ।

५.१४ संचित विदा वापतको दायित्व

संचित विदा वापतको निम्न दायित्वलाई वित्तीय विवरणको अन्य दायित्व अन्तर्गतको शीर्षकमा समावेश गरीएको छ।

विवरण	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
गैह्र कोषमा आधारित दायित्वको वर्तमान मूल्य	-	२,४३६,९९६	-	२,३५२,८५८
कोषमा आधारित दायित्वको वर्तमान मूल्य	११९,७४३,४०८	९७,४७६,२९८	११९,७४३,४०८	९७,४७६,२९८
कुल दायित्वको वर्तमान मूल्य	**११९,७४३,४०८**	**९९,९१३,२९४**	**११९,७४३,४०८**	**९९,८२९,१५६**
योजनागत सम्पत्तिको (Plan Assets) उचित मूल्य	१२७,९३८,९५६	९७,४७६,२९८	१२७,९३८,९५६	९७,४७६,२९८
खुद दायित्वको वर्तमान मूल्य	(८,१९५,५४८)	२,४३६,९९६	(८,१९५,५४८)	२,३५२,८५८
परिभाषित लाभ योजना सम्बन्धी लेखांकित दायित्व	११९,७४३,४०८	९९,९१३,२९४	११९,७४३,४०८	९९,८२९,१५६

योजनागत सम्पत्ति

योजनागत सम्पत्तिमा संलग्न	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
इक्विटी सुरक्षणपत्रहरु	-	-	-	-
सरकारी ऋणपत्र	-	-	-	-
बैंक निक्षेप	-	-	-	-
अन्य	१२७,९३८,९५६	९७,४७६,२९८	१२७,९३८,९५६	९७,४७६,२९८
कुल	**१२७,९३८,९५६**	**९७,४७६,२९८**	**१२७,९३८,९५६**	**९७,४७६,२९८**

परिभाषित लाभ योजना दायित्वको वर्तमान मूल्यमा उतार चढाव

विवरण	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
श्रावण १ २०७६ को परिभाषित लाभ योजना दायित्व	९९,८२९,१५६	८१,७३०,५५९	९९,८२९,१५६	८१,६९३,२९६
विमाङ्किक नोक्सानी (नाफा)	१८,०५४	३७,९७६,०१२	१८,०५४	३७,०२७,६६६
योजनाले भुक्तानी गरेको लाभ	(१३,५६७,०७५)	(४२,५८८,६१९)	(१३,५६७,०७५)	(४२,५६०,११९)
चालु सुविधा खर्च र ब्याज	३३,४६३,२७३	२२,७९५,३४२	३३,४६३,२७३	२२,६६८,३१३
आषाढ मसान्त २०७७ को परिभाषित लाभ योजना दायित्व	**११९,७४३,४०८**	**९९,९१३,२९४**	**११९,७४३,४०८**	**९९,८२९,१५६**

योजनागत सम्पत्तिको उचित मोल (fair value) मा उतार चढाव

विवरण	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
श्रावण १,२०७६ मा योजनागत सम्पत्तिको उचित मोल	९७,४७६,२९८	७४,५११,४३३	९७,४७६,२९८	७४,५११,४३३
योजनामा गरिएको योगदान	३८,८४६,६७३	६३,१७५,५०२	३८,८४६,६७३	६३,१७५,५०२
योजनाबाट गरिएको भुक्तानी	(१३,५६७,०७५)	(४२,५६०,११९)	(१३,५६७,०७५)	(४२,५६०,११९)
विमाङ्किक नाफा (नोक्सान)	(१,५२९,६७८)	(१,२९०,४७९)	(१,५२९,६७८)	(१,२९०,४७९)
योजनागत सम्पत्तिबाट अपेक्षित लाभ	६,७१२,७३८	३,६३९,९६१	६,७१२,७३८	३,६३९,९६१
आषाढ मसान्त २०७७ को योजनागत सम्पत्तिको उचित मोल	**१२७,९३८,९५६**	**९७,४७६,२९८**	**१२७,९३८,९५६**	**९७,४७६,२९८**

नाफा नोक्सान हिसाबमा देखाईएको रकम

विवरण	समूह		बैंक	
	यस वर्ष	गत वर्ष	यस वर्ष	गत वर्ष
चालु सेवा खर्च	२६,०१९,६२४	१७,९६०,४४२	२६,०१९,६२४	१७,८३५,२५४
दायित्वमा ब्याज	७,४४३,६४९	४,८३४,९००	७,४४३,६४९	४,८३३,०५९
विमाङ्किक (नाफा)/नोक्सान	१,५४७,७३२	३९,२६६,४९१	१,५४७,७३२	३९,३१८,१४५
योजनागत सम्पत्तिबाट अपेक्षित लाभ	६,७१२,७३८	३,६३९,९६१	६,७१२,७३८	३,६३९,९६१
कुल	**२८,२९८,२६७**	**५८,४२१,८७२**	**२८,२९८,२६७**	**५८,३४६,४९७**

५.१५ **आयकर**

कर निर्धारणको अवस्था

चालु आर्थिक वर्षमा बैंकको आर्थिक वर्ष २०७२/७३ को कर निर्धारणको काम श्री ठूला करदाता कार्यालयद्वारा प्रक्रिया सुरु गरिएको छ।

बैंकले आय वर्ष २०७०/७१ र २०७१/७२ को थप कर माग रकम क्रमशः रु. १०,१४८,१३८ र रु. ७,७१०,६१६ उपर प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिएको छ । बैंकले आय वर्ष २०६८/६९ र २०६९/७० को थप कर माग रकम क्रमशः रु. ८,३४६,५१७ र रु. १२,३९६,९०१ उपर राजस्व न्यायाधिकरणमा मुद्दा दायर गरेको छ। बैंकले प्राप्ति गरेको साविकको पिपल्स फाईनान्स लिमिटेड को आय वर्ष २०६७/६८ को रु. २१,००२,२५५ तथा साविकको नेपाल हाउजिङ्ग एण्ड मर्चेन्ट फाईनान्स लिमिटेडको आ.व. २०६८/६९, २०७०/७१ र २०७१/७२ को लागि थप कर माग रकम क्रमशः रु. ३,४४६,६९४, रु. ९१७,३९१ र रु. २,१५९,१६२ को लागि दिएको निवेदन पनि प्रशासकीय पुनरावलोकनमा विचाराधीन रहेको छ।

संशोधित कर निर्धारण आदेशको विरुद्धमा आ.व. २०६३/६४, २०६४/६५ तथा २०६७/६८ सँग सम्बन्धित मुद्दाहरु सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको छ। आय वर्ष २०६३/६४ र २०६४/६५ को कुल विवादित रकम रु ५,५२८,७७६ र आय वर्ष २०६७/६८ को कुल विवादित रकम रु २,८८५,७२९ रहेको छ।

बैंकले विवादित कर रकम रु. ८०,०७१,२६३ सम्भावित दायित्व अन्तर्गत खुलासा गरेको छ।

बैंकले आय वर्ष २०७३/७४ देखि आय वर्ष २०७५/७६ सम्म दाखिला गरेको आय बिवरणलाई ठूला करदाता कार्यालयद्वारा कर निर्धारण गर्न प्रक्रिया सुरु गरेको छैन।

चालु आर्थिक वर्षको कर

आय कर ऐन, २०५८ अनुसार खुद नाफामा आवश्यक समायोजन पश्चात करयोग्य नाफामा ३० प्रतिशतका दरले कर निर्धारण गरि वित्तीय विवरणमा प्रस्तुत गरिएको छ।

चालु आर्थिक वर्षको आय करको दायित्व र नाफा नोक्सान हिसाबको खुद नाफामा सिर्जित चालु करको विवरण बुदा नं. ४.४१.१ मा प्रस्तुत गरिएको छ।

स्थगन कर सम्पत्ति

आर्थिक वर्षको अन्त्यमा रहेको सम्पत्ति र दायित्वको करको आधारमा (Tax base) र किताबी मूल्यमा हुने अस्थायी फरकका आधारमा ३०% प्रतिशतका दरले स्थगन कर गणना गरिएको छ।

स्थगन कर सम्पत्ति तथा दायित्व र स्थगन करको गणना वित्तीय विवरणको बुदा नं. ४.१५ मा प्रस्तुत गरिएको छ।

५.१६ वैधानिक जगेडा तथा कोषहरु

बैंक तथा वित्तीय संस्था ऐन, २०७३ र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैधानिक जगेडा तथा अन्य विशेष कोषहरु बैंकको जगेडा तथा कोषमा समावेश गरिएका छन्। बैंकका जगेडा तथा कोषहरु निम्न प्रकारका रहेका छन् :

(क) साधारण जगेडा कोष

बैंक तथा वित्तीय संस्था ऐन २०७३ को दफा ४४ अनुसार, जम्मा जगेडाको रकम चुक्ता शेयर पूँजीको दोब्बर रकम नहुञ्जेल सम्म प्रत्येक वर्षको खुद मुनाफाको २०% बराबरको रकम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ। सोही अनुसार बैंकले यस आर्थिक वर्षमा संचित मुनाफाबाट साधारण जगेडा कोषमा रु. २३९,७००,९३२ रकमान्तर गरेको छ।

त्यस्तो जगेडा कोषलाई नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति बिना खर्च गर्न तथा अन्य कोषमा सार्न सकिदैंन।

(ख) सटही घटबढ कोष

बैंक तथा वित्तीय संस्था ऐन २०७३ को दफा ४५ अनुसार, भारतीय मुद्रा बाहेक अन्य विदेशी मुद्रामा विदेशी विनियम पुनर्मुल्यांकनबाट प्राप्त गरिएको लाभको २५% रकम सटही घटबढ कोषमा रकमान्तर गरिन्छ। यस आर्थिक वर्षमा बैंकले संचित मुनाफाबाट सटही घटबढ कोषमा रु. १७,८९७,९७८ रकमान्तर गरेको छ।

चालु वर्षको अवधिमा स्थानान्तरण गरेपछि सटही घटबढ कोषको रकम रु. ५८,९०७,३१५ रहेको छ। कुनै वर्षमा सटही नोक्सान भएमा सोको समायोजन गर्न बाहेक नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति बिना कोषको रकमलाई खर्च गर्न तथा अन्यत्र सार्न सकिदैन।

(ग) लगानी समायोजन कोष

नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन नं ८/२०७६ मा भएको व्यवस्था अनुसार लगानी समायोजन कोषको सिर्जना गरिएको छ। चालु आर्थिक वर्षमा लगानी समायोजन कोषमा कुनै थप समायोजन गरिएको छैन। आषाढ मसान्त २०७७ मा लगानी समायोजन कोषमा रहेको विवरण निम्नानुसार रहेको छः

विवरण	लगानी रकम (रु.)	लगानी समायोजन कोष (रु.)
प्रभु क्यापिटल लिमिटेड	३,०००,०००	३,०००,०००
जम्मा	**३,०००,०००**	**३,०००,०००**

(घ) पूँजी फिर्ता कोष

बैंकले नेपाल राष्ट्र बैंकको मिति २०७०।०९।०१ को स्विकृति अनुसार रु. ५००,०००,०० बराबरको ५,००,००० कित्ता ८.५% सिटिजन्स बैंक बण्ड २०७७ जारी गरेको छ। बैंकले यस आय वर्ष २०७६/७७ मा थप रु. १०७,१४२,८५७ पूँजी फिर्ता कोषमा जम्मा गरी नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बण्डको निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष बाहेक समानुपातिक रुपमा कुल रु. ५००,०००,००० जम्मा गरेको छ।

बैंकले चालु आय वर्ष २०७६/७७ मा नेपाल राष्ट्र बैंकको मिति २०७६/०६/३० को स्वीकृति अनुसार अर्को रु. २,५००,०००,००० बराबरको ऋणपत्र, १०.२५% सिटिजन्स बैंक बण्ड २०८६ जारी गरेको छ। नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिकाको निर्देशन नः २०७६(१६)(५) अनुसार पूँजी फिर्ता कोषमा निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष बाहेक प्रत्येक वर्षमा समानुपातिक रुपमा रकम विनियोजन गर्नु पर्ने छ। त्यसैले चालु आर्थिक वर्षमा उक्त ऋणपत्र निष्काशन गरेकोले बैंकले १०.२५% सिटिजन्स बैंक बण्ड २०८६ को लागि कुनै रकम पूँजी फिर्ता कोषमा जम्मा गरेको छैन।

(ङ) कर्मचारी तालिम तथा कर्मचारी दक्षता अभिवृद्धि कोष

नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन २०७६ को निर्देशन नं. ६/२०७६ अनुसार कर्मचारीहरुको तालिम तथा दक्षता अभिवृद्धिका लागि गत आर्थिक वर्षको कुल तलव भत्ता खर्चको न्युनतम ३% रकम खर्च गर्न पर्ने प्रावधान रहेको छ। चालु आर्थिक वर्षमा बैंकले कर्मचारी तालिममा गरेको खर्च रु. ११,०३३,०७२ अघिल्लो आर्थिक वर्षको कुल तलव भत्ताको २.२९% भएता पनि नेपाल राष्ट्र बैंकको बैं. वि. नि. वि./नीति/परिपत्र/ क ख ग/१४/०७६/७७ अनुसार उक्त प्रावधान आर्थिक वर्ष २०७६/७७ को लागि अनिवार्य नरहेकोले कर्मचारी दक्षता अभिवृद्धि कोषमा कुनै रकम जम्मा गरिएको छैन।

(च) संस्थागत सामाजिक उत्तरदायित्व कोष

चालु आर्थिक वर्षमा बैंकले संस्थागत सामाजिक उत्तरदायित्व गतिविधिको लागि रु. १८,८५६,६३२ खर्च गरेको छ। त्यसैले बैंकले गत वर्षमा विनियोजन गरेको संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट रु. १८,८५६,६३२ संचित मुनाफा सारेको छ। त्यसै गरि नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन ०६/२०७६ अनुसार बैंकले चालु आर्थिक वर्षमा थप रु. ११,९८५,०४७ संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरेको छ। उक्त कोषमा जम्मा गरिएको रकम बैंकको संस्थागत सामाजिक उत्तरदायित्व कार्यविधि अनुसार आगामी वर्ष संस्थागत सामाजिक उत्तरदायित्वका गतिविधिहरुमा खर्च गरिने छ।

इक्विटीमा भएको परिवर्तनको विवरणको अन्य जगेडा कोषमा समावेश रहेका पूँजी फिर्ता कोष, संस्थागत सामाजिक उत्तरदायित्व कोष, लगानी समायोजन कोष, कर्मचारी दक्षता अभिवृद्धी कोषमा भएको समग्र उतारचडाब निम्नानुसार रहेको छ।

अन्य कोष	रकम रु. मा
श्रावन १, २०७६ को मौज्दात	**४०८,५२६,१८४**
कर पछिको विस्तृत आय	
परिभाषित लाभ योजनामा बिमाङ्किक नाफा/(नोक्सान)	(१७,३५३,६३१)
प्राप्ति गरिएको संस्थाबाट सारिएको	
संस्थागत सामाजिक उत्तरदायित्व कोष	१,८२८,७१७
कर्मचारी दक्षता अभिवृद्धि कोष	१,७९१,४६०
कोषमा सारिएको रकम	
संस्थागत सामाजिक उत्तरदायित्व कोष	११,९८५,०४७
पूँजी फिर्ता कोष	१०७,१४२,८५७
कोषबाट निकालिएको रकम	
संस्थागत सामाजिक उत्तरदायित्व कोष	(१८,८५६,६३२)
आषाढ ३१,२०७७ को मौज्दात	**४९५,०६४,००२**

(छ) **नियमनकारी कोष**

नेपाल राष्ट्र बैंक एकीकृत निर्देशनको निर्देशन न ४(३)(क) अनुसार चालु आर्थिक वर्ष २०७६/२०७७ सम्ममा नियमनकारी कोषमा कुल रकम रु. ४५१,९८२,५०८ जम्मा गरिएको छ। यस आर्थिक वर्षमा नियमनकारी कोषमा जम्मा गरिएको रकमको विवरण बाँडफाँडको लागि उपलब्ध नाफा/नोक्सान विवरणमा प्रस्तुत गरिएको छ।

नेपाल राष्ट्र बैंकको पत्र संख्या बै. वि.नि वि/नीति/परिपत्र/कखग/१/०७७/७८ अनुसार बैंक तथा वित्तीय संस्थाहरुले प्रोदभावी आधारमा लेखांकन गरेको र असोज मसान्त २०७७ सम्म प्राप्त भएको ब्याज रकम नियमनकारी कोषमा जम्मा गर्नु नपर्ने प्रावधान रहेको छ। सोहि बमोजिम बैंकले प्रोदभावी आधारमा लेखांकन गरि आषाढ मसान्त पश्चात आश्विन २७, २०७७ सम्म भुक्तानी प्राप्त गरेको ब्याज रकम रु. ३८६,६५०,४३६ नियमनकारी कोषमा सारेको छैन।

नेपाल राष्ट्र बैंकद्वारा जारी "ब्याज आय लेखांकन मार्गदर्शन २०१९" (Guideline On Recognition Of Interest Income 2019) अनुसार २०७७ असार मसान्तसम्म पाकेको ब्याज कुल रकम रु. १,३८८,७६३,२८१ मध्ये रकम रु. ७१८,९७२,००२ लाई ब्याज आयको रुपमा लेखांकन गरिएको छ र आर्थिक वर्ष २०७६/७७ मा रु. ८२,६२५,२२६ नियमनकारी कोषबाट सञ्चित मुनाफामा जम्मा गरिएको छ।

बैंकको कोषहरुमा भएको परिवर्तनको सक्षिप्त विवरण निम्नानुसार छ।

कोषहरुमा भएको परिवर्तन	सुरु मौज्दात	प्राप्त गरिएको संस्थाबाट सारिएको	संचित मुनाफा खाताबाट सारिएको	संचित मुनाफा खातामा सारिएको	अन्य परिवर्तन	अन्तिम मौज्दात
साधारण जगेडा कोष	१,४८४,९४४,४२२	१५८,९४८,९७०	२३९,७००,९३२			१,८८३,५९४,३२४
सटही घडबढ कोष	४१,००९,३३८		१७,८९७,९७८			५८,९०७,३१६
संस्थागत सामाजिक उत्तरदायित्व कोष	१९,७५६,०३८	१,८२८,७१७	११,९८५,०४७	(१८,८५६,६३२)		१४,७१३,१७०
पूँजी फिर्ता कोष	३९२,८५७,१४२		१०७,१४२,८५८			५००,०००,०००
नियमनकारी कोष	४८६,२८७,४९६	५७,२२२,२०९	११२,३४७,२६७	(२०३,८७४,४६४)		४५१,९८२,५०८
लगानी समायोजन कोष	३,०००,०००					३,०००,०००
सम्पत्ति पुर्नमूल्याङ्कन कोष	३४३,८५४,०१२		४३,९०५,६२४			३८७,७५९,६३६

फेयर भ्याल्यु कोष	६०,८५६,९५८				५४,४५६,८४५	११५,३१३,८०३
बीमाङ्किक नाफा नोक्सान	(७,०८६,९९७)		(१७,३५३,६३१)			(२४,४४०,६२८)
अन्य कोष		१,७९१,४६०				१,७९१,४६०
जम्मा	**२,८३५,४७८,४०९**	**२१९,७९१,३५६**	**५१५,६२६,०७४**	**(२२३,७३१,०९६)**	**५४,४५६,८४५**	**३,३९२,६३१,५८८**

५.१७ शेयर प्रिमियम

यस आर्थिक वर्षमा बैंकसँग शेयर प्रिमियम वापत कुल रकम रु. ४,१२४,४०२ रहेको छ।

५.१८ प्रस्तावित बोनस शेयर

बैंकको सञ्चालक समितिले बैंकको चुक्ता पूँजीको ८ प्रतिशत बोनस शेयर प्रस्ताव गरेको छ। उक्त बोनस शेयर नेपाल राष्ट्र बैंकको स्वीकृति र वार्षिक साधारण सभाबाट शेयरधनीहरुले अनुमोदन गरेपछि प्रदान गरिनेछ।

५.१९ प्रस्तावित लाभांश

बैंकको सञ्चालक समितिले बैंकको चुक्ता पूँजीको ३ प्रतिशत नगद लाभांश प्रस्ताव गरेको छ। उक्त नगद लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृति र वार्षिक साधारण सभाबाट शेयरधनीहरुले अनुमोदन गरेपछि प्रदान गरिने छ।

५.२० कर्मचारी बोनसको लागि व्यवस्था

बोनस ऐन २०३० बमोजिम बोनस अघिको खुद नाफाको १० प्रतिशत रकम कर्मचारी बोनसको लागि व्यवस्था गर्नु पर्ने भएकोले आर्थिक वर्ष २०७६/७७ मा कर्मचारी बोनसका लागि रु. १७५,३१७,५३५ छुट्याइएको छ।

५.२१ कर्मचारी आवासको व्यवस्था

सेवाको सर्त अनुसार कर्मचारीहरुलाई आवास कर्जाको व्यवस्था गरिएको छ। कर्मचारीहरुलाई आवासको लागि छुटै आवास कोष खडा गरिएको छैन।

५.२२ डेलिभर नहुने अग्रीम सम्झौता (Non Deliverable Forward Contract)

बैंकले गरेको डेरिभेटिव सम्झौता (derivative contract) वापत सिर्जना भएको दायित्वलाई सम्भाबित दायित्वको अग्रीम सम्झौता वापत अन्य दायित्व उप शीर्षकमा प्रस्तुत गरिएको छ। यसमा अग्रीम सम्झौताको वक्यौता रकम रहेको छ। अग्रिम विनिमय सम्झौतालाई बजार मूल्यमा देखाइएको र फरक रकमलाई नाफा वा नोक्सान विवरणमा लेखांकन गरिएको छ।

राफसाफ हुन बाँकी डेलिभर नहुने अग्रीम सम्झौताको (proprietary Non deliverable forward contract) रकमलाई प्रतिवेदन मितिको भारतीय रुपैयाँ/अमेरिकी डलरको बिनिमय दर भा.रु. ७५.३१ अनुसार बजार मूल्यमा मूल्याङ्कन गरिएको छ।

५.२३ प्रति शेयर आम्दानी

आधारभूत प्रति शेयर आम्दानी

प्रति शेयर आम्दानीलाई प्रति शेयर खुद नाफा पनि भनिन्छ। प्रति शेयर आम्दानी वक्यौता शेयरहरुको प्रति शेयर खुद नाफा तथा नोक्सान मापन गर्ने अनुपात हो। अर्को शब्दमा खुद नाफालाई वर्षको अन्त्यमा बाँडफाँड गर्दा हरेक शेयर बराबर पाउने रकम नै प्रति शेयर आम्दानी हो। प्रति शेयर आम्दानी बैंकको साधारण शेयरधनीहरुका लागि उपलब्ध नाफा वा नोक्सानलाई अवधिभरिको भारित औसत साधारण शेयरको संख्याले भाग गरि निकालिन्छ।

बैंकका साधारण शेयरधनीहरुका लागि उपलब्ध आयमा बैंकले आर्जन गरेको कुल आयमा बैंकका सबै खर्चहरु, कर रकम, अग्राधिकार शेयरधनीहरुलाई दिनुपर्ने रकम घटाई आएको खुद रकम समावेश हुन्छ।

साधारण शेयरधनीहरुका लागि उपलब्ध नाफा वा नोक्सान र भारित औसत साधरण शेयर संख्यामा आधारित बैंकको प्रति शेयर आम्दानीको गणनालाई निम्नानुसार प्रस्तुत गरिएको छः

विवरण	२०७६/७७	२०७५/७६
साधारण शेयरधनीका लागि उपलब्ध नाफा (रु.)	१,१९८,५०४,६५९	१,४६३,२१८,७८०
भारित औसत साधारण शेयर संख्या	८६,३७५,७०५	८३,६६८,७१३
आधारभूत प्रति शेयर आम्दानी	१३.८८	१७.४९

भारित औसत साधारण शेयर गणना

आ. व. २०७६/७७	शेयर संख्या	शेयर वक्यौता	भारांक (वर्षको आधारमा)	भारित औसत शेयर
शुरुको मौज्दात	८३,७१०,६४८	८३,७१०,६४८	१	८३,७१०,६४८
आ.व. २०७५/७६ को बोनस शेयर	२,५११,३१९	८६,२२१,९६७	१	२,५११,३१९
नयाँ जारी गरिएका शेयरहरु	४,६७६,२०६	९०,८९८,१७३	०.०३२९	१५३,७३८
जम्मा	**९०,८९८,१७३**			**८६,३७५,७०५**

आ. व. २०७५/७६	शेयर संख्या	शेयर वक्यौता	भारांक (वर्षको आधारमा)	भारित औसत शेयर
शुरुको मौज्दात	८०,३३२,३६४	८०,३३२,३६४	१	८०,३३२,३६४
Fraction शेयर	४६३,८२६	८०,७९६,१९०	०.९०९६	४२१,८९१
आ.व. २०७४/७५ को बोनस शेयर	२,९१४,४५८	८३,७१०,६४८	१	२,९१४,४५८
जम्मा	**८३,७१०,६४८**			**८३,६६८,७१३**

डाइल्युटेड (Diluted) प्रति शेयर आम्दानी

सम्भावित परिवर्तनिय उपकरणहरु साधारण शेयरमा परिवर्तन भएर हुने शेयरको संख्यालाई डाइल्युटेड शेयर भनिन्छ। बैंकको वित्तीय अवस्थाको राम्रोसंग आंकलन गर्नका लागि वित्तीय विवरणमा डाइल्युटेड शेयर प्रस्तुत गरिएको हुन्छ। यस आर्थिक वर्षमा बैंक तथा सहायक कम्पनीहरुको कुनै डाइल्युटेड शेयर रहेको छैन।

५.२४ अन्तरिम वित्तीय विवरणहरु

नेपाल वित्तीय प्रतिवेदनमान तथा नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन नं ४ अनुसार समूहको अन्तरिम वित्तीय विवरणहरु तोकिएको समयावधि भित्र वैधानिक तथा कानूनी आवश्यकता अनुसार त्रैमासिक रूपमा प्रकाशित गरिएको छ।

५.२५ हिसाब मिलान गर्न बाँकी खाताहरुको समयावधिको आधारमा विवरण (१ वर्ष, १-३ वर्ष र ३ वर्ष माथि)

(क) अन्तर शाखा कारोवार

यस आ.व २०७६/७७ को अन्तिममा हिसाब मिलान गर्न बाँकी अन्तर शाखा कारोवार छैन।

(ख) **नेपाल राष्ट्र बैंक**

रु. हजारमा

समय अवधि	खाता डेबिट	खाता क्रेडिट	स्टेटमेन्ट डेबिट	स्टेटमेन्ट क्रेडिट
१ महिना भन्दा कम	-	९,८२५.३१	११.०२	-
१ देखि ३ महिना सम्म	-	१३४.००	९४३.६८	-
३ देखि ६ महिना सम्म	-	२,३५५.००	८९९.३५	-
६ देखि १२ महिना सम्म	-	८५.८७	-	-
१ देखि २ वर्ष सम्म	-	१९३.९२	-	-
जम्मा	**-**	**१२,५९४.१०**	**१,८५४.०५**	**-**

(ग) **अन्य वित्तीय संस्थाहरु**

रु. हजारमा

समय अवधि	खाता डेबिट	खाता क्रेडिट	स्टेटमेन्ट डेबिट	स्टेटमेन्ट क्रेडिट
१ महिना भन्दा कम	१,४४३.८१	२,३०४.०७	१,२५८.८६	१,१०६.१४
१ देखि ३ महिनासम्म	२०.५९	-	१०.०१	-
३ देखि ६ महिनासम्म	१.५२	८.४०	३.२२	०.०२
६ देखि १२ महिनासम्म	२.०२	-	३.३३	-
१ वर्ष देखि २ वर्ष सम्म	-	-	०.०१	-
जम्मा	**१,४६७.९५**	**२,३१२.४७**	**१,२७५.४३**	**१,१०६.१५**

(घ) **विदेशी बैंकहरु**

रु. हजारमा

समय अवधि	खाता डेबिट	खाता क्रेडिट	स्टेटमेन्ट डेबिट	स्टेटमेन्ट क्रेडिट
१ महिना भन्दा कम	-	१०,५०१.६३	७०६,४७७.८५	१४,७१२.५९
१ देखि ३ महिनासम्म	-	५६७.०६	-	-
३ देखि ६ महिनासम्म	-	११८.७८	-	-
६ देखि १२ महिनासम्म	-	५७२.७३	-	६.००
१ वर्ष देखि २ वर्ष सम्म	-	१,५५०.२६	-	४.२०
जम्मा	**-**	**१३,३१०.४७**	**७०६,४७७.८५**	**१४,७२२.७८**

५.२६ अघिल्लो आय वर्षमा भएका त्रुटिमा सुधार

अघिल्लो आर्थिक वर्षमा बैंकको स्थिर सम्पत्तिको मूल्य बढी लेखांकन गरिएको तथ्य चालु आर्थिक वर्षमा पत्ता लागेकोले सोही कारण अघिल्लो आर्थिक वर्षको संचित ह्रासकट्टी रकम बढी तथा संचित मुनाफा रकम कम अभिलेख भएको थियो । उक्त त्रुटिलाई चालु आर्थिक वर्षमा बैंकको स्थिर सम्पत्ति तथा संचित मुनाफाको रकममा समायोजन गर्दा बैंकको वित्तीय विवरणमा परेको प्रभावलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

विवरण	आ.व. २०७५/७६		
	रिर्पोट गरिएको रकम	समायोजन	समायोजित रकम
वित्तीय अवस्थाको विवरण			
जायजेथा र उपकरणहरु			
परल मोल			
भवन	४८६,०८२,७५३	४२२,९४९	४८६,५०५,७०२
पट्टा सम्पत्ति	२०६,६८७,५७९	(३,०५४,०५६)	२०३,६३३,५२३
कम्प्युटर	१८७,३१६,१६६	(४५१,९८६)	१८६,८६४,१८०
फर्निचर	१७०,७९९,१०३	(३०९,७४९)	१७०,४८९,३५४
कार्यालय उपकरण	२८३,३१०,८५२	(१,०१३,७९६)	२८२,२९७,०५५
संचित ह्रासकट्टी			
भवन	७२,४१७,२७२	७,०५२	७२,४२४,३२४
पट्टा सम्पत्ति	११४,८०१,६३९	(२००,८३५)	११४,६००,८०४
कम्प्युटर	११८,२३२,८४८	(८०,१८४)	११८,१५२,६६४
फर्निचर	१०८,४७३,३९०	(१२२,५५६)	१०८,३५०,८३३
कार्यालय उपकरण	१७३,४४५,८०५	(८०,६०२)	१७३,३६५,२०३
इक्विटि			
संचित मुनाफा	**१,२५१,२६७,३५१**	**४७७,१२५**	**१,२५१,७४४,४७७**

५.२७ नेपाल वित्तीय प्रतिवेदनमानको वैकल्पिक व्यवस्थाको समायोजन (NFRS Carve-Outs Adjustments)

चालु आर्थिक वर्षमा समूहले NFRS मा तोकिएको केही मापदण्डहरु लागु नगरेकोले NFRS को वैकल्पिक व्यवस्था (Carve-Out) वमोजिम समायोजन गरेको छ। जसले गर्दा खुद नाफा र सचिंत मुनाफा प्रभावित भएको छ।

प्रयोग गरिएका वैकल्पिक व्यवस्थाहरु (Carve-Out) तथा त्यसले वित्तीय अवस्थामा परेको प्रभावको परिमाणमा तथा परिमाणयोग्य नभए त्यसको वर्णन संक्षिप्त रुपमा तल प्रस्तुत गरिएको छ।

५.२७.१ NAS ३९: मान्यता र मापन (कर्जा तथा सापटमा हानी नोक्सानी मापन गर्न Incurred Loss Model)

नेपाल लेखानमानक (NAS) ३९ को अनुच्छेद ५८ मा भएको व्यवस्था अनुसार संस्थाले हरेक आर्थिक वर्षको अन्त्यमा परिशोधित लागतमा मापन गरिएको कुनै वित्तीय सम्पत्ति तथा वित्तीय सम्पत्तिको समूहहरुमा हानी नोक्सानी भएको वस्तुपरक प्रमाण छ या छैन भनि समिक्षा गर्नु पर्दछ। यदि कुनै प्रमाण भएमा अनुच्छेद ६३ अनुसार क्षय नोक्सानी रकम निर्धारण गर्नु पर्दछ।

NAS ३९ को बैंकल्पिक व्यवस्था अनुसार बैंकले नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड र नेपाल लेखामान मानक (NAS) ३९ को अनुच्छेद ६३ अनुसार निर्धारण भएको रकममध्ये बढी रकमलाई कर्जाको क्षय नोक्सानीको रूपमा मापन गरेको छ।

कर्जा तथा सापटीहरुको नोक्सानी परिक्षण गर्न बैंकले प्रयोग गरेको Incurred Loss Model बैंकको विगत ५ वर्षको ऐतिहासिक तथ्याङ्कमा आधारित रहेको छ र यसले भुक्तानीमा हुने ढिलाईले गर्दा कर्जा जोखिममा हुने उल्लेखित वृद्धिलाई समावेश गर्दछ। तर कोभिड-१९ ले वर्तमान स्थितिमा पारेको प्रभाव नयाँ हो र Incurred Loss Model ले कोभिड-१९ ले आर्थिक मन्दीमा पारेको क्षणिक प्रभावलाई समावेश गर्दैन। त्यसैले नेपाल राष्ट्र बैंकको परिपत्र बै.वि.नि.वि/नीति/परिपत्र /कखग/१/०७७/७८ अनुसार पौष मसान्त २०७६ मा असल वर्गमा वर्गिकरण भएका आषाढ मसान्त २०७७ मा सुक्ष्म निगरानी वर्गमा वर्गिकरण भएका कर्जा तथा

सापटीहरुको लागि Incurred Loss Model अनुसार हानी नोक्सानी परिक्षण गर्दा बैंकले पौष मसान्त २०७६ को भाका नाघेको दिनलाई यथावत नै लिएको छ।

चालु आर्थिक वर्षमा यस बैंकल्पिक व्यवस्थाको प्रभाव निम्नानुसार रहेको छः

विवरण	रकम (रु.)
कुल कर्जा तथा सापट (ग्राहक र बैंक तथा वित्तीय संस्थालाई प्रदान गरिएको)	८१,२८३,३९४,२६३
नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको हानी नोक्सानी	१,११८,३११,८९५
नेपाल राष्ट्र बैंकको मापदण्ड अनुसारको हानी नोक्सानी	२,०४८,८८३,९४८

वित्तीय विवरण तयार गर्दा माथिका दुई रकममध्ये बढी रकम रु. २,०४८,८८३,९४८ लाई कर्जाको क्षय नोक्सानीको रूपमा लिइएको छ।

५.२७.२ NAS ३९: मान्यता र मापन (प्रभावकारी ब्याजदरको हिस्सा भएको अघिल्लो वर्षहरुको कारोवार खर्च निर्धारण गर्न अव्यवहारिकता)

NAS ३९ को अनुच्छेद ९ अनुसार प्रभावकारी ब्याजदरको प्रयोग गर्नुपर्दछ जसले वित्तीय उपकरणको अपेक्षित जीवन तथा उपयुक्त हुने ठाउमा सो भन्दा छोटो समयावधि भित्र भविष्यमा हुने अनुमानित नगद भुक्तानी तथा प्राप्तिलाई discount गर्दा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खुद किताबी रकमसँग बराबर हुन्छ। प्रभावकारी ब्याजदरको गणना गर्दा संस्थाले वित्तीय उपकरणका सबै सम्झौताका शर्तहरु (उदाहरणका लागि पूर्व भुक्तानी र समान विकल्पहरु) लाई ध्यानमा राखि नगद प्रवाहको अनुमान गर्दछ तर भविष्यमा हुने घाटालाई भने गणना गर्दैन। यसको गणनाले विभिन्न पक्षहरु बीच हुने सम्झौता अनुसार भुक्तानी गरिएको कारोवार खर्च तथा प्रिमियम र छुटका रकमहरु समावेश गर्दछ। वित्तीय उपकरणहरुको समूहको अपेक्षित जीवन तथा यस बाट हुने नगद प्रवाह विश्वसनियताका साथ अनुमान गर्न सकिन्छ भन्ने धारणा रहेको हुन्छ। तर वित्तीय उपकरण तथा वित्तीय उपकरणहरुको समूहको अपेक्षित जीवन तथा भरपर्दो तरिकाले नगद प्रवाह अनुमान गर्न नसकिने केहि दुर्लभ घटनाहरुमा संस्थाले वित्तीय उपकरणहरुको सम्झौता समयावधि भरिमा सम्झौता अनुसार प्राप्त हुने नगद प्रवाहलाई प्रयोग गर्दछ।

तर NAS ३९ अनुच्छेद ९ को वैकल्पिक व्यवस्था अनुसार बैंकले प्राप्त गरेको तथा भुक्तान गरेको महत्वपूर्ण नरहेका तथा विश्वसनिय ढंगले निर्धारण गर्न अव्यवहारिक रहेका शुल्कहरुलाई समावेश गरेको छैन। त्यस्ता शुल्कहरुलाई सिधै आम्दानीको रुपमा नाफा/नोक्सान विवरणमा लेखांकन गरेको छ।

बैंकले NAS ३९ अनुच्छेद ९ आर्थिक वर्ष २०७७/७८ तथा त्यसपछिको वर्षहरुमा लागु गर्नेछ।

५.२७.३ NAS ३९ मान्यता र मापन (परिशोधित लागतमा ब्याज निर्धारण गर्न अव्यवहारिकता)

NAS ३९ अनुच्छेद एजी ९३ (AG 93) अनुसार हानी नोक्सानीको कारणले वित्तीय सम्पत्ति तथा वित्तीय सम्पत्तिहरुको समूहलाई कम गरेको अवस्था भएमा तत्पश्चात ब्याज आय निर्धारण गर्दा हानि नोक्सानी निर्धारणका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई Discount गर्न प्रयोग गरिएको ब्याजदर प्रयोग गर्नु पर्दछ।

तर NAS ३९ अनुच्छेद एजी ९३ को वैकल्पिक व्यवस्था अनुसार वित्तीय सम्पत्तिहरु आंशिक वा पूर्ण रुपमा अपलेखन नभएसम्म बैंकले त्यस्ता वित्तीय सम्पत्तिहरु हानी नोक्सानी घटाउनु अघिकै कुल रकममा प्रभावकारी ब्याजदरको प्रयोग गरेको छ।

बैंकले NAS ३९ अनुच्छेद एजी ९३ (AG 93) आ. व. २०७७/७८ तथा त्यसपछिका वर्षहरुमा लागु गर्नेछ।

५.२८ कोभिड-१९ को बैंकमा पारेको प्रभाव

कोभिड-१९ (COVID-19) को महामारी चालु आर्थिक वर्षको तेस्रो त्रैमासिकदेखि द्रुत रुपमा फैलिएको छ।

कोभिड-१९ भाइरसले सञ्चालनमा पारेको प्रभाव तथा भाइरसलाई रोक्न सरकारद्वारा चालिएको कदमहरुले समीक्षा अवधिमा नकारात्मक असर पारेको छ।

हालसम्म कोभिड-१९ ले बैंकमा पारेका प्रभावहरु निम्नानुसार छन् :

- चैत्र २०७६ मा ब्याज भुक्तानी गर्नेलाई दिईएको छुट तथा नेपाल राष्ट्र बैंक अनुसार कोभिड-१९ ले प्रभाव पारेका ग्राहकहरुलाई चैत्र २०७६ मा विद्यमान रहेको ब्याजदरमा २% ब्याज छुटले बैंकको ब्याज आयमा करिव रु ३१ करोडको नोक्सान भएको छ।
- अघिल्लो वर्षको तुलनामा भाका नाघेका ब्याजको कुल रकम ५७.२७ % ले बढेको छ।
- नेपाल राष्ट्र बैंकको परिपत्र बै. वि. नि. वि/ नीति/ परिपत्र/ कखग /१/०७७/७८ अनुसार पौष मसान्त २०७६ मा असल कर्जामा वर्गिकरण भएका आषाढ मसान्तमा भाका नाघेका २,८२७ कर्जा खाताहरुलाई सूक्ष्म निगरानी कर्जाको रुपमा वर्गिकरण गरिएको छ।
- लकडाउन तथा बैंकमा देखा परेको कोभिड-१९ ले बैंकको शाखाहरु तथा विभागहरुको नियमित सञ्चालनमा बाधा उत्पन्न भएको छ।
- बैंक कर्मचारीहरुलाई कोभिड-१९ लाग्न सक्ने जोखिम रहेको छ।
- समयमा रकम भुक्तान नगर्ने ग्राहकहरुबाट रकम असुल्ने प्रक्रिया स्थगित गरिएको छ।

कोभिड-१९ को घटनाक्रमले निकट भविष्यमा बैंकको प्रमुख आम्दानी गर्ने सम्पत्ति, कर्जा तथा सापटहरुमा ठूलो डिफल्ट (Default) हुने इंगित गर्दछ। कोभिड-१९ बाट कर्मचारीहरु प्रभावित हुने तथा बैंकको सेवा अवरुद्ध हुने सम्भावना पनि रहेको छ।

यी मामिलाहरुका लागि बैंकले निम्नलिखित कार्यहरु गरेको छ :

- बैंकले कर्जाको पोर्टफोलियोमा कोभिड-१९ को प्रभावलाई मूल्यांकन गरेको छ र उक्त प्रभावको अनुसार क-उच्च जोखिम, ख-मध्यम जोखिम र ग-न्युन जोखिम गरि वर्गिकरण गरेको छ।
- बैंकले कर्जा प्रदान गर्नमा आक्रमक नभइ उचित जोखिम मूल्यांकन तथा छनौट गरि कर्जा प्रभाव गर्न लागेको छ।
- बैंकले डिफल्ट (default) भएका तथा default हुने सम्भावना भएका खाताहरुलाई नजिकबाट अनुगमन गर्नेछ। भाका नागेका रकम असुल्नमा बैंकको मुख्य ध्यान रहने छ।
- नियामक व्यवस्था भित्र रहि आवश्यकता अनुसार कर्जाहरुलाई पुनरतालिकीकरण तथा पुनसंरचना गरिने छ।
- नगद तथा चालु पूँजी आवश्यकता पुरा गर्नका लागि आवश्यकता अनुसार छोटो तथा मध्य अवधिको कर्जा प्रदान गरिने छ।
- नेपाल राष्ट्र बैंकको परिपत्र बै.वि.नि.वि/नीति/सुचना/१८/०७६/०७७ अनुसार बैंकले कोभिड-१९ बाट प्रभावित ग्राहकहरुको ब्याज तथा सावा तिर्ने भाकालाई अस्थायि रुपमा सारेको छ।
- यसवाहेक, नेपाल राष्ट्र बैंकद्वारा समय समयमा जारी गरिएको परिपत्र तथा निर्देशन अनुरुप कोभिड-१९ बाट अति प्रभावित ग्राहकहरुलाई आवश्यक सुविधाहरु प्रदान गरिने छ।
- यदि बैंकका कुनै कर्मचारी संक्रमित भएमा ग्राहकहरुलाई सुरक्षित रुपमा आवश्यक सेवा प्रदान गर्न तथा बैंकको कामहरुमा कोभिड-१९ को प्रभावलाई न्यूनिकरण गर्न बैंकसँग बलियो व्यापार निरन्तरता योजना रहेको छ।

कोभिड-१९ को अस्थायी घटनाले ल्याएको वित्तीय तथा सञ्चालन अनिश्चितता कम गर्न बैंकले चालेको कदमहरु पर्याप्त रहने विश्वास लिएको छ र समयसँगै सरकारले लगाएका प्रतिवन्धहरु खुकुलो हुदै जाने र कोभिड-१९ को सामना गर्दै आर्थिक गतिविधिहरु चाँडै नै सामान्य अवस्थामा फर्किने कुरामा बैंक आशावादि रहेको छ।

५.२९ तरलता अनुसार सम्पत्ति तथा दायित्वको वर्गीकरण

रकम रु. मा

विवरण	१-७ दिन	८-३० दिन	३१-९० दिन	९१-१८० दिन	१८१-२७० दिन	२७१-३६५ दिन	एक वर्ष माथि	जम्मा
सम्पत्ति								
१. नगद मौज्दात	३,०६२,४०२,७४९							**३,०६२,४०२,७४९**
२. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	५,४२३,६७५,६११							**५,४२३,६७५,६११**
३. विदेशी बैंकमा गरिएको लगानी	७१९,४००,०००	४७९,६००,०००	१,४१४,८२०,०००	१७९,८५०,०००	-	-	-	**२,७९३,६७०,०००**
४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	१,३०५,९९४,१६८							**१,३०५,९९४,१६८**
५. सरकारी सुरक्षणपत्र	-	-	५५७,५६२,०६२	२८१,९४६,४१०	२८८,०१३,५००	-	१०,०५४,६८८,६३१	**११,१८२,२१०,६०३**
६. नेपाल राष्ट्र बैंकको ऋणपत्रमा गरिएको लगानी	-	-	-	-	-	-	-	-
७. अन्तर बैंक तथा वित्तीय संस्थामा गरिएको लगानी	१७९,८५०,०००	५९९,५००,०००	२०१,२५२,१५०	-	-	-	-	**९८०,६२०,१५०**
८. कर्जा तथा सापटी	५,०३०,५९४,८९५	१०,५२०,३८०,०६३	११,४७७,७५५,७७४	९,५८२,०६२,८९६	६,७५४,५९१,६८५	४,७०५,९५६,०४६	३४,७१७,६७१,५६१	**८२,७८९,०१२,९१९**
९. पाउनु पर्ने ब्याज	२,००४,८४२	४,४६५,७७५	६,८६६,६३६	८,८५७,१४०	३,४१०,१८९	-	१२१,५४९,७१७	**१४७,१५४,२९८**
१०. रिभर्स रिपो	-	-	-	-	-	-	-	-
११. Acceptance Receivable	-	-	-	-	-	-	-	-
१२. क्र.सं २०, २१ र २२ अन्तर्गत तिर्नुपर्ने	२,७१९,२४९,८८४	१,३८८,७८२,९९६	३,६८९,४९१,९७३	३,६९०,८१४,६९१	२,१९६,७२०,८६३	२,९३५,६१२,४६९	३,०८१,३४२,८७९	**१९,७०२,०१५,७५४**
१३. अन्य	१,३९१,९९२,००८	१,०२९,४९७	१४२,४८८,५०२	१९५,५३२,७८९	-	-	३,४१३,४३१,५५४	**५,१४४,४७४,३५०**
कुल सम्पत्ति (क)	**१९,८३५,१६४,१५७**	**१२,९९३,७५८,३३१**	**१७,४९०,२३७,०९६**	**१३,९३९,०६३,९२५**	**९,२४२,७३६,२३७**	**७,६४१,५६८,५१४**	**५१,३८८,६८४,३४२**	**१३२,५३१,२१२,६०२**
दायित्व								
१४. चल्ती निक्षेप	१,१७७,८१९,९९७	-	-	-	-	-	३,८६७,००२,७०७	**५,०४४,८२२,७०५**
१५. बचत निक्षेप (मागेको बखत पाइने निक्षेप) समेत	४,५०५,४२८,८४०	२,१४३,४९३,५३९	८५७,३९७,४१६	१,७१४,७९४,८३१	८५७,३९७,४१६	८५७,३९७,४१६	२१,२५७,४१७,७०३	**३२,१९३,३२७,१६०**
१६. मुद्दती निक्षेप	८८१,८१०,८११	३,६५५,९१४,५५८	६,९२०,६३१,५२६	११,४१४,७८४,५३८	७,६५२,१३७,५७२	९,९११,५३७,९००	१४,५१०,१६५,६४८	**५४,९४६,९८२,५५३**
१७. ऋणपत्रहरु				५००,०००,०००.००	-	-	२,४७४,३८१,३०२	**२,९७४,३८१,३०२**
१८. सापटी	५००,०००,०००	-	२५,३०७,००६	११,३२९,६२२	३०,९४०,४५४	-		**५६७,५७७,०८२**
१९. अन्य दायित्व तथा व्यवस्थाहरु	१,३८६,९५१,५२७	-	-	-	-	-	-	**१,३८६,९५१,५२७**
२०. Acceptance Liabilities	१५२,४२५,३८९	१८९,८१६,०८१	९९२,६०७,९१२	१३२,८२४,३३४	११,५६४,९७८	६८,३५२,०३६	७३,६३२,०००	**१,६२१,२२२,७२९**
२१. उपभोग भैनसेकेको स्वीकृत सुविधाहरु	५८०,८२४,६४२	२९०,४१२,३२१	२९०,४१२,३२१	१,४५२,०६१,६०५	१,१६१,६४९,२८४	२,०३२,८८६,२४७	-	**५,८०८,२४६,४२०**
२२. प्रतितपत्र/जमानत (खुद)	१,९८५,९९९,८५४	९०८,५५४,५९३	२,४०६,४७१,७४०	२,१०५,९२८,७५२	१,०२३,५०६,६०१	८३४,३७४,१८५	३,००७,७१०,८७९	**१२,२७२,५४६,६०४**
२३. रिपो	-	-	-	-	-	-	-	-
२४. क्र.सं ११ अन्तर्गत सुविधाको भुक्तानी	-	-	-	-	-	-	-	-
२५. अन्य	३३७,२३५,५२७	११२,०१५,७४३	११४,३५३,९०७	९६,५२६,९८२	६३,०७७,६०४	३८,५३१,९१५	१४,७२३,७८२,६६३	**१५,४८५,५२४,३४२**
कुल दायित्व (ख)	**११,५०८,४९६,५८७**	**७,३००,२०६,८३६**	**११,६०७,१८१,८२७**	**१७,४२८,२५०,६६४**	**१०,८००,२७३,९०९**	**१३,७४३,०७९,६९९**	**५९,९१४,०९२,९०२**	**१३२,३०१,५८२,४२४**
खुद वित्तीय सम्पत्ति	**८,३२६,६६७,५७०**	**५,६९३,५५१,४९४**	**५,८८३,०५५,२६९**	**(३,४८९,१८६,७३८)**	**(१,५५७,५३७,६७२)**	**(६,१०१,५११,१८५)**	**(८,५२५,४०८,५६०)**	**२२९,६३०,१७८**
संचित खुद वित्तीय सम्पत्ति	**८,३२६,६६७,५७०**	**१४,०२०,२१९,०६४**	**१९,९०३,२७४,३३३**	**१६,४१४,०८७,५९४**	**१४,८५६,५४९,९२३**	**८,७५५,०३८,७३८**	**२२९,६३०,१७८**	-

५.३० ०.५० प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको शेयरधनीको विवरण

क्र. सं.	नाम	संस्थापक शेयर	सर्वसाधारण शेयर	धारण गरेको शेयर संख्या	चुक्ता रकम रु.	प्रतिशत
१	श्री नागरिक लगानी कोष	२,८२१,६७९.७२	१,०५३,१३६	३,८७४,८१५.७२	३८७,४८१,५७२	४.२६
२	श्री उर्मिला पाण्डे	३,१३८,५५७.२४	७०९,६१०	३,८४८,१६७.२४	३८४,८१६,७२४	४.२३
३	श्री जनक विष्ट	३,४३६,२५४.२६	-	३,४३६,२५४.२६	३४३,६२५,४२६	३.७८
४	श्री बिजेन्द्र जोशी	१,४४५,९१७.०८	४१३,४२८	१,८५९,३४५.०८	१८५,९३४,५०८	२.०५
५	श्री मनोहर दास मूल	१,१६३,९६७.८२	४३२,४५८	१,५९६,४२५.८२	१५९,६४२,५८२	१.७६
६	श्री पवित्र कुमार कार्की	१,०८४,४३३.४७	४०७,६५९	१,४९२,०९२.४७	१४९,२०९,२४७	१.६४
७	श्री सोनी जोशी	१,०८४,४३३.४७	४०४,३४३	१,४८८,७७६.४७	१४८,८७७,६४७	१.६४
८	श्री रविन्द्र मान सिंह प्रधान	१,०८४,४३३.४७	४०२,९१५	१,४८७,३४८.४७	१४८,७३४,८४७	१.६४
९	श्री सावित्री शर्मा	१,१३०,२४९.७६	२४८,४०४	१,३७८,६५३.७६	१३७,८६५,३७६	१.५२
१०	श्री रमेश शर्मा	८६७,५५२.४४	३११,२०४	१,१७८,७५६.४४	११७,८७५,६४४	१.३
११	श्री जगन्नाथ ज्ञवाली	५७८,१०८.२६	२७४,१११	८५२,२१९.२६	८५,२२१,९२६	०.९४
१२	श्री अर्जुन प्रसाद शर्मा	५८६,१२५.७०	२६२,१४६	८४८,२७१.७०	८४,८२७,१७०	०.९३
१३	डा. शंकर प्रसाद शर्मा	७२७,३३८.७२	११७,१२२	८४४,४६०.७२	८४,४४६,०७२	०.९३
१४	श्री सुलोचन राज राजभण्डारी	५७८,३६५.५०	२१४,८९२	७९३,२५७.५०	७९,३२५,७५०	०.८७
१५	श्री नरेन्द्र कुमार देव भट्ट	५७८,३६४.४८	१०६,३१६	६८४,६८०.४८	६८,४६८,०४८	०.७५
१६	श्री रमिता भट्टराई	४९१,६१२.६९	१३८,८३०	६३०,४४२.६९	६३,०४४,२६९	०.६९
१७	श्री मनिता भट्टराई	४९१,६१२.६९	१३७,६६३	६२९,२७५.६९	६२,९२७,५६९	०.६९
१८	श्री अनिन राजभण्डारी	५३०,२३६.७९	९०,०००	६२०,२३६.७९	६२,०२३,६७९	०.६८
१९	श्री प्रताप जंग पाण्डे	४९८,८४३.३८	११०,६९८	६०९,५४१.३८	६०,९५४,१३८	०.६७
२०	श्री उविन पोखरेल	४३३,७७६.२२	१६१,१६७	५९४,९४३.२२	५९,४९४,३२२	०.६५
२१	श्री राजेश खड्का	४३३,७७६.२२	१६१,१६७	५९४,९४३.२२	५९,४९४,३२२	०.६५
२२	श्री प्रेम बहादुर श्रेष्ठ	५७६,२८९.१०	१२,६३०	५८८,९१९.१०	५८,८९१,९१०	०.६५
२३	श्री अनिल कुमार ढुङ्गेल	५७८,२२७.७०	-	५७८,२२७.७०	५७,८२२,७७०	०.६४
२४	श्री एस्. आर. हाइड्रो एण्ड इन्भेष्टमेन्ट प्रा.लि	५७६,२२०.०९	१९	५७६,२३९.०९	५७,६२३,९०९	०.६३
२५	श्री सन्ध्या रेग्मी (सिवकोटी)	४०८,१८२.६९	१५१,६५८	५५९,८४०.६९	५५,९८४,०६९	०.६२
२६	श्री एन.एल.जी इन्सोरेन्स कम्पनी लि.	५४८,७७८.७२	१०,६७१	५५९,४४९.७२	५५,९४४,९७२	०.६२
२७	श्री ध्रुव कुमार श्रेष्ठ	५४२,२१९.८३	-	५४२,२१९.८३	५४,२२१,९८३	०.६०
२८	श्री बद्री कुमार श्रेष्ठ	५४२,२१९.८३	-	५४२,२१९.८३	५४,२२१,९८३	०.६०
२९	श्री राम प्रसाद श्रेष्ठ	४३३,४८५.६७	४८,३००	४८१,७८५.६७	४८,१७८,५६७	०.५३
३०	श्री नवराज घिमिरे	३४०,६९३.६०	१३०,२५८	४७०,९५१.६०	४७,०९५,१६०	०.५२
	जम्मा	**२७,७३१,९५६.६०**	**६,५१०,८०५**	**३४,२४२,७६१.६१**	**३,४२४,२७६,१६१**	**३७.६७**

५.३१ प्रमुख वित्तीय सूचांकहरु

विवरण		आ.व. २०७२/७३	आ.व. २०७३/७४	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७
१. खुद नाफा/कुल आम्दानी	प्रतिशत	२७.३१	१९.३६	१५.४१	१५.२०	११.२८
२. प्रति शेयर आम्दानी	रु.	३५.२५	२०.२७	१५.३७	१७.४९	१३.८८
३. प्रति शेयर बजार मूल्य	रु.	६८०	४०३	२३६	२२४	१८८
४. मूल्य आम्दानी अनुपात (PE Ratio)	अनुपात	१९.२९	१९.८८	१५.३६	१२.८१	१३.५५
५. शेयर पूँजीमा लाभांश(बोनस शेयर सहित)	प्रतिशत	२५.७८	१७.००	५.२६	१५.००	११.००
६. शेयर पूँजीमा नगद लाभांश भुक्तानी	प्रतिशत	१.२९	१.००	१.६४	१२.००	३.००
७. ब्याज आम्दानी/कर्जा तथा सापट	प्रतिशत	९.४१	१०.५५	१२.९३	१२.२२	१०.८५
८. कर्मचारी खर्च/कुल सञ्चालन खर्च	प्रतिशत	४४.१९	४४.९४	६२.३३	५८.६३	५६.६३
९. कुल निक्षेप तथा सापटीमा ब्याज खर्च	प्रतिशत	४.३८	६.३२	८.१५	७.६७	६.९०
१०. सटही घटबढ आम्दानी/कुल आम्दानी	प्रतिशत	३.६२	३.२७	३.३२	२.९५	३.५१
११. कर्मचारी बोनस/कुल कर्मचारी खर्च	प्रतिशत	५२.१३	३५.९०	२४.१९	२६.८८	१८.७५
१२. खुद नाफा/कर्जा सापट	प्रतिशत	३.१०	२.४३	२.३६	२.२२	१.४५
१३. खुद नाफा/कुल सम्पत्ति	प्रतिशत	२.२४	१.८०	१.७२	१.६२	१.०८
१४. कुल कर्जा/निक्षेप	प्रतिशत	८५.५९	९१.८९	९२.७५	८८.७६	८९.५६
१५. कुल सञ्चालन खर्च/कुल सम्पत्ति	प्रतिशत	१.३८	१.६२	१.७५	१.७०	१.४९
१६. जोखिम भारित सम्पत्तिमा पूँजीकोषको पर्याप्तता	प्रतिशत	१२.४०	१६.८८	१३.८४	१४.३७	१५.१४
(क) प्राथमिक पूँजी	प्रतिशत	१०.५७	१५.३७	१२.७६	१३.४६	११.८५
(ख) पुरक पूँजी	प्रतिशत	१.८३	१.५१	१.०८	०.९१	३.२९
१७. निष्कृय कर्जा/कुल कर्जा	प्रतिशत	१.३८	२.०२	१.४८	१.१९	१.५५
१८. ब्याज दर अन्तर	प्रतिशत	३.९६	३.१९	३.८४	३.१५	४.०३
१९. प्रति शेयर किताबी मूल्य	रु.	१२१	१३६	१३७	१४९.२६	१४७.६१
२०. कुल शेयर	संख्या	३०,६५२,३३८	६९,२१६,८९७	८०,३३२,३६४	८३,७१०,६४८	९०,८९८,१७३
२१. कुल कर्मचारी (स्थायी)	संख्या	६५२	६८४	८४४	९५५	१०९१
२२. इक्विटीमा प्रतिफल	प्रतिशत	२०.३६	११.५२	११.२२	१२.००	८.९३
२३. लाभांश भुक्तानी अनुपात	प्रतिशत	३.६६	६.४०	०.३४	०.८६	०.७९
२४. आम्दानी अनुपात	प्रतिशत	४.३६	६.४३	६.५१	६.७०	७.३८
२५. लाभांश अनुपात	प्रतिशत	३.७९	४.२२	२.२३	७.८१	५.८५
२६. खर्च र सञ्चालन आम्दानीको अनुपात	प्रतिशत	३१.३२	४०.४४	४१.४८	४३.९०	४५.६९
२७. कुल सम्पत्ति र शेयर होल्डरहरुको कोषको अनुपात	अनुपात	१०.३८	६.९७	७.०७	७.२१	८.२४
२८. शेयर होल्डरहरुको कोष र कुल दायित्वको अनुपात	प्रतिशत	७.३९	१०.९५	१२.०३	१५.३४	७.९७
२९. आधार दर	प्रतिशत	६.०६	११.१७	११.७८	१०.५२	९.०४
३०. कर्जा, सापट/पूँजी र निक्षेप दायित्वको अनुपात	प्रतिशत	७७.६३	७८.६३	७७.८७	७६.७९	७०.६३
३१. कुल शाखा संख्या	संख्या	५६	६०	७८	८१	१०९
३२. कुल ए टि एम संख्या	संख्या	४९	५७	७०	७८	९९
३३. प्रति कर्मचारीको कुल आम्दानी	रु.	१,६५७,०२१	१,५८१,३७७	१,४६२,२०८	१,५३२,१६६	१,०९८,५३८
३४. प्रति कर्मचारी खर्च	रु.	४५२,७६४	६४२,५८१	९२८,९७९	९४२,६६४	८५७,२४५
३५. Diluted प्रति शेयर आम्दानी	रु.	२४.५५	२०.३६	१५.३७	१७.४९	१३.८८

नोट: आर्थिक वर्ष २०७२/७३ र २०७३/७४ को अनुपातहरू अधिल्लो GAAP प्रतिवेदनको अनुसार छन् र आर्थिक वर्ष २०७४/७५, २०७५/७६ र २०७६/७७ को अनुपात अन्यथा सूचित नभएसम्म नेपाल वित्तीय प्रतिवेदनमान अनुसार छन् ।

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिका २०७६ को निर्देशन नं २० बुंदा नं ५ सँग सम्बन्धी विवरण

सेवाग्राहीलाई पर्ने असुविधा तथा सर्वसाधारणको गुनासो सुनुवाई गर्न यस बैंकले "सूचना तथा गुनासो सुनुवाई डेस्क" स्थापना गरी सेवाग्राहीको गुनासो सुनुवाई गर्दै आएको छ। उपभोक्ताको गुनासो सुनवाईका लागि बैंकले विभिन्न माध्यमहरुको व्यवस्था गरी गुनासो सुनवाई गरि रहेको छ। यस बैंकले देशैभरी फैलिएका आफ्ना शाखाहरुमा रहेका सुझाव पेटिका, बैंकको वेबसाईट https://www.ctznbank.com/grievance-handling, बैंकको Facebook पेज https://www.facebook.com/ctznbank, बैंकको ईमेल info@ctznbank.com तथा बैंकको हटलाइनमा प्राप्त गुनासोहरुको सुनुवाई गर्दै आएको छ। विभिन्न माध्यमहरुबाट प्राप्त गुनासोहरुको सुनवाईका निम्ति बैंकले आन्तरिक संयन्त्रको परिचालन गरी छिटोछरितो तवरले सरोकारवालाहरुको जिज्ञासा, सल्लाह, सुझाव तथा गुनासोको समाधान गर्दै आएको छ।

बैंकको गुनासो सुन्ने अधिकारीको विवरण बैंकको वेबसाईट तथा बैंकका शाखा कार्यालयहरुमा राखिएको छ।

गुनासो सुन्ने अधिकारीको विवरण देहाय बमोजिम रहेको छ।

नाम	:	श्री उमंग शर्मा
पद	:	सहायक प्रमुख कार्यकारी अधिकृत
फोन नम्बर	:	०१–४४२७८४२
मोबाईल नम्बर	:	९७७ –९८५१०९४२१८

आ.व. २०७६/७७ मा ग्राहकबाट प्राप्त भएको गुनासोहरुको विवरण

उपभोक्ताको गुनासो सुनवाईका लागि बैंकले व्यवस्था गरेको विभिन्न माध्यमहरुबाट आ.व. २०७६/७७ मा ग्राहकबाट प्राप्त भएको गुनासो ४० वटा रहेकोमा ४० वटै गुनासो सुनुवाई भइसकेको छ।

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिका २०७६ को निर्देशन नं ६ को बुंदा नं १६(च) सँग सम्बन्धी विस्तृत विवरण

बैंकले खुद मुनाफाको १ प्रतिशत रकम छुट्याई सामाजिक उत्तरदायित्व कोषको स्थापना गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रमहरु संचालन गरेको छ।

सामाजिक उत्तरदायित्व कोषबाट आ./व. २०७६/७७ मा भएको खर्चको क्षेत्रगत तथा प्रदेशगत विवरण

प्रदेश/क्षेत्र	संस्कृति	शिक्षा	वातावरण	वित्तीय साक्षरता	स्वास्थ्य	समाज	जम्मा	प्रतिशत
१		२६०,०००		४४,१००	१,२४४,४८०	२९४,८५०	१,८४३,४३०	९.७८
२		१५०,०००		४०,९००	१,४२४,५४५	५००,०००	२,११५,४४५	११.२२
बागमती		२,५२४,६४१	२२,२००	४२५,२००	३,५९०,१०६	५०१,०००	७,०६३,१४७	३७.४६
गण्डकी	१,९५१,०००	१७४,७००		२,२००	१,००२,२५७	७५,०००	३,२०५,१५७	१७.००
लुम्बिनी		१०८,०००		२९,४००	१,३७८,४०६	९२,०००	१,६०७,८०६	८.५३
कर्णाली		४५०,०००		२३,८००	१,०९०,०६५		१,५६३,८६५	८.२९
सुदुरपश्चिम		२२५,०००		६३,६००	१,११९,१८२	५०,०००	१,४५७,७८२	७.७३
जम्मा	**१,९५१,०००**	**३,८९२,३४१**	**२२,२००**	**६२९,२००**	**१०,८४९,०४१**	**१,५१२,८५०**	**१८,८५६,६३२**	**१००.००**
प्रतिशत	**१०.३५**	**२०.६४**	**०.१२**	**३.३४**	**५७.५३**	**८.०२**	**१००.००**	

ऋणपत्र जारी गर्दाको प्रक्षेपित विवरण र लेखापरिक्षण भएको विवरण बीचको तुलना

विवरणपत्रमा प्रक्षेपण गरिएका र लेखापरीक्षण भएको विवरणहरूमा बीस प्रतिशत वा सो भन्दा बढी फरक सम्बन्धी विवरण

बैंकले दश वर्ष अवधि तथा वार्षिक १०.२५ प्रतिशत ब्याज दर भएको रु. २,५००,०००,००० (रु. २ अर्ब ५० करोड) रकम बराबर प्रति ऋणपत्र रु. १,०००।- अंकित मूल्यका २,५००,००० (२५ लाख) कित्ता सर्वसाधारणहरुमा ऋणपत्र निष्काशन गर्दा प्रस्तुत विवरणपत्रको प्रक्षेपणमा बैंकिङ्ग क्षेत्रमा हुने व्यापार वृद्धि दरमा आधारित भएको र समीक्षा वर्षमा समग्र बैकिङ्ग क्षेत्रमा कोभिड-१९ को नकारात्मक असर पर्न गएको कारण वासलात र नाफा नोक्सानका केही सूचाङ्कहरू प्रक्षेपणको तुलनामा २०% भन्दा बढी फरक पर्न गएको छ।

वासलात

रकम रु. हजारमा

आर्थिक वर्ष २०७६/७७				
विवरण	प्रक्षेपित वित्तीय विवरण	लेखापरीक्षण भएको वित्तीय विवरण	फरक (%)	२० प्रतिशतभन्दा बढी फरक पर्नुका कारणहरु
सम्पत्ति				
नगद तथा नगद समान	७,५८३,६६०	१०,८४१,९७३	४२.९६%	नियमित बैंकिङ्ग कारोवारको कारण
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	३,७०७,०००	२,४३०,००१	-३४.४५%	नियमित बैंकिङ्ग कारोवारको कारण
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	२,०००,०००	३०२,६८२	-८४.८७%	नियमित बैंकिङ्ग कारोवारको कारण
व्युत्पन्न (Derivative) वित्तीय उपकरण	२६,६९०	१,०२९	-९६.१४%	नियमित बैंकिङ्ग कारोवारको कारण
अन्य व्यापारिक सम्पत्तिहरु	७४,६००	९०,६२४	२१.४८%	नियमित बैंकिङ्ग कारोवारको कारण
बैंक तथा वित्तीय संस्थालाई कर्जा तथा सापटी	१,९०८,४००	१,५३४,१०४	-१९.६१%	
ग्राहकलाई कर्जा तथा सापटी	७६,४३९,६५०	७८,९७६,३९५	३.३२%	
लगानी सुरक्षणपत्र	११,५८०,६३०	११,८२८,३३३	२.१४%	
चालु कर सम्पत्ति	१००,०००	१४२,४८९	४२.४९%	नियमित बैंकिङ्ग कारोवारको कारण
सहायक कम्पनीमा लगानी	१६७,२००	१६७,२०४	०.००%	
सम्बद्ध कम्पनीमा लगानी	१७,९५०	१८,९५२	५.५८%	
लगानी जायजेथा (Investment Property)	१४७,५५०	१९५,५३३	३२.५२%	प्रक्षेपण अनुरुप लगानी जायजेथा बिक्री नभएकाले
जायजेथा तथा उपकरण संयन्त्र	२,३२४,२५०	२,५५४,०५०	९.८९%	
ख्याती र अमूर्त सम्पत्ति	९१,१६०	७५,३२३	-१७.३७%	
स्थगन कर सम्पत्ति	७०,०००		-१००%	नियमित बैंकिङ्ग कारोवारको कारण
अन्य सम्पत्तिहरु	२,०२७,९१०	१,३९१,९९२	-३१.३६%	नियमित बैंकिङ्ग कारोवारको कारण
कुल सम्पत्ति	**१०८,२६७**	**११०,५५१**	**२.११%**	
दायित्व				
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	६,५९४,८५०	३,६८८,९०४	-४४.०६%	नियमित बैंकिङ्ग कारोवारको कारण
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	१,३९४,४८०	५६७,५७७	-५९.३०%	नियमित बैंकिङ्ग कारोवारको कारण
व्युत्पन्न (Derivative) वित्तीय उपकरण				
ग्राहकको निक्षेप दायित्व	८०,१७७,२८०	८८,४९६,२२८	१०.३८%	
तिर्न बाँकी कर्जा सापटी				

चालु कर दायित्व				
व्यवस्थाहरु		५,३०७		
स्थगन कर दायित्व		१३,६१४		
अन्य दायित्वहरु	१,७६८,७२०	१,३८६,९५२	-२१.५८%	नियमित बैंकिङ्ग कारोवारको कारण
निष्काशन गरिएको ऋणपत्र	२,९९०,७३०	२,९७४,३८१	-०.५५%	
सहायक आवद्यिक दायित्वहरु				
कुल दायित्व	**९२,९२६,०६०**	**९७,१३२,९६२**	**४.५३%**	
शेयर पूँजी	८,६२२,१९०	९,०८९,८१७	५.४२%	
शेयर प्रिमियम		४,१२४		
संचित मुनाफा	१,३१९,३८०	९३१,१५७	-२९.४२%	कोभिड-१९ को असरले गर्दा खुद नाफा प्रक्षेपण अनुरुप नभएकाले
जगेडा तथा कोषहरु	३,२०५,४८०	३,३९२,६२२	५.८४%	
शेयरधनीहरुको कुल पूँजी	**१३,१४७,०५०**	**१३,४१७,७२०**	**२.०६%**	
कुल दायित्व तथा पूँजी	**१०८,२६६,६५०**	**११०,५५०,६८३**	**२.११%**	

नाफा–नोक्सान हिसाब

रकम रु. हजारमा

आर्थिक वर्ष २०७६/७७				
विवरण	**प्रक्षेपित वित्तीय विवरण**	**लेखापरीक्षण भएको वित्तीय विवरण**	**फरक (%)**	**२० प्रतिशत भन्दा बढी फरक पर्नुका कारणहरु**
ब्याज आम्दानी	९,८७७,५४०	९,४८९,५२५	-३.९३%	
ब्याज खर्च	(६,७०४,९५०)	(६,६०४,७७२)	-१.४९%	
खुद ब्याज आम्दानी	**३,१७२,५९०**	**२,८८४,७५४**	**-९.०७%**	
शुल्क तथा कमिशन आम्दानी	८३३,५६०	५८२,२१४	-३०.१५%	कोभिड-१९ को असरले गर्दा प्रक्षेपण अनुरुप नभएको
शुल्क तथा कमिशन खर्च	(१०२,५७०)	(५७,७३२)	-४३.७१%	कोभिड-१९ को असरले गर्दा प्रक्षेपण अनुरुप नभएको
खुद शुल्क तथा कमिशन आम्दानी	**७३०,९९०**	**५२४,४८२**	**-२८.२५%**	**माथि उल्लेखित समायोजनको कारण**
खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी	**३,९०३,५८०**	**३,४०९,२३६**	**-१२.६६%**	
खुद व्यापारिक आम्दानी	१५५,७३०	२८१,३३८	८०.६६%	कोभिड-१९ को असरले गर्दा प्रक्षेपण अन'रुप नभएको
अन्य सञ्चालन आम्दानी	९७,०००	१००,१०३	३.२०%	
कुल सञ्चालन आम्दानी	**४,१५६,३१०**	**३,७९०,६७६**	**-८.८०%**	
कर्जा सम्पत्ति तथा अन्य नोक्सानीहरुको क्षय (खर्च)/फिर्ता	७४,७८०	(६४०,१३३)	-९५६.०२%	कोभिड-१९ को असरले गर्दा प्रक्षेपण अनुरुप नभएको
खुद सञ्चालन आम्दानी	**४,२३१,०९०**	**३,१५०,५४३**	**-२५.५४%**	**माथि उल्लेखित समायोजनको कारण**
सञ्चालन खर्चहरु				
कर्मचारी खर्चहरु	(१,०८७,६८०)	(९३५,२५५)	-१४.०१%	

अन्य सञ्चालन खर्चहरु	(५६३,९००)	(५०४,५८०)	-१०.५२%	
ह्रासकट्टी तथा परिशोधन	(१६०,२६०)	(२११,६८५)	३२.०९%	ह्रासकट्टी तथा परिशोधन खर्च प्रक्षेपण अनुरुप नभएको
सञ्चालन नाफा	**२,४१९,२५०**	**१,४९९,०२४**	**-३८.०४%**	
गैह्र सञ्चालन आम्दानी	२५,०००	१६९,७१३	५७८.८५%	गैह्र सञ्चालन कारोवार प्रक्षेपण अनुरुप नभएको
गैह्र सञ्चालन खर्च				
आयकर अघिको नाफा	**२,४४४,२५०**	**१,६६८,७३७**	**-३१.७३%**	**माथि उल्लेखित समायोजनको कारण**
आयकर खर्च				
चालु कर	(७३३,२८०)	(४६९,४४९)	-३५.९८%	कोभिड-१९ को असरले गर्दा खुद नाफा प्रक्षेपण अनुरुप नभएकाले
स्थगन कर		(७८३)		
यस अवधिको नाफा/(नोक्सान)	**१,७१०,९७०**	**१,१९८,५०४**	**-२९.९५%**	**कोभिड-१९ को असरले गर्दा प्रक्षेपण अनुरुप नभएको**

दरबारमार्ग, काठमाडौं।
फोन नं.: ४४१९८०५,७
फ्याक्स नं.: ४४१०१५९
Site: www.nrb.org.np
Email: bsd@nrb.org.np
पोष्ट बक्स:७३

नेपाल राष्ट्र बैंक
बैंक सपरिवेक्षण विभाग

प.सं: बै.सु.वि./अफसाइट/एजिएम/ ०६ /२०७७-७८ मिति : २०७७/०७/२७

सिटिजन्स् बैंक इन्टरनेसनल लिमिटेड,
नारायणहिटी पथ, काठमाडौं।

विषय: लाभांश घोषणा/वितरण तथा वित्तीय विवरण प्रकाशन सम्वन्धमा।

महाशय,

त्यस बैंकबाट पेश गरिएका वित्तीय विवरण तथा अन्य कागजातका आधारमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४७ को उपदफा (२) का प्रावधानहरु पालना गरेको देखिएको हुँदा, ऐ. ऐनको उपदफा (१) बमोजिम बैंकले सञ्चित नाफामा रहेको रकम रु.९३,११,५६,९४६।– बाट शेयरधनीहरुलाई रु.२७,२६,९४,५१८।६९ (अक्षरेपी सत्ताइस करोड छब्बिस लाख चैरानब्बे हजार पाँच सय अठार र पैसा उनन्सत्तरी मात्र) बराबरको नगद लाभांश (लाभांश कर समेत) र सहयोगी विकास बैंकसँग मर्जर पश्चात् उत्पन्न Bargain Purchase Gain को रकम रु.९,०८,७९,३८४।-, शेयर प्रिमियममा रहेको रु.४१,२४,४०२।- र संचित नाफाबाट रु.६३,२१,८१,५९,७१८ गरी जम्मा रु.७२,७१,८५,३८३।८ (अक्षरेपी बहत्तर करोड एकहत्तर लाख पचासी हजार तीनसय त्रियासी र पैसा अठार मात्र) बराबरको बोनस शेयर गरी कूल जम्मा **रु.९९,९८,७९,९०१।८७ (अक्षरेपी उनान्सय करोड अन्ठानब्बे लाख उनासी हजार नौ सय एक पैसा सतासी मात्र)** लाभांश अन्य प्रचलित कानूनी व्यवस्थाको समेत पालना गर्ने गरी कर दाखिला गर्ने दायित्व त्यस बैंकको हुने गरी वार्षिक साधारण सभाबाट स्वीकृत भएको अवस्थामा मात्रै वितरण गर्न स्वीकृतिका साथै आ.व. २०७६/७७ को वार्षिक हिसाब वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ देहायका निर्देशन सहित सार्वजनिक गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

१. प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन तथा सो उपर व्यवस्थापनको जवाफमा उल्लेख गरिएका सम्पूर्ण कैफियतहरु पूर्ण रुपले सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने आवश्यक व्यवस्था मिलाउनु हुन ।
२. यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशनको निर्देशन नं. १० को बुँदा नं. ७ बमोजिम इजाजतपत्र प्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्तापुँजीको बढीमा १ प्रतिशतसम्म मात्र लगानी गर्न सकिने व्यवस्था रहेकोले उल्लिखित सीमाभन्दा बढी शेयर धारण गर्ने संस्थापक शेयरधनीहरु रहेमा ती संस्थापक शेयरधनीहरुले आफ्नो

नेपाल राष्ट्र बैंक
बैंक सपरिवेक्षण विभाग

दरबारमार्ग, काठमाडौं।
फोन नं.: ४४१९८०५,७
फ्याक्स नं.: ४४१०१५९
Site: www.nrb.org.np
Email: bsd@nrb.org.np
पोष्ट बक्स:७३

शेयर सो सीमाभित्र नल्याएसम्म प्रस्तावित नगद लाभांश तथा बोनस शेयर वितरण रोक्का राख्ने व्यवस्था मिलाउनु हुन ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ११ को उपदफा ३ मा बैंकको चुक्ता पूंजीको २ प्रतिशत भन्दा बढी शेयर धारण गरेका संस्थापकहरुले आफुले धारण गरेको शेयर बिक्री तथा धितो बन्धक राख्दा नेपाल राष्ट्र बैंकको स्वीकृति लिनु पर्ने व्यवस्था रहेकोले नेपाल राष्ट्र बैंकको स्वीकृति नलिई आफुले धारण गरेको शेयर धितो बन्धक राखी अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा उपयोग गरेका संस्थापक शेयरधनीहरु रहेमा ती संस्थापक शेयरधनीहरुलाई सोको स्वीकृति नलिएसम्म वा शेयर धितो बन्धक राखी उपयोग गरेको कर्जा पूर्ण रुपमा चुक्ता गरी शेयर फुकुवा नगरेसम्म प्रस्तावित नगद लाभांश एवं बोनस शेयर वितरण रोक्का राख्ने व्यवस्था मिलाउनु हुन ।

उपरोक्त निर्देशनलाई त्यस बैंकको वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित गर्नुहुन ।

भवदीय,

(पिताम्बर पोख्रेल)
उप-निर्देशक

बोधार्थ :

१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. बैंक सुपरिवेक्षण विभाग, प्रतिवेदन कार्यान्वयन इकाई, सिटिजन्स् बैंक इन्टरनेसनल लिमिटेड ।

बैंकको प्रतिक्रिया:

बैंकले उपरोक्त निर्देशनहरुको कार्यान्वयनको व्यवस्था गरिसकेको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

प्रबन्धपत्रमा गरिएको प्रस्तावित संशोधनको तीन महले

प्रबन्धपत्रको दफा ५(ख) र (ग)मा संशोधनः

क्र. सं.	सम्बन्धित विषय	साबिक व्यवस्था	प्रस्तावित संशोधन	कारणहरु
१.	बैंकको पूँजीको संरचनाः	५. बैंकको पूँजीको संरचना : ५(ख) बैंकको कुल जारी पूँजी रु. ९,०८,९८,१७,२९०/- (अक्षरेपि नौ अर्ब आठ करोड अन्ठानब्बे लाख सत्र हजार दुई सय नब्बे रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरले ९,०८,९८,१७२.९० (नौ करोड आठ लाख अन्ठानब्बे हजार एक सय बहत्तर दशमलव नब्बे) थान साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु. ९,०८,९८,१७,२९०/- (अक्षरेपि नौ अर्ब आठ करोड अन्ठानब्बे लाख सत्र हजार दुई सय नब्बे रुपैयाँ मात्र) हुनेछ । ५(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. ९,०८,९८,१७,२९०/- (अक्षरेपि नौ अर्ब आठ करोड अन्ठानब्बे लाख सत्र हजार दुई सय नब्बे रुपैयाँ मात्र) हुनेछ।	५. बैंकको पूँजीको संरचना : ५(ख) बैंकको कुल जारी पूँजी रु. ९,८१,७०,०२,६७३/- (अक्षरेपि नौ अर्ब एकासी करोड सत्तरी लाख दुई हजार छ सय त्रिहत्तर रुपैयाँ मात्र) हुनेछ। सो पूँजीलाई रु.१००/- का दरले ९,८१,७०,०२६.७३ (नौ करोड एकासी लाख सत्तरी हजार छब्बीस दशमलव त्रिहत्तर) थान साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु. ९,८१,७०,०२,६७३/- (अक्षरेपि नौ अर्ब एकासी करोड सत्तरी लाख दुई हजार छ सय त्रिहत्तर रुपैयाँ मात्र) हुनेछ । ५(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. ९,८१,७०,०२,६७३/- (अक्षरेपि नौ अर्ब एकासी करोड सत्तरी लाख दुई हजार छ सय त्रिहत्तर रुपैयाँ मात्र) हुनेछ।	सञ्चालक समितिवाट प्रस्ताव भए बमोजिम ८ प्रतिशत बोनस शेयर रु. ७२,७१,८५,३८३.१८ (अक्षरेपि बहत्तर करोड एकहत्तर लाख पचासी हजार तीन सय त्रियासी दशमलब अठार रुपैयाँ मात्र) वितरण गर्दा जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले ।

नियमावलीमा गरिएको प्रस्तावित संशोधनको तीन महले

नियमावलीको नियम २९(१) (ङ) मा थप :

क्र. सं.	सम्बन्धित विषय	साबिक व्यवस्था	प्रस्तावित संशोधन	कारणहरु
१.	सञ्चालकहरुको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था	नियमावलिको नियम २९ को उपनियम (१) ङ) अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ। (ई) हाल नभएकोले ।	नियमावलिको नियम २९ को उपनियम (१) ङ) अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ। (ई) सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरु गरी ७ जनाको रु. १००,०००/- बराबरको कोरोना बिमा तथा समितिका अध्यक्ष तथा सदस्यहरु र तिनको परिवारको समेत गरि रु. ३००,०००/- बराबरको पारिवारिक औषधी बिमा प्रदान गर्ने ।	नेपाल धितोपत्र बोर्डको मिति २०७७/०४/२२ को कोरोना बिमा सम्बन्धि सुचनाको आधार मा कोरोना भाइरसबाट उत्पन्न हुनसक्ने जोखिमको आर्थिक सुरक्षण प्रदान गर्न सञ्चालकहरुको कोरोना बिमा थप गरिएको र सो को साथ साथै औषधी बिमा थप गरिएको ।

टिपोट (Note)

विभागिय प्रमुखहरू


रवि कुमार रौनियार कार्यकारी अधिकृत-जोखिम व्यवस्थापन तथा अनुपालन विभाग	सुमन मुलेपति प्रमुख-संस्थागत तथा व्यवसायिक बैंकिङ्ग यूनिट
नारायण राज अधिकारी प्रमुख-कर्जा जोखिम विभाग-सहवित्तीयकरण/पूर्वाधार कर्पोरेट/एस.एम.ई.	अमित खनाल प्रमुख-उपभोक्ता बैंकिङ्ग यूनिट
रोमन प्रधानांग प्रमुख-सूचना प्रविधि विभाग	रोशन मल्ल प्रमुख-सहवित्तीयकरण/पूर्वाधार बैंकिङ्ग यूनिट
रोशन मानन्धर प्रमुख-रिटेल बैंकिङ्ग विभाग	स्मिता पन्त प्रमुख-मानव संसाधन विभाग
तुलसी राज रिजाल प्रमुख-एस.एम.ई. यूनिट	अनित सापकोटा प्रमुख-लेखा परीक्षण विभाग
सुरेश प्रसाद थपलिया प्रमुख-ट्रेड प्रशासन विभाग	सुयश कुमार पौडेल प्रमुख-ट्रान्जेक्सन बैंकिङ्ग विभाग
अंगिस श्रेष्ठ प्रमुख-ट्रेजरी विभाग	आकांक्षा बस्नेत कार्यकारी वित्त अधिकृत
प्रशान्त बिक्रम खड्गी प्रमुख-सञ्चालन विभाग	विनय रौनियार प्रमुख-कर्जा जोखिम विभाग - उपभोक्ता बैंकिङ्ग यूनिट
हरि बाबु थापा प्रमुख-कर्जा प्रशासन विभाग	पारस बिक्रम थापा प्रमुख-निक्षेप प्रवर्द्धन विभाग
नबिन्द्र नापित प्रमुख-कर्जा असुलि विभाग	केदार अधिकारी प्रमुख-कानून विभाग
दिकेन्द्र राम कसजु प्रमुख-सामान्य सेवा विभाग	विष्णु मान श्रेष्ठ प्रमुख-रेमिट्यान्स विभाग
नीतिका घिमिरे प्रमुख-कर्पोरेट कम्युनिकेसन विभाग	सदिक्षा ज्ञवाली प्रमुख-क्रेडिट कार्ड विभाग
भावना ओझा प्रमुख-अनुसन्धान तथा विकास	उदय राज केसरी इन्चार्ज-कार्ड विभाग
नितु बडगामी इन्चार्ज-डिम्याट/आस्बा यूनिट	सुजाता सुवेदी इन्चार्ज-शाखा रहित बैंकिङ्ग यूनिट
सुबी महर्जन इन्चार्ज-इ बैंकिङ्ग यूनिट	

प्रदेश प्रबन्धक/शाखा प्रबन्धक/इन्चार्जहरू

प्रदेश नं. १ – प्रदिप सेढाई (प्रदेश प्रबन्धक)			
पुष्कर कोइराला दमक	लोकनाथ निरौला हल्दिबारी	सुव्रत रोय धरान	दीप प्रकाश राई शहीदभूमी
विशाल दाहाल ईटहरी	राजु निरौला विर्तामोड	हरि बहादुर खत्री माङ्सेबुंग	सन्तोष लामिछाने भोजपुर
विपिन पौडेल गाईघाट	वय कुमार राई लिखुपिके	रुपेश राजबंशी कञ्चनबारी	भरत घिमिरे सलकपुर, मोरङ्ग
प्रकाश नेपाल विराटनगर			
प्रदेश नं. २ – दिवस सिंह ठकुरी (प्रदेश प्रबन्धक)			
मुक्तिनाथ तिम्सिना (शाखा संयोजन अधिकृत–जनकपुर क्लस्टर)			
विशाल लाल श्रेष्ठ बर्दिवास	जय प्रकाश साह औरही	श्याम महासेठ रामानन्दचोक, जनकपुर	दिलिप कुमार श्रेष्ठ गौशाला
मुकेश यादव बर्दिवास	विकल्प नेपाल कोल्हवी	दशरथ साह भानुचोक, जनकपुर	अहिष कटुवाल पथलैया
शनी खतिवडा वीरगञ्ज	इन्द्र प्रसाद गौतम निजगढ	राजेन्द्र थापा क्षेत्री महेन्द्रनगर, धनुषा	सञ्जय कुमार पण्डित विद्यापति चोक, जनकपुर
विवेक कुमार झा यदुकुवा	सन्दिप कुमार पाण्डे रामगोपालपुर	सञ्जीव कुमार मिश्र जलेश्वर	अजित कुमार ठाकुर सबैला
सुजित कुमार झा पिपरा	कृष्ण कुमार ठाकुर सम्सी	अशोक कुमार यादव गौशाला-२	फाल्गुनी ढुङ्गाना धनुषाधाम
सुजित राज पाण्डे लोहरपट्टी			
बागमती प्रदेश – अखिल देवकोटा (प्रदेश प्रबन्धक)			
मनिषा कर्ण ग्वार्को	अशोक थापा हेटौडा	मिन बहादुर भण्डारी मैतिदेवी	मनोज अधिकारी चावहिल
सुरज कुमार न्यौपाने दरवारमार्ग	सुदीप अधिकारी सिनामंगल	अर्जुन श्रेष्ठ कपन	मधुसुदन चौलागाई कुमारीपाटी
दिपक चित्रकार थापाथली	धुव्र सुवेदी थानकोट	निरेश ढुङ्गेल लामबगर	रविन्द्र पौडेल मनहरी
सुवर्ण बुढाथोकी नारायणगढ	महेश कार्की ठिमी	सुधिर रेग्मी डिल्लीबजार	दीपक कुमार श्रेष्ठ बौद्ध
अमृत लामा सुनापाती	अशोक कुमार चौधरी हरिहरपुरगढी	सुवास पौडेल तिमाल	कृष्ण प्रसाद धिताल देवीघाट
चिरन बादे श्रेष्ठ कीर्तिपुर	अमित कुमार बस्नेत भैंसेपाटी	राज श्रेष्ठ कुलेश्वर	दिवश कसजु महावौद्ध

निर्मल प्रसाद गौतम कमलादी	सरोज भट्टराई कोटेश्वर	प्रलेश चित्रकार ठहिटी	मनिषा थापा कुपण्डोल
सुमिना श्रेष्ठ नयाँबजार	सुरेश काराखेती नारायणगोपाल चोक	निपेश श्रेष्ठ कलंकी	रिमा राजवंशी न्यूरोड
पुस्कर कार्की चरिकोट	सचिन्द्र हरि सुवेदी टाँडी	विजोय भक्त प्रधान बनेपा	ईन्द्र कसुला भक्तपुर
रचना खतिवडा टोखा	सोमी मल्ल नयाँ बानेश्वर	कृष्ण बहादुर साउद सामाखुशी	सुभाष कुमार झा सिन्धुली
गण्डकी प्रदेश – बिनोद भण्डारी (नि. प्रदेश प्रबन्धक)			
अरुण अधिकारी सिमलचौर	संजय घिमिरे बाग्लुङ	जीवन बोगटी बेनी	विनोद भण्डारी न्यूरोड, पोखरा
दिपक अधिकारी चामे	अनुप अधिकारी भोटेओडार	श्याम हरि तिवारी हस्पिटलचोक, पोखरा	
लुम्बिनी प्रदेश – धिरज राज जोशी (प्रदेश प्रबन्धक)			
गोविन्द देव पन्त नेपालगञ्ज	पवन काजी खत्री घोराही	सुशान्त बल्लभ पन्त सिद्धार्थनगर	दिनेश कुमार ढुङ्गाना बढैयाताल
अमित घिमिरे सानोश्री	कपिल पोखरेल बुटवल	मधु खनाल भुमही	बाल कृष्ण पोखरेल भिम्रुक
गणेश न्यौपाने छहरा	दुर्गा बहादुर डाँगी भुमे	स्मिता पाण्डे जीतपुर	सुनिल कुमार बम बंगलाचुली
विनोद कुवँर कोहलपुर	हिमाल भुषाल तुलसीपुर		
कर्णाली प्रदेश – विनय गौतम (प्रदेश प्रबन्धक)			
केशाङ्ग लामा सिमिकोट, हुम्ला	प्रकाश महत सुर्खेत	अरबिन्द रेग्मी जाजरकोट	हेमराज हमाल नाम्खा, हुम्ला
क्षेत्र प्रताप रावत जुम्ला	कलम सेजुवाल गमगढी, मुगु	नविन कुमार बोहोरा डोल्पा	पृथी बहादुर डाँगी जुफाल
अर्जुन रावल सार्केगाड, हुम्ला			
सुदुरपश्चिम प्रदेश – संजय पुन (प्रदेश प्रबन्धक)			
मञ्जु पाठक धनगढी	सुम्निमा ठकुल्ला ढकारी	प्रकाश घिमिरे महेन्द्रनगर	दिलिप उपाध्याय मोहन्याल
मीन राज अवस्थी सुखखड	समीर कुमार चौधरी अत्तरीया	बम बहादुर बुढा बझाङ्ग	

CBIL NETWORK



BRANCH OFFICES

PROVINCE 1 - 13 Branches
PROVINCE 2 - 21 Branches
BAGMATI PROVINCE - 40 Branches
GANDAKI PROVINCE - 7 Branches
LUMBINI PROVINCE - 14 Branches
KARNALI PROVINCE - 9 Branches
SUDUR PASHCHIM PROVINCE - 7 Branches
TOTAL BRANCHES - 111 Branches



भारतको नयाँ दिल्लीमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र भारतस्थित मेदान्त मेडिसिटि अस्पताल बीच सिटिजन्स बैंकका कार्डवाहक ग्राहक महानूभावहरुलाई अस्पतालको सेवा शुल्कमा १५% सम्म छुट दिने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ।

आ.व. २०७६/७७ मा बैंकमा भएका गतिविधिहरू



कोरोना भाइरसको रोकथामका लागि सरकारले घोषणा गरेको 'कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोष' मा बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत प्रत्येक प्रदेश सरकार अन्तर्गतको कोषमा रु. ७ लाखका दरले रु ४९ लाख प्रदान गर्दै ।



आसमान नामक गैर सरकारी संस्थालाई आर्थिक सहयोग स्वरुप रु. १००,०००/- प्रदान गर्दै ।



धरान स्थित श्री पूर्वाञ्चल ज्ञानचक्षु विद्यालयलाई दृष्टिविहिन, न्यूनदृष्टि लगायत बहुअपाङ्ग बालबालिकाहरुको लागि गुणस्तरीय शिक्षा प्रदान गर्न रु. ८०,०००/- को आर्थिक सहयोग प्रदान गर्दै ।



बर्दिवास नगरपालिकाको वार्ड नं ३, भब्सी, महोत्तरी स्थित श्री राष्ट्रिय आधारभूत विद्यालयलाई शैक्षिक सामग्रीको खरिद गर्न रु. ८०,०००/- को आर्थिक सहयोग प्रदान गर्दै ।



म्याग्दी जिल्लाको बेनी नगरपालिको – ९ तोरीपानी स्थित श्री गलेश्वर माध्यमिक विद्यालयलाई आर्थिक सहयोग स्वरुप रु. ५०,०००/- प्रदान गर्दै ।



जाजरकोट स्थित श्री त्रिभुवन माध्यमिक विद्यालयलाई शुद्ध खानेपानीको व्यवस्था गर्न आर्थिक सहयोग स्वरुप रु. १००,०००/- प्रदान गर्दै ।

व्यवस्थापन समूह



गणेश राज पोखरेल
प्रमुख कार्यकारी अधिकृत



बोधराज देवकोटा
नायव-प्रमुख कार्यकारी अधिकृत/सूचना अधिकारी



सुमित बाबु खत्री
नि. नायव-प्रमुख कार्यकारी अधिकृत



रामधन श्रेष्ठ
सहायक-प्रमुख कार्यकारी अधिकृत/
आन्तरिक लेखा परीक्षण विभाग



पारस कुमार काफ्ले
सहायक-प्रमुख कार्यकारी अधिकृत



राजेन्द्र लाल श्रेष्ठ
सहायक-प्रमुख कार्यकारी अधिकृत/
कम्पनी सचिव



उमंग शर्मा
सहायक-प्रमुख कार्यकारी अधिकृत/प्रवक्ता/
गुनासो सुन्ने अधिकारी



संजीव कुमार श्रेष्ठ
प्रमुख सूचना प्रविधि अधिकृत



प्रमेश राज कायस्थ
प्रमुख वित्त अधिकृत

www.ctznbank.com



सिटिजन्स

घर कर्जा

खुशी आफ्नै घर हुनुको...

सिटिजन्स घर कर्जा

बिशेषताहरू:

- सरल मासिक भुक्तानी
- २५ वर्षसम्मको समयावधि
- ३ कार्य दिन भित्र निर्णय हुने
- नि:शुल्क Credit Card

Online आवेदन दिनका लागि
माथि दिईएको QR Code Scan गर्नुहोस् ।

थप जानकारीका लागि बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पूर्ण बैंकिङ्ग सुविधाका लागि TOLL FREE 1660-01-66667